# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

संसारबाट दासयुगको अन्त्य भएको पनि कैंयौ वर्ष वितिसक्यो । सामन्तीवादी युगले नेटो काटेको पनि आधा शताब्दी पुगिसक्यो तर दक्षिण एसियाको हिन्दु समाज आज पनि दास युग र सामन्ती युगका क्रूर कुरूप अवशेषलाई काँधमा बोकेर बाचिरहेको छ । दासयुगमा जग हालिएको अनि सामन्तवादी युगमा व्यवस्थित रूपमा क्रूर बनाइएको हिन्दू धर्ममा आधारित वर्णव्यवस्थाको अथाह शोषण, उत्पीडन र अपमान बिच शुद्ध दास योनि, अछुत आदि अपमानपूर्ण पदावलीले हेपिरएको दक्षिण एसियाका करिब २५ करोड भन्दा बढी दलित आज पनि आसु र आक्रोश मिश्रित भाकामा हरेक शासन व्यवस्था सामु यही गीत गाउन बाध्य छन् (आहुति, २०६७ :५) । जातीय विभेद खासगरी हिन्दु समाजमा बढी देखिएको पाइन्छ । दलित जातिहरू प्राचीन समयदेखि नै कुल घरानका परिवारको सहयोगका रूपमा अर्थात उनीहरूको सेवा गर्दै आएको कारण र जीवन निर्वाह पनि उनीहरूले प्रदान गरेको सुविधामा निर्भर रहने भएकोले हालसम्म पनि दलित भएर बस्न परेको छ । उनीहरूको सम्पूर्ण जीवन ती सामन्तीहरूको सेवामा नै व्यथित गरेकोले उनीहरूले आफ्ना व्यक्तित्व विकास गर्न नसकेको उनीहरू दलित कै रूपमा रहन बाध्य भएको देखिन्छ ।

दक्षिण एसिया संसारकै प्राचीन सभ्यता स्थलमध्ये एउटा हो । तर यही भूमिमै विश्वका करिब ५/६ प्रतिशत मानिस दलितका रूपमा आज पनि आफ्नै श्रमद्वारा सिर्जित भव्य ज्ञान र सभ्यताको वैभवको उपयोगबाट बञ्चित छन् । दक्षिण एसियामा रहेका हिन्दुधर्मी वा हिन्दु धर्मबाट प्रभावित विभिन्न जातीय, संस्कृति र परम्परा उस्तै हुँदा हुँदै पनि ती हरेक समुदायका दलितलाई आफ्नै भुमिको दार्शनिक ज्ञानबाट बञ्चित गरिएको छ । आफ्नै आस्थाको मन्दिरमा प्रवेशमा, धर्म तथा परम्पराका कयौँ अनुष्ठानमा बन्देज लगाइयो । समाजका सबैभन्दा फोहोर र सबैभन्दा कठिन पेशा उनीहरूकै पेशामा पारियो तर सबै अधिकारबाट सधै बञ्चित राखियो । संसारमा थुप्रै परिवर्तनका हुरी आए र तिनले थुप्रै उत्पीडित जातिलाई मुक्त पार्दै गए तर एक्काइसौँ शताब्दीसम्मको मानव मुक्तिका

महायात्राले समेत दलितलाई भने मुक्त र सम्मानित मानव जीवन दिन सकेन (आहुति, २०६७ :५–६) । हिन्दू समाजमा वर्णव्यवस्थाको अवधारणा अन्तर्गत परम्परादेखि अछुत बनाइ पानी नचल्ने भनिएको जातिलाई दलित जाति भनि सम्बोधन गर्ने परम्परा बसी सकेको छ । जसले गर्दा समाजमा जातीय विभेदले चरम विन्दुमा पुगेको छ । रगत, श्रम, सीप चल्ने र पानी नचल्ने दलित जाति समाजका महत्वपूर्ण समुदाय हो ।

हिन्दू धर्मबाट प्रभावित नेपाली समाजको इतिहास केलाउँदा जातपात र छुवाछुतको प्रचलन प्रारम्भदेखि नै रहेको देखिदैन । यो प्रचलन नेपाली समाजको आफ्नो परम्परा र मान्यता नभई सिन्धुगंगा मैदामा बस्ने कट्टर वैदिक हिन्दूबाट पछि ग्रहण गरिएको व्यवस्था हो । सन् २०० मा किरात कालको अन्त्य भयो तर त्यसबेला सम्म पनि नेपालमा जातपात र छुवाछुत प्रथाको प्रारम्भ भएको आधार भेटिदैन(आहुति, २०६७ : ७) । धर्मको आधारमा जाति व्यवस्था र जातिका आधारमा पेशा व्यवसाय, जात, देश र पेशाकै आधारमा प्रचलित जातीय भेदभाव र छुवाछुतको सामाजिक व्यवहारलाई शासकीय इतिहासको मध्यकालिन सामन्ती शासकहरूले छुवाछुत र हिन्दू वर्णाश्रममा आधारित जातपात प्रथालाई विस्तार गरेको पाइन्छ ।

मानव जातिको विकासको क्रममा समाजमा बस्ने मानिसले गर्ने कामको आधारमा मानिसलाई ४ वर्ण ब्राह्मण, क्षेत्री, वैश्य र सुद्रका रूपमा विभाजन गरिएको वेद, उपनिषद र पुराणमा उल्लेख छ । कामी वा विश्वकर्मा पनि चौथो वर्णसँग सम्वन्धित छ । यिनीहरूको काम समाजमा तल्लो स्तरको मानिएकोले माथिल्लो जातका मानिसहरूले कामीलाई अछुत जातिको रूपमा व्यावहार गरेको पाइन्छ । ब्राह्मण जातिले कामीलाई घरभित्र पस्न त के यिनीहरूलाई छोएपनि छोइछिटो हालेर मात्र ब्राह्मण मानिस आफ्नो घरभित्र पस्ने गर्दछन् । कामी जाति बसेको ठाउँ पनि अपवित्र हुने उनीहरूको मान्यता रहेको पाउन सकिन्छ । ब्राह्मण, क्षेत्रीले कामी जातिलाई हेर्ने दृष्टिकोणमा पनि विविधता पाउन सकिन्छ । जस्तै कामी जातिलाई अछुत, छोइछिटो हाल्नु पर्ने, पिछडिएको दलित जाति जस्ता उपमा दिएर उनीहरूले हेर्ने गर्दछन् (शर्मा १९८८:७-२१) ।

ऋगवेदमा ब्राह्मणहरू परमात्माको मुखबाट, क्षेत्रीहरू बाहुबाट, वैश्यहरू तीघ्राबाट र सुद्रहरूको उत्पत्ति पैतालाबाट भएको हो भन्ने उल्लेख छ । मनुस्मृतिमा मनुले ४ वर्णको कार्य विभाजनबारे वर्णन गरेका छन् जसअनुसार ब्राह्मणले वेद पढ्नु, पढाउनु, दान

लिनुदिनु, यज्ञ गर्नु गराउनु, क्षेत्रीले प्रजाको रक्षा गर्न, देशलाई विपत्तिबाट संरक्षण गर्नु, दान गर्नु, यज्ञ गर्नु, वैश्यले वाणिज्य, व्यवसाय तथा कृषि कार्य गर्नु र सुद्रले आफूभन्दा माथिका तीनै वटा वर्णको सेवा गर्नुपर्ने कुरा मनुस्मृतिमा उल्लेख गरेको पाइन्छ (बराल, २०४४ :१३-१८) । नेपाल एक बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक, बहुधार्मिक मानिसहरूको बसोबास रहेर आएको मुलुक हो । जहाँ समानता र असमानताबीच बाँचेका विभिन्न जातजातिको तथा जनजातिको मुख्य मूल्य र मान्यतालाई उजार गर्ने साझा फुलबारी हो । सन् २०१६ को जनगणनाअनुसारनेपालमा १२५ किसिमका जातजाति रहेका छन् । ती सबै जातिका आफ्नै संस्कार, आफ्नो परम्परागत वंशका आधारमा जातीय व्यवस्था मान्दै आएका छन् ।

हिन्दु समाजमा रहेको एउटा समुदाय मध्ये पहाडि दलित कामी जाति पनि एक हो । नेपालको कुल जनसंख्याको १३.२ प्रतिशत दलित जनसंख्या दलितको रहेको छ भने मानव विकास सुचाङ्क ०.४३४ रहेको छ । नेपालको कुल जनसंख्याको करिब ४.८ प्रतिशत अर्थात १२,५८,५५४ कामी जातिको जनसंख्या रहेको छ । जुन नेपालको क्षेत्री, बाहुन, मगर, थारु, तामाङ्ग, नेवार पछि सातौ ठूलो जाति पर्दछ । जसमध्ये ग्रामीण क्षेत्रमा ११,३०,०७५ र शहरी क्षेत्रमा १,२८,४७९ संख्यामा रहेका छ । त्यसैगरी पाल्पा जिल्लामा पनि कामी जाातीको बसोबास भएको जिल्ला हो । पाल्पा जिल्लाको कुल जनसंख्या २,६६१,१८० मध्य कामी जातीको जनसंख्या १७,५६२ अर्थात् ६.७२ प्रतिशत रहेको छ । यो जनसंख्या पाल्पा जिल्लाको जातीगत जनसंख्यालाई अध्ययन गर्दा कामी जाती, मगर, ब्रामहण, क्षेत्रीपछिको चौँथो ठूलो जाती हो । यहाँ मगरको जनसङख्या १,३६,५८८ अर्थात् ५२.२९ प्रतिशत, ब्राम्हणको ४५,६०८ अर्थात् १७.४७ प्रतिशत र क्षेत्रीको २०,६२८ अर्थात् ७.८९ प्रतिशत रहेको छ ( CBS,2011) ।

यसरी हेर्दा कामी जातिको संख्या पाल्पा जिल्लामा चौथो स्थानमा रहेको देखिन्छ । मानब विकास सुचांकको अवस्था पनि कमै देखिन्छ । बसाइको हिसाबले पनि शहरमा भन्दा ग्रामिण क्षेत्रमा बढी छ । यसबाट पनि कामि जातिको आर्थिक अबस्था कमजोरी रहेको ,सेवा सुबिधा,शहरीया वातावरणको प्रभाव जस्ता कुराको उपयोगको पहुचमा नपुगेको अनुमान गर्न सकिन्छ ।

रगत चल्ने, श्रम चल्ने तर पानी नचल्ने दलित समुदाय सीप, कला र कौशलको धनी समुदाय हो । देशको यति ठूलो हिस्सा ओगट्ने पेशागत दक्षता र कलाको धनी यस

समुदायको राज्य निर्माणमा आफ्नै ठूलो भूमिका रहेको छ । जसको सहभागिता संगित तथा मनोरञ्जन, सफाइ सेवा र विभिन्न सिल्पकारिका काम नै नेपालका दलितहरूको परम्परा हो । वास्तवमा जात शब्दले त्यही पेशा जनाउँदछ । यस अनुसार खस समुदायअर्न्गात नेपाली भाषी कामी जातले फलामका ज्वालल, सुनको गहना, चुनारा बनाउने, ज्याला मजदुरी काम गर्ने, बालीघरे काम गर्ने गरेको देखिन्छ (इन्सेक, २०५३) । वास्तवमा कामी जातिको पेशा अत्यन्तै महत्वपूर्ण र सिल्पकारी छ । समाजमा यस जातिको अत्यन्तै महत्व रहेको छ । पेशा त खासगरी मानिसको जीवनयापन संचालन गर्न र जीवनलाई व्यवस्थित पार्ने एउटा कार्य हो । आफ्नो जीवनलाई संचालन कार्यलाई निरन्तर गर्नका लागि पुर्खाहरूले गर्दै आएका कामहरू अगाली तिनीहरूको आवश्यकता पुरा गर्दछन् भने कसैले परम्परागत पेशाबाट जीवनलाई गुणस्तरीय बनाउन नसकी नयाँ पेशा पनि गरेको देखिन्छ ।

यसै सन्दर्भमा प्रसिद्ध व्यबसायि तथा उधोगपति रोबर्ट टी. कियोसाकीले पेशालाई परम्परागत र आधुनिक गरी दुई किसिममा विभाजन गरेका छन् । परम्परागत पेशा भन्नाले आफ्नो धर्म संस्कार र मुल्य मान्यतामा आधारित पुर्खाहरूले गर्दै आएका कामहरू, नगदमा आधारित नभएका, अवैज्ञानिक, कम प्रविधियुक्त कामहरू भनी उल्लेख गरेका छन् । यस्ता काम वा पेशाले मानिसको सामान्य जीवनयापन सञ्चालन गर्न मात्र मदत गर्दछ । आधुनिक पेशा भन्नाले नाफामुलक, निश्चित लगानी गरीएका, व्यवस्थित, वैज्ञानिक र प्रविधियुक्त, उपभोक्ताहरूको सन्तुष्टिलाई समेत मध्यनजर गरी सञ्चालन गरिएका पेशाहरू भनी उल्लेख गरेका छन् । विश्वमा अझै पनि गरिब, निमुखा तथा तल्लो वर्गका समुदाय यस्ता परम्परागत पेशाबाट आफ्नो जीवन निर्वाह गरिरहेका छन् भन्ने उल्लेख गरेका छन् ।उनले समाजमा परेको विज्ञान प्रविधिको प्रभावले मानिसहरू आफ्नो पेशालाई आयमुलक, उत्पादनमुलक, सेवामुखी नाफामुलक र आधुनिकतामा लैजाने प्रयत्न गररिहेका छन् भन्ने कुरा उल्लेख गरेका छन् ( कियोसाकी ,२०११:९५-९९) । यसै क्रममा कामी जातिको पेशामा परिवर्तन आएको छ । उनीहरूले पेशालाई आयमूलक र नाफामूलक बनाउन चाहन्छन् ।

खासगरी पेशा भन्नाले कुनै पनि व्यक्तिले जीवनयापनका निम्ति अगालीएको मुख्य काम, इलम, व्यवसाय वा उद्योग, उद्यम, धन्दा नै हो । जुन मानिसको सभ्यता, विज्ञान, प्रविधि तथा समाजको विकाससँगै विकसित भएको देखिन्छ । मानिसहरू आफ्ना आबस्यकताहरू पूरा गर्नका लागि समय परिवर्तनसंगै पेशाहरूलाई पनि परिवर्तन गर्दछन्

साथै जीवनयापन शैली पनि आधुनिक बनाउदै जान्छन् । समाज परिवर्तनशील छ । परिवर्तन समाजको नियम जस्तै हो । विश्वमा विकास भएका विज्ञान प्रविधि, सोच चिन्तनहरू विभिन्न तरिकाले एक ठाउँबाट अर्को ठाउँमा प्रसा हुने गर्दछन् । यस्ता विकास र परिवर्तनले मीनसको सोचमा र जीवनशैलीमा परिवर्तन ल्याउछ । मानिस एउटा चेतनशील परिवर्तन चाहने स्वतन्त्र प्रणाली भएकोले एक क्षेत्रमा विकास भएका कुराहरू स्वीकारी आफ्नो ठाउँ र जीवनमा प्रयोग गर्दछ ।

आधुनिकीकरणको विकाससँग कुनै पनि समुदायले आफ्नो जीवनलाई सहज बनाउने, शोषणबाट मुक्त हुने, समाजमा स्वतन्त्ररूपमा बाँच्न चाहने, गुणस्तरीय जीवनयापन गर्न चाहने प्रवृत्तिमा परिवर्तन हुन थाल्यो र समाजमा रहेका शोषणमा विभेद, औपनिवेशिक जस्ता कुरा निर्मुल हुन लागेको छ । मानिसहरू आफ्नो इच्छा अनुसार पेशा व्यवसाय, संस्कार, मूल्य र मान्यतालाई विकास गर्न लागेको देखिन्छ । यसै अनुरूपका कानुन बनेका छन् । सामाजिक जनमत बढ्दै गएको छ, बाह्य सम्पर्क दायरा पनि बढेको छ । यही सन्दर्भमा परम्परागत पेशामा परिवर्तन आउने अवस्था सिर्जना भएको छ ।

यसै सन्दर्भमा नेपाली समाजमा प्राचीनकालिन समयदेखि दलित कामी जातिले गर्दै आएका फलाम, तामा, सुनका विभिन्न सरसामान बनाउने काममा समेत परिवर्तन देखा परेका छन् । प्राचीन कामी समुदायहरू आफ्नो जीवनयापन सञ्चालन गर्न परम्परागत शैलीमा कोही फलामका औजारहरू बनाइ बाली प्रथाको आधारमा ज्याला लिन्थे । कोही गरगहनाहरू बनाउथे । कोही ठुलोजातिको काम गरी ज्यान परिवार पाल्ने गर्थे तर यो प्रचलन अझै पनि समाजमा रहेको त छैन तर यसमा केही परिवर्तन भने भएको देखिन्छ ।

वर्तमान समयमा कामी जातिहरू समाजमा घुलमिल हुन, समान हैसियत कायम गर्न, पहुँच वृद्धि गर्न, आर्थिक उन्नती गर्नु, अन्य जाति ब्राहमण, क्षेत्रीले जस्तो पेशा व्यवसाय गरेको देखिन्छ । त्यती मात्रै नभई समाजमा तिनीहको पुर्खौली पेशामा परिवर्तन भएको पाइन्छ । खासगरी पुरानो पेशाबाट जीवन गुजारा गर्न कठिन परेकोले उनीहरू आधुनिक पेशा वा वैकल्पिक पेशा गर्न लागेको देखिन्छ । यसै सन्दर्भमा यो अध्ययनले वल्डेङगढी पाल्पाका कामीजातिको वर्तमान पेशाको अवस्था बुझ्दै परिवर्तनका कारण र प्रभाव पत्ता लगाउने कार्य गरेको छ ।

## १.२ समस्या कथन

समाज परिवर्तनशील छ, परिवर्तन र गतिशीलता समाजको नियम जस्तै हो । परिवर्तन नहुदो त यो समाज ढुङगे युगबाट आधुनिक युगसम्म आइपुग्ने थिएन । मानिस एउटा स्वतन्त्र, परिवर्तनशील, चेतनशील प्राणी हो । वर्तमान नेपाली समाज आधुनिकीकरण, प्रविधिको विकास, उदार अर्थतन्त्र, राजनैतिक क्रान्ति र चेतनाबाट प्रभावित भएको देखिन्छ । हुनत विश्वका विकसित भएका कुराहरू कुनै न कुनै माध्यमबाट अविकसित मुलुकमा प्रसारण हुने गर्दछ । जसले समाजलाई परिवर्तन गर्न टेवा गरेको छ । आधुनिकताको प्रभावले गर्दा सबै मानिसहरू आफ्नो जीवनयापनलाई गुणस्तर बनाउने अभियानमा लागि परेका छन् । यसले नेपाली समाजका विभिन्न समुदायका विभिन्न जातिहरूलाई विभिन्न पक्षमा प्रभाव पारिरहेको छ । यसमध्ये पेशालाई पनि प्रभाव पारिरहेको देखिन्छ । समाजमा विभिन्न समुदायका मानिसहरूले गर्ने पेशाहरूमा परिवर्तन देखापरेको छ । त्यसैगरी कामी जातिको पेशामा पनि परिवर्तन भएको पाइन्छ । उनीहरूले आफ्नो जातिगत पुर्खौली पेशाबाट अलग भई आधुनिक पेशातर्फ आकर्षित छन् । यसरी पेशा किन बदलिदो रहेछ बुझ्नुतर्फ यो अध्ययन केन्द्रित छ ।

कामी जातिहरू नेपालका अधिकांस जिल्लामा बसोबास गरेको पाइन्छ । नेपालको दलित जातिमा गणना हुने यो जातिका मानिहरू छिमेकी वा गैरदलित टाठा बाठा मानिसहरूबाट ठगिरै आएका हुँदा सकभर उनीहरूको सम्पर्कमा आउने नगरे तापनि उनीहरू आफ्नो बालीघरे विष्टका हसिया, कोदालो, दाउ, खुकुरी वा अन्य भाँडाकुडा बनाउने र सो सामान अन्य जाति कहाँ पुऱ्याउने गर्दा सम्पर्कमा आउने गर्दथे यस्तै कार्यबाट जीवन सञ्चालन गर्दथे तर वर्तमान समयमा तिनीहरूका त्यस्ता कार्यहरू वा पेशाहरू विस्तारै परिवर्तन हुदै आएको देखिन्छ । शिक्षाको विकास, वैदेशिक रोजगारको अवसर तथा नागरिक चेतनाको दर बढ्दै जाँदा परम्परागत पेशामा सिमित भएर रहनुपर्ने अवस्था कामी जातिका रहेको देखिन्छ । समाजको बहुआयामिक गतिसिलताले पेशाका प्रकृतिमा पनि परिवर्तन ल्याउछ । पुरानै पेशाबाट जीविकोपार्जनमा कठिनाइ आउँदै जाँदा र बजारमा अन्य पेशाको विकल्पहरू बढ्दै जाँदा पेशाको परिवर्तनलाई सहज हुन्छ । समाजमा जातिय कठोरताहरू प्रतिको लचकताले पनि पेशा परिवर्तनमा सहज गरेको छ ।

समाजमा खासगरि कामी जातिले गर्दै आएको पुर्खौली पेशाहरू फलामको ज्यावल, सुनको गहना, चुनान बनाउने कामहरू गर्न छोडी क्षेत्री, बाहुनले गर्ने पेशाहरू व्यापार, व्यावसाय, सरकारी जागिर, व्यवस्थित पशुपालन, विदेश जाने जस्ता नगदमा आधारित पेशाहरू गर्न लागेको पाइन्छ । जसले गर्दा गाउं घरमा यस्ता काम गर्ने कामिहरू पाइन छोडिसकेका छन् । विशेष गरी यस अध्ययनको प्रमुख समस्या बल्ढेङगढीका कामी जातिको यस्तो पेशा परिवर्तनको अवस्थाले तिनीहरूको जनजीवनमा, सामाजिक, आर्थिक पक्ष के कस्तो परिवर्तन आयो यसको प्रभाव अध्ययन गर्नु हो । कामी सम्बन्धी भएका विभिन्न अध्ययन अनुसन्धानमा उत्त जातिको सामाजिक, आर्थिक, राजनैतिक पक्षहरू र कमजोरीहरू नै देखाइएको छ । कामी जातका मानिसले परम्परागत पेशा परिवर्तन गर्ने लहर चलिरहेको छ । यस सन्दर्भमा पेशा परिवर्तले तिनीहरूमा के कस्तो असर प्रभाव पारेको छ भन्ने कुराको अध्ययन गहन देखिन्छ । त्यसैले पेशा परिवर्तनको वर्तमान अवस्थाका र यसको प्रभावको अध्ययन गर्नु आवश्यक ठानी कामी जातिको पेशागत अबस्था अध्ययन गरिएको हो । सामाजशास्त्रीय हिसाबले यो अनुसन्धानको लागि यो समस्या उपयुक्त र आवश्यक देखिन्छ । बदलिदो समाजमा यसप्रकारका परिवर्तन किन र कसरी हुन्छन् र तीनको प्रभाव के कस्तो पर्दछ भन्ने बारेको खोज नै यो शोधपत्रको मुख्य उद्देश्य हो ।

## १.३ अनुसन्धानात्मक प्रश्न

यो अध्ययन निम्न प्रश्नहरूमा आधारित भइ गएिको थियो ।

(क) कामी जातिले परम्परागत पेशा छोडी वर्तमान समयमा के-के पेशा गरेका छन् ?

(ख) कामी जातिले परम्परागत पेशा छोडी हालका पेशा छनोट गर्नुका कारणहरू के-के हुन्?

(ग) परिवर्तित पेशाले कामी जातिको जीवनमा के-कस्तो प्रभाव पारेको छ ?

## १.४ अध्ययनको उद्देश्य

हरेक अध्ययन र अनुसन्धानका आफ्नै प्रकारका मौलिक उद्देश्य रहेका हुन्छन् । यस शोधपत्रको उद्देश्य छहरा रैनादेबी गांउ पालिका ७ बल्ढेङगढीका कामी जातिको पेशामा

आएको परिवर्तनका कारण र प्रभाब अध्ययन गर्नु हो । निम्न विशिष्ट उद्देश्यलाई ध्यानमा राखेर यो शोधकार्य पूरा गरियको थियो ।

(क) बर्तमान समयमा कामी जातीको पेशामा आएको परिवर्तनको अवस्था पहिचान गर्नु ।

(ख) पेसामा आएको परिवर्तनका कारण र प्रभाव पत्ता लगाउनु ।

## १.५ अध्ययनको औचित्य

नेपाललाई विभिन्न जातजातिको संगम स्थलको रूपमा लिन सकिन्छ । किनकि यहाँ विभिन्न जातजातिको महत्व, मूल्य र मान्यता रही आएको पाइन्छ । यहाँका जातिहरूले आफ्नो संस्कृति, रीतिरिवाज, सामाजिक संरचना तथा आर्थिक पक्षको विकास गरेर आफ्नो जातीय पहिचान दिएका छन् । नेपालको वर्तमान समावेशी परिप्रेक्ष्यमा विभिन्न जातजातिको हरेक क्षेत्रहरूमा समान हक र अधिकारको अपेक्षा गरेको हुन्छ । यसैगरी समाजको परिवर्तनसँगै जातिगत पेशा अपनाएका कामी जातिमा किन र कसरी पेशा परिवर्तन हुँदो रहेछ भन्ने बारेको ज्ञान निर्माणमा यस अध्ययनले सहयोग गरेको छ ।

त्यसैले यो पाल्पा जिल्ला छहरा रैनादेबी गाउ पालिका ७ बल्ढेङगढी का कामीहरूको पेशागत परिवर्तन अवस्थाको अध्ययनको औचित्यलाई व्यवहारिक महत्व अनुसार हेरिएको छ । कामी जातिको वर्तमान पेशागतगत अवस्थाको बारेमा अध्ययन गरिएको हुँदा यो जातिको वर्तमान अवस्थाको बारेमा विस्तृत अध्ययन गरिएको छ । किन पेशा परिवर्तन गर्न चाहिरहेका छन ? भन्ने विषयमा व्यवहारिक रूपमा खोजी गर्ने काम यस शोधपत्रले गरेको छ । परिवर्तित सन्दर्भमा पेशामा आउने परिवर्तनको र यसको प्रभाव खोजीले समाजमा अन्य जातका बारेमा पनि खोज गर्न मद्दत पुग्न सक्छ ।

## १.६ अध्ययनको सङ्गठनात्मक स्वरूप

यस अध्ययनको शीर्षक कामी जातिको पेशामा आएको परिवर्तनका कारण र प्रभाव रहेको छ । यस शोधपत्रको औचित्यता यसमा उल्लेख पुरा गर्ने हेतुको यहाँ प्रत्येक परिच्छेदमा विषयहरू समेटिएको छ ।

शोधपत्रलाई ५ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धात्मक प्रश्न, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको संगठनात्मक स्वरूप राखिएको छ भने अध्याय दुईमा सन्दर्भ सामग्रीहरूको पुनरावलोकन अन्तर्गत अध्ययनको सैद्धान्तिक समिक्षा, पूर्ववत अध्ययनको समिक्षा र अवधारणात्मक ढाँचा रहेको छ । अध्याय तिनमा अनुसन्धान विधि र त्यसबाट लिइएको नमुनाको बारेमा उल्लेख गर्दै यस अध्ययनमा प्रयोग गरिएको तथ्याङ्कको स्रोत र प्रकृति तथ्याङ्क संकलनको प्रक्रिया बारेमा उल्लेख गरिएको छ ।

त्यसैगरी अध्याय चारमा तथ्याङ्कको व्याख्या र विश्लेषण अन्तर्गत वर्तमान समयमा कामी जातिको पेशागत अवस्था, पेशा परिवर्तनका कारण र त्यसको प्रभाव उल्लेख गरिएको छ । अध्याय पाँचमा प्राप्ति र निष्कर्ष रहेको छ । अन्त्यमा सन्दर्भसूची र अनुसूची राखिएको छ ।

# अध्याय-दुई

# सन्दर्भ साहित्यको पुनरावलोकन

नेपाल विभिन्न जातजाति र सांस्कृतिक विविधता भएको देश हो । यहाँको भौगोलिक विविधता एवम् सांस्कृतिक अनेकताले गर्दा समाजशास्त्रीका लागि अध्ययन गर्न आकर्षणको केन्द्रभूमि बन्न पुगेको छ । यसै शन्दर्भमा रैनादेवी छहरा ७ बल्ढेङगढी पाल्पाका दलित कामी जातिको अध्ययन गर्दा विभिन्न स्वदेशी तथा विदेशी अनुसन्धानकर्ता तथा विद्वान्हरूका अध्ययन-अनुसन्धान, पूर्वप्रकाशित कृति, पत्रपत्रिका, शोधपत्र, प्रतिवेदन आदिको अध्ययन र विश्लेषण गरी यस अनुसन्धानलाई पूर्णता दिने प्रयास गरिएको छ ।

## २.१ अध्ययनको सैद्धान्तिक समिक्षा

शोधकार्यको निश्चितता, प्राथमिकता, एवम् वैज्ञानिकता पछाडी स्पष्ट सैद्धान्तिक आधारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस शोधकार्यलाई पूरा गर्न आधुनिकीकरणको सिद्धान्तलाई आत्मसाथ गरिएको छ । समाजमा शिक्षा, प्रविधि, उदारता, बजारको दायरा बढ्दै जाँदा पेशामा परिवर्तन आउँछ भन्ने मान्यतामा रहेर यस सिद्धान्तको प्रयोग गरिएको हो ।

समाज परिवर्तनशिल छ । परिवर्तन प्रकृतिको नियम हो । परिवर्तन भन्नाले कुनै सम्बन्धहरू र व्यवहारका सबै संरचनाको स्वरूपमा आउने फरक, फेरबदल वा नयांपन हो । समाजमा हुने आधुनिकताले समाजलाई परिवर्तन र गतिशील बनाउँदछ । आधुनिकवाद आधुनिक विचार विशेषता वा अभ्यास हो । उन्नाइसौं शताब्दीको अन्त्य र विसौं शताब्दीको पूवार्धमा देखा परेको र बिशेषगरी दोस्रो विश्वयुद्ध पछि तीव्र विकास भइ पश्चिमी समाजमा देखा परेको सांस्कृतिक प्रवृत्तिहरू, सांस्कृतिक आन्दोलनसँग गासिएको प्रदर्शन र व्यापक विस्तृत भौतिक रूपमा आएको मौलिक परिवर्तन नै आधुनिकरण हो । परिवर्तनलाई हेर्ने यो विकासका सिद्धान्त मध्ये महत्वपूर्ण सिद्धान्त हो । जसले आधुनिक समाज निर्माण र सामाजिक ,आर्थिक परिवर्तन र विकास गर्न सहयोग गरेको छ । यो परम्परागत संस्कृतिबाट रूपान्तरण भएर नयां रूपधारणा गरेको अवधारणा हो । यो मानिसको प्रवृतिमा आएको फेरबदल हो । यो प्रविधिको आविष्कार हो जसले नया ंप्रविधि औजारका प्रयोग गरी उत्पादन गर्ने उत्प्रेणा दिन्छ । यो यस्तो सिद्धानत हो जसले विकसित समाजका विशेषताहरूलाई

कमविकसित समाजमा अनुसरण गर्नसहयाग गर्दछ यसले परम्परावादी मान्यतामा परिवर्तन गराएर नयां मान्यताको विजारोपण गर्न सहयोग गर्दछ (Eisenstadt,1974:225-27)। यसरी हेर्दा आधुनिकीकरण भनेको सामाजिक सद्भाव, मूल्य मान्यता, आचरण, बानीव्यहोरा, प्रवृत्तिमा आएको सकारात्मक रूपान्तरण हो । यो परम्परावादी समाज रुपान्तरण भएर समाजतर्फ केन्द्रित भएको समाज हो । यसले सामाजिक संरचना परिवर्तन गर्न सहयोग गर्दछ । यही सन्दर्भ कामी जातिको पेशाको परिवर्तनको प्रक्रियामा पनि लागू गरेर हेर्न सकिन्छ ।

आधुनिकरण परम्परावादी सोचको विरुद्धमा आएको अवधारणा हो । यो एक विकसित, विज्ञानमा आधारित दर्शन हो । विश्वभरी चलिरहेको दर्शन हो । यसका प्रमुख सिद्धान्तहरू वा मान्यताहरू वस्तुवादी संसार, सर्वव्यापी सत्य, भौतिकवादी सर्वोच्चता, विश्वको वर्गीकरण, केन्द्रीकरण प्रणाली, पूँजीवाद र साम्यवाद, आमसंस्कृति, आम उपभोग र आमबजार हुन (www.your articles library.com) । यसरी कामी जातिको परम्परागत पेशाबाट आवश्यकता पुरा गर्न कठिन भएको कारण जीवनलाई आधुनिक तरिकाले संचालन गर्न नयाँ पेशा अँगाली आर्थिक पक्षमा प्रगति र उन्नती गरी समाजमा सम्मानित तरिकाले बाँच्ने आधार गर्न लागेको देखिन्छ ।

त्यसैगरी ड्युट्चले आमसञ्चार,शहरीकरण, कृषिप्रणाीमा परिवर्तन, साक्षरता, बसाइसराई प्रतिब्यत्ति आम्दानीमा बृद्धि जस्ता कुरालाई आधुनिकरणका सूचकका रूपमा उल्लेख गरेका छन् (Eisenstadt,1974:228)। कामी जातिमा परम्परागत सोच, कार्य र पेशा जस्ता विभिन्न पक्षको प्रभावपरी गैरदलितले गर्ने पेशामा प्रवेश गरी उनीहरूको शिक्षा, स्वास्थ्य, राजनैतिक, सामाजिक पक्षमा सुधार गर्न लागेको देखिन्छ ।

रोष्टो डब्लु डब्लुले आधुनिकरण भन्नाले "उद्योग, वैज्ञानिक प्रविधिको प्रयोग र अर्थतन्त्रमा औद्योगिकरण ,उत्पादनशील कृषि एवम् डेरी फर्मको विकास, प्राविधिक एवं वैज्ञानिक शिक्षा, सामाजिक, भौतिकवादी जीवनशैली, शहरिकरण र संचारको विकास, खुला र गतिशील सामाजिक प्रणाली " भनी उल्लेख गरेका छन् (रोष्टो, १९६१)। यसरी कामी जातिमा अन्य गाउँमा अन्य जातिले गरेका पेशाहरू देखेर नयाँ किसिमका पेशामा आकर्षित भएको देखिन्छ । सहर, गाउँ र संचारका साधनको विकास, विज्ञान र प्रविधिको विकासको

प्रभाव दलित समुदायमा परेको कारण उनीहरू आफ्नो स्रोत र साधानको उपयोग गरी नयाँ पेशामा प्रवेश गरेको देखिन्छ ।

त्यसैगरी समाजशास्त्री हन्टिङगटनले आधुनिकीरकण मानिसको सोचाइ र क्रियाकलापको समग्र पक्षमा परिवर्तन ल्याउने बहुआयामिक प्रक्रिया हो । जसले मनोवैज्ञानिक तहमा आधारभूत रूपमा मानिसको मूल्य अभिवृद्धि र आकांक्षाहरूमा परिवर्तन ल्याउँछ । सामाजिक तहमा निश्चित भूमिका खेलेको भएका सचेत रूपमा संगठित आधारभूत समूहलाई जोड दिन्छ । आर्थिक दृष्टिमा भिन्नता ल्याउदछ । विकासले सामान्य र विशिष्टीकरणको बीचमा फरक ल्याउछ । पूँजीमा वृद्धिका साथै श्रम विभाजन गर्दछ ( हन्टिङगटन, १९६८) आइसन्सटेड १९७४ बाट उदृत) । त्यसैगरी मुरेका अनुसार आधुनिकीकरण भन्नाले आर्थिक विकास गर्न महत्वपूर्ण दृष्टिकोण हो । यसले समाजमा रहको सामाजिक, सांस्कृतिक पक्षलाई रूपान्तरण गर्न सहयोग गर्दछ ।

अर्का समाजशास्त्री विनरले पनि यसलाई परिभाषित गरेका छन् । उनका अनुसार "आधुनिकीकरण आर्थिक पक्षमा मात्र देखा पर्ने नयाँ प्रक्रिया माग नभई राजनैतिक र सामाजिक पक्षमा आउने नयाँपन हो । अर्थशास्त्रीका अनुसार प्राकृतिक स्रोत र साधनलाई आधुनिक प्रविधिद्वारा परिचालन गरी उत्पादनमा वृद्धि गर्नु, समाजशास्त्रीका अनुसार विभिन्न सामाजिक, सांस्कृतिक संस्थाहरूमा नयाँ प्रकार्य अवलम्बन गर्नु र राजनीतिकशास्त्रीका अनुसार सामाजिक विचलनहरूलाई हटाई समाज विकासमा निम्ती राज्यले आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्न सक्छ ।" (आइसन्सटेड १९७४ बाट उदृत)

यसरी हेर्दा आधुनिकीकरणले परम्परावादी समाजलाई रूपान्तरण गरेर वैज्ञानिक समाजतर्फ केन्द्रित गर्दछ । यसले वैज्ञानिक प्रविधिको प्रयोग गरी मानिसहरूको जीवनशैलीमा परिवर्तन गर्न सहयोग गर्दछ । मानिसहरूको सोच र चिन्तनमा परिवर्तन ल्याउछ । यसलाई बहुआयामिक परिवर्तनशील, प्रगतिशील, व्यवस्थित विश्वव्यापी प्रक्रियाको रूपमा लिन सकिन्छ । यसै प्रक्रियामा भएका परम्परागत सोच, प्रचलन र जीवन शैलीमा परिवर्तन देखा पर्दछ जसले गर्दा समूदायमा परिवर्तन हुन्छ यसैगरी कामी जातिमा पनि पेशागत परिवर्तन भई उनीहरूको आर्थिक पक्षमा सुधार आएको देखिन्छ । समाजमा आर्थिक पक्ष सवल भयो भने त्यहाँको शिक्षा, रोजगार जस्ता कुराहरूमा वृद्धि हुन्छ ।

पूर्ण रूपमा औद्योगिककरण तर्फ उन्मुख विश्वको नयाँ आर्थिक, सामाजिक र राजनैतिक अवस्थामा काम नलाग्ने भएका परम्परावादी कला, वस्तुकला, साहित्य, धार्मिक विश्वास, सामाजिक संगठन र दैनिक जीवनविरुद्ध स्थापना भएको नयाँ विचार नयाँ चिन्तन र नयाँ वाद नै आधुनिकवाद हो । उदविकास, औधोगिकरण,विश्वव्यापिकरण,उदार अर्थतन्त्र यस सिद्धान्तका आधारहरू हुन् । यो सामाजिक प्रगतिवादी प्रकृतिको विचार हो । यसले प्रयोगात्मक वैज्ञानिक ज्ञान वा प्रविधिको सहायताले मानवीय शक्ति मार्फत आफ्नो वातावरणको निर्माण, सुधार र नयाँ आकार दिन सक्छ भन्ने कुरालाई स्वीकार गर्दछ । साथै यसले व्यक्तिगत स्वतन्त्रता र वुद्धिको सर्वोच्चतामा विश्वास गर्दछ । जसले नयाँ कुराको सिर्जना गर्न सकिन्छ भन्ने मान्यता राख्दछ (Eisenstadt,1974:228-232) । मानिस एउटा स्वतन्त्र प्राणी हो । उसले जहिले पनि स्वतन्त्र रूपमा आफ्नो व्यक्तिगत विकास गर्न चाहन्छ । कामी जातिले अन्य जातिको समुदायबाट शोषित पीडित भएको कारण उसले जहिले पनि त्यस व्यहारबाट उन्मुक्ति पाउन प्रयास गरेको देखिन्छ । जसले गर्दा समाजमा प्रतिष्ठित बन्न परम्परागत कार्य, संस्कार छोडी नयाँ गतिविधि तर्फ उन्मुख प्रयास गर्दा पेशा परिवर्तन गर्ने एउटा विकल्प रोजेको देखिन्छ जसले कामी जातिको स्तर वृद्धि गर्न सहयोग गर्दछ ।

जसरी विश्व समाजलाई आधुनिकीकरणले प्रभाव पारेको छ त्यसरी नै नेपाली समाजमा पनि यसको प्रभाव पारेको छ । जसले गर्दा नेपाली समाज परिवर्तन हुदै आएको देखिन्छ । यसको प्रभाव सबै जाति तथा समुदायमा परेको देखिन्छ । जातिगत पेशा भएका नेपालीहरू विस्तारै आफ्ना पेशा व्यवसायलाई पनि व्यवस्थित, वैज्ञानिक प्रविधियुक्त बनाउन थालेका छन् । त्यसैगरी कामी जातिमा परम्परागत रूपमा गर्दै आएका पेशाहरू परिवर्तन गरी आधुनिक, सवल अर्थतन्त्र हुने किसिमका प्रतिष्ठित पेशाहरू गर्नमा उत्प्रेरित भएको देखिन्छ । कामी जातिले गर्दै आएका पुर्खौली पेशा तथा कामहरू नगदमा आधारित थिएन् । जीवन निर्वाहमुखी मात्र थियो । कुनै प्रविधियुक्त थिएनन् । काम उत्पादनमुलक थिएन । जब सूचना प्रविधि विकास, आधुनिकताको प्रभाव पऱ्यो । अनि कामीहरू ती पेशाहरू छोडी नयाँ किसिमका क्षेत्री बाहुनले गर्ने अर्थात नगद आम्दानी मूलक पेशा गर्न लागेको देखिन्छ ।

## २.२ पूर्बवत अध्ययनको समिक्षा

नेपालमा रहेका विभिन्न जाति तथा जनजातिको अध्ययन विभिन्न किसिमले गरेको पाइन्छ । सामाजिक तथा सांस्कृतिक पक्षबारे अध्ययन गर्ने विद्वान्हरूमा गोपाल सिंह नेपाली

डोरबहादुर विष्ट (२०५५), खेमबहादुर विष्ट, इमानसिंह चेम्जोङ्ग, मोहमद मोहसिन, खेमराज नेपाली, डिल्लीराम दाहाल, आहुती (२०६७), गणेशमान गुरूङ्ग आदि रहेका छन् । यी विद्वान्हरूले खोज अनुसन्धान गरी विभिन्न जातिको सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिको अध्ययन गरेका छन् । यसैगरी नेपालमा समाजशास्त्र विषयमा रूचि दिई खोज अनुसन्धान गर्ने धेरै विद्वान्हरूमध्ये स्वयंम्भुलाल श्रेष्ठ, प्रयागराज शर्मा (१९९७) आदि प्रमुख मानिन्छन् ।

नेपालका समाजशास्त्रसँग सम्बन्धित विद्धानहरूमा डोर बहादुर विष्टको योगदानलाई जातीय अध्ययनको रूपमा विशिष्ट स्थानमा राख्न सकिन्छ । उनले नेपालका विभिन्न जाति तथा जनजातिहरूको सामान्य सामाजिक सांस्कृतिक एवम् आर्थिक अवस्थाको रूपरेखा प्रस्तुत गरेका छन् । धेरै जाति तथा जनजातिहरूको विविध अवस्थाको वर्णन गर्ने क्रममा उनले दलित जातिको आर्थिक तथा सामाजिक अवस्था निकै तल्लो स्तरमा रहेको छ भन्ने कुरा दर्शाएका छन् साथै यि जातिहरूले पनि क्षेत्री बाहुनका जस्तै सस्कार गर्न लागेका सस्कृतिकरण प्रक्रिया देखापरेको कुराहरूलाइ प्रकाश पारेका छन् (विष्ट,१९७६) । यसै सन्दर्भमा कामी जातिले आफ्नो पेशा परिवर्तन गरी नयाँ पेशाको माध्यमबाट आफ्नो विकास गर्न आर्थिक उन्नती प्रगति गर्न नगद उत्पादनमूलक पेशा गर्न लागेका छन् ।

प्रयागराज शर्मा ले संस्कृतीकरण प्रक्रियाको अध्ययन गरी दलितहरू तागाधारी र उच्च मतवाली (ब्राह्मण, क्षेत्री आदि) को संस्कृतिमा ऐक्यवद्धता जनाई उच्च जातले अपनाउने संस्कृति अनुसरण गरेका छन् भनी संस्कृतिकरण प्रक्रियामा उनले स्पष्टता जनाएका छन् । संस्कृतीकरणको ज्वलन्त उदाहरणको रूपमा नेपालको पश्चिमी क्षेत्रमा कुनै कुनै गाउँमा त्यहाँका कथित तल्ला जातिहरूले विहान उठी, पूजापाठ गरी खाना खानु, मन्दिर जानु । नेवार, मगर, गुरूङ्ग आदिले सत्यनारायणको पूजा गर्नु, विवाह, जन्म, मृत्यूसंस्कारमा ब्राम्हण पूजारी राख्नु, जस्ता कार्यलाई लिन सकिन्छ (शर्मा , १९७७) । दलित जाति अन्य जाति सरह हुनका लागि विभिन्न प्रयास अभ्यास गरेको देखिन्छ । गैरदलितले गर्ने विभिन्न संस्कारहरू, पेशा व्यवसाय नि आजभोलि कामी जातिले गरेको पाइन्छ । यसले समाजमा जातीय एकता वृद्धि गर्न सहयोग मिलेको र जुन अति आवश्यक पक्ष पनि हो । यसले गर्दा दलित र गैरदलित बिच जातीय विभेद कम हुने, साझा विचार भावना वृद्धि गर्न सहयोग मिल्दछ ।

नेपालका दलित सम्बन्धमा अध्ययन गर्ने महत्वपूर्ण ब्यत्ति डा. विद्यानाथ कोइराला पनि एक हुन् । उहांले विद्यावारिधी गर्ने क्रममा "Schooling and the Dalit of Nepal; A Case Study of Bungkot Dalit Community" भन्ने शीर्षकमा अध्ययन, अनुसन्धान गर्नु भएको थियो । यस अध्ययनमा उहाँले गोरखा जिल्लाको दलित समुदायका बालबालिकाहरू विदालयमा कति गएका छन् कतिको पहुँच पुगेको छ, के कारणले विद्यालय जान सकिरहेका छैनन ? भन्ने कुरामा घटना अध्ययन गरेको देखिन्छ । उहाँले यस अध्ययनबाट त्यस समुदायका अधिकांश बालबालिकाहरूले शिक्षाबाट बन्चित छन् । विद्यालयबाट कुनै फाइदा लिन सकिरहेका छैनन् । शिक्षाको अवस्था कमजोरी भएकोले तिनीहरूको जीवनस्तरमा परिवर्तन हुन सकिरहेको छैन । तिनीहरूको अवस्थामा सुधार ल्याउन परिवर्तन ल्याउन तिमीहरूलाई विद्यालयमा पुर्नस्थापित गराउनुपर्ने अन्त्यन्तै आवश्यक छ । जसका लागि सरकारी, गैरसरकारी निकायहरू त्यस विषयमा ध्यान दिई तिनीहरूको अवस्था र विकास र परिवर्तन गर्न उपयुक्त तथा प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्दछ भन्ने कुरा सुझाव समेत प्रस्तुत गर्नुभएको छ (कोइराला,१९९७) ।

दलित जातिको अध्ययनमा ठूलो योगदान पुऱ्याउने अर्का व्यक्ति आहुति पनि एक हुन् । यिनले भारत, पाकिस्तान, बंगलादेश लगायत दक्षिण एसियाली दलित समुदायको अवस्था अध्ययन गरी समग्र दलित समुदायको स्थिति उजागर गरेका छन् । कृषि, संगीत तथा मनोरञ्जन, सफाइसेवा र विभिन्न शिल्पकारिका काम नै नेपालको दलितहरूको परम्परा, पेशा हो । वास्तवमा जात राज्यले यही पेशा जनाउँदा यसमध्ये खस समुदाय अन्तर्गत नेपालीभाषी कामी जातिको फलामका ज्वाला बनाउने, मजदुरी गर्ने पेशाहरू नै प्रमुख पेशा हुन् । यिनीहरूले बालीघर प्रथा अन्तर्गत वर्षभरी उच्च जातिको फलामका ज्वालाहरू बनाउने र त्यही अन्न वा बालीबाट आफ्नो जीवन निर्वाह गर्दथे । यिनीहरू सम्पत्तिहीन, भूमिहीन, शिक्षामा पहुँच विहिनता सामाजिक प्रतिष्ठाहीनताको युगौयुगको प्रशिक्षण र अभ्यासले गर्दा स्वभाविक रूपमा कामीहरू थुप्रै विकासजन्य रीतिथिति र वानी व्यहोराका सिकार भएका छन् (आहुति, २०६७ :२३-२९) । खासगरी विभेदको सूरुवातको प्रमुख तत्व भनेकै आर्थिक गरिबी रहेछ । यसले गर्दा नै मानिसको जीवनस्तरमा भिन्नता देखा पर्दछ । दलितहरू आर्थिक रूपले कमजोर भएको कारण अहिले सम्म तिनीहरू शोषित पिडित हुने परेको हो भने धनी दलित कामी र गरिब कामीलाई अन्य जातिले हेर्ने दृष्टिकोण फरक देखिन्छ । धनी कामी समाजमा उच्च शीर उच्च शीर गरी बोल्न र हिड्न सक्छ

किनभने ऊ जीवन संचालन गर्न अन्य जातिसँग निर्भर हुँदैन । त्यसैले अन्य जातिसँग हेपिनु पर्दैन । तर गरिब दलित कामी अन्य जाति वा विष्टहरूको हातहतियार अरजाप्ने र उनीहरूले दिएको बाली वा अन्न बालीबाट आफ्नो जीवन निर्वाह गर्नुपर्ने हुन्छ त्यसैले गरिबी नै एक कामीहरूको सत्रुको रूपमा हेर्न सकिन्छ ।

यस्तैगरी Save the Children ले पनि दलित जातिको बारेमा केही हदसम्म भए पनि अध्ययन अनुसन्धान गर्दै आएको पाइन्छ । यस संस्थाले दलित वर्गका केटाकेटीलाई पढ्नका लागि छात्रवृत्तिको व्यवस्था गर्नुको साथै "नेपाल दलित सेवा संघ" मार्फत् रेडियो नेपालबाट "दलित जनजागरण तथा चिन्तन चौतारी कार्यक्रमहरू" संचालन गर्न आर्थिक सहयोग समेत जुटाउँदै आएको छ । यसले उनिहरूको सोचाइ र जीबनशैलिमा परिवर्तन ल्याउन सहयोग मिलेका छ (Save the Children US, १९९४) ।

एफ इ डि ओ (२०१७) ले दलित समुदायको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गरी प्रतिवेदन तयार गरेको थियो । यस अध्ययनमा नेपालमा रहेका दलितहरूको साक्षरता, गरिबी, व्यवसायिक रोजगारीको अवस्था जस्ता कुराहरूको अवस्था उल्लेख गरिएको छ । उक्त प्रतिवेदनमा कुल जनसंख्याको १३.२ प्रतिशत दलित रहेका छन् । जसमा गरिबीको रेखामुनि रहेका ४२ प्रतिशत साक्षरता ४९ प्रतिशत, व्यावसायिक रोजगारी एक चौथाइ भाग भूमिहिन दलित १५ प्रतिशत (पहाडम) स्तरीय घर ११.१ प्रतिशत, सौचालयको प्रयोग ३०.६ प्रतिशत, औषत आयु ६७.१७ वर्ष रहेको देखाइएको छ । यस सन्दर्भमा यस अध्ययन क्षेत्रका कामी जातिको अवस्था पूर्ण रूपमा गुणस्तर नभए पनि पेशा परिवर्तनले उनीहरूको आर्थिक अवस्थामा केही परिवर्तन देखिएको छ । पेशा परिवर्तनबाट वर्तमान अवस्था चित्त बुझ्दो नभएपनि भविष्यमा यस पेशालाई व्यवस्थित गर्न तिनीहरूको अवस्थामा सुधार हुने कुरामा विश्वास गर्न सकिन्छ ।

यस अध्ययनबाट दलित जातिको व्यवसायिक पेशागत अवस्था, कमजोरी देखिएको छ भने यो समुदायमा व्याप्त गरिबी , सरसफाइको कमी, चेतनाको कमी नै रहेको कुरा अनुमान गर्न सकिन्छ ।

धिरेन्द्र पराजुली (१९९५) मा विश्वकर्मा जातिको सामाजिक सांस्कृतिक परिवर्तनको बारेमा मानवशास्त्रीय दृष्टिकोणले अध्ययन गरी शोधपत्र तयार गरेका छन् । उनले कामी

जातिको संस्कृतिकरण प्रक्रियामा जोड दिँदै यो जातिले लामो समयसम्म विद्यमान खराब तथा निम्नस्तरको परम्परा एवम् आफ्नो संस्कृति र व्यवहार छोडी उच्च जातिले अपनाएको परम्परा एवम् संस्कृतिको अनुसरण गरी नयाँ परम्परा र संस्कृति अनुसरण गरेको निष्कर्ष निकालेका छन् ।

टेकराज पन्थी (२०६०) ले अर्घाखाँची जिल्लाको छत्रगन्ज गा.वि.स. ७ र ८ का दलित कामी जातिको सामाजिक, आर्थिक पक्षका बारेमा अध्ययन गरेका छन् । उनले यस अध्ययनमा यहाँका कामी जातिमा समाजमा रहेका जातीय विभेद पहिलाको भन्दा कम भएको र गैरदलित समुदायका वृद्धहरू भन्दा युवाहरूमा विभेदको धारणा कम हुँदै गएको देखिन्छ भने आर्थिक रूपमा पनि उन्नति देखा परेको कुरा उल्लेख गरेका छन् । उनीहरूको जीवनस्तर, शैक्षिक अवस्थामा केही परिवर्तन देखा परेको छ भन्ने कुराको निष्कर्ष निकालेका छन् । यसकयो प्रमुख तत्व राजनैतिक चेतना र उत्पादनमूलक व्यवसायलाई नै हुन भन्ने कुरा निष्कर्ष निकालेका छन् ।

उषाकिरण मेघि (२००८) ले "Gender Discrimination in Dalit Community, A case study of Sarki Community" भन्ने विषयमा भक्तपुर जिल्लाको कटुञ्जे गाविसमा अनुसन्धान गरेकी छिन् । यस अध्ययनमा सार्की जातिमा पितृसत्तात्मक संस्कारको प्रभाव र लैगिक विभेद रहेको कुरा उल्लेख गरेकी छिन् । सार्की जातिको आफ्नो जग्गा जमिन कम भएता पनि उनीहरूले जग्गा भाडामा लिई कृषि पेशा, बाखापालन, कुखुरापालन, तरकारी पेशा गरेको कुरा उल्लेख गरिएको छ । भने त्यस ठाउँका सार्की महिलाहरू पनि आफ्नो घरायसी काम घटाई घरमै बसेर मैनवत्ती उत्पादन, गलैचा बुन्ने जस्ता नगदे/उत्पादनमूलक कार्यहरू गर्न लागेको देखिन्छ । यस अनुसन्धानलाई हेर्दा सार्की जातिहरू आफ्नो पूर्खौली पेशाहरू (छालको काम) छोडी विस्तारै नगदे आम्दानी हुने, अर्थतन्त्र सबल हुने किसिमका पेशाहरू गर्न लागेको देखिन्छ । त्यसैगरी यस अध्ययन क्षेत्रका कामी जातिमा पनि आफ्नै पुर्खौली पेशा छोडी नयाँ नगदे आम्दानी हुने पेशा गरेको देखिन्छ । यसले गर्दा उनीहरूको विभिन्न अवस्थामा सुधार हुने कुरामा अनुमान गर्न सकिन्छ ।

त्यसैगरी देव बहादुर क्षेत्री (२०१०) ले कास्की जिल्लाको हेम्जा गाविसमा विश्वकर्मा जातिको पेशागत अवस्थाको घटना अध्ययन गरेको देखिन्छ । यस अध्ययनमा परम्परागत पेशा गरेका कामी र नयाँ पेशा गरेका कामीबीचमा तुलना गरिएको छ । अधिकांश कामी

जातिहरू आफ्ना आधारभूत आवश्यकता परिपूर्ति गर्न कठिन परेको, आधुनिक इच्छाहरू पुरा गर्न नसकेको, जातीय शोषण र विभेद भएको, स्तर अतिनै न्यून भइरहेकोले उनीहरू यसलाई सुधार गर्न वैकल्पिक पेशाहरू अगाल्न बाध्य भएको कुरा उल्लेख गरिएको छ । यस अध्ययनमा परम्परागत पेशा गर्ने कामी भन्दा आधुनिक पेशा गर्ने कामीको आर्थिक, सामाजिक, शैक्षिक पक्षमा सुधार देखिएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

यी माथिका अनुसन्धानात्मक लेख तथा शोधपत्रलाई विश्लेषण गर्दा दलित तथा कामी जातिमा केही परिवर्तन आएको देखिन्छ । कामीहरू अन्य जातिको सरह आउनका लागि उच्च जातिको संस्कार, संस्कृति अनुसरण गर्ने गरेको देखिन्छ । राजनैतिक चेतना, आम्दानीमूलक व्यवसायहरू युवाहरूमा जातीय विभेदको भावनामा कमी जस्ता कुराहरू परिवर्तनका कारक तत्वहरूका रूपमा रहेका छन् । यस्तो तत्वहरू दलित तथा कामी जातिको सामाजिक तथा आर्थिक पक्षमा सकारात्मक परिवर्तन भएको देखिन्छ ।

हाम्रो जस्तो रूढीवादी समाजका दलितप्रति गरिने सामाजिक विभेद, जातीय विभेद, छुवाछुत प्रथा आदि जस्ता व्यवहारहरू विद्यमान रहेका छन् । यस्ता व्यवहारहरूको सामाजिक रूपमा निवारण गर्नका लागि सरकारी स्तरबाट विभिन्न समयमा जारी गरिएका कानूनहरू, संविधानहरू, योजना, लेख तथा प्रतिवेदन आदिमा यस्ता विभेदलाई निरूत्साहित गर्ने र दलित जातिलाई प्रोत्साहन दिई समजामा विद्यमान विभेदपूर्ण स्थितिको अन्त्य गरी सामाजिक सुधार तथा मानवीय विकासमा जोड दिएको पाइन्छ । यस शोधपत्रले कामी जातिको पेसागत अवस्थाको अध्ययन गर्ने उद्देश्य राखेको हुनाले सरकारी तथा गैर सरकारी स्तरबाट यस सम्बधमा सुधारका लागि गरिएका प्रयासहरूको यहाँ जानकारी हुन आवश्यक छ ।

मानव अधिकारको विश्वव्यापी घोषण पत्र १९४८ को धारा २ मा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता अन्य कुनै पनि आधारमा कुनै किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई यस घोषणा पत्रमा उल्लेखित अधिकार हुने अभिवेदको प्रस्ट मान्यता प्रति प्रतिबद्धता जनाएको छ । त्यसैगरी घोषणा पत्रको धारा (६) मा कानुनको दृष्टिमा प्रत्येक व्यक्तिलाई संवेग व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुने कुरा उल्लेख छ । धारा (७) मा सबै व्यक्तिहरूलाई यस घोषणा पत्रको उल्लंघन गरी गरिएको कुनै पनि प्रकारको

भेदभाव विरुद्ध वा त्यस्तो भेदभावको दुरुत्साहन विरुद्ध संरक्षण पाउने अधिकार हुने कुरा उल्लेख छ (मानवअधिकार घोषणापत्र,१९४८) ।

वि.सं. २००७ सालभन्दा अगाडि देशमा प्रजातन्त्र नभएका कारण र विदेशी विद्वान्हरूलाई नेपालमा जातजातिका बारेमा अध्ययन अनुसन्धान गर्ने अनुमति नदिइएका कारणले गर्दा त्यति अध्ययन एवम् अनुसन्धान भएको पाइँदैन । यसभन्दा अगाडि यस्तो अनुमति र सरकारी सुविधा नभए तापनि कतिपय व्यापारी, यात्री, धर्मप्रचारक, ब्रिटिस सैनिक तथा निजामती सेवाका कर्मचारीहरूले आफ्ना विभिन्न प्रकारका लेख, रचना एवम् विभिन्न पुस्तकहरू प्रकाशित गरेका छन् । जब वि.सं. २००७ सालपछि देशमा प्रजातन्त्रको उदय भयो तत्पश्चात् विदेशी विद्वान्हरूले यहाँको जातजाति तथा जनजातिबारे अध्ययन अनुसन्धान गर्न थालेको पाइन्छ ।

नयाँ मुलुकी ऐन (२०२०) ले छुवाछुत हटाएको छ र जातजातिको आधारमा सजाय घटिवढी नगर्ने व्यवस्था गरेको छ । यसरी सबै जातजाति कानूनको नजरमा समान रहने छन् । तर व्यवहारिक रूपमा यस्तो भएको कमै पाइएको छ ।

नेपालमा प्रजातन्त्रको पुनस्थापना २०४६ सालमा भए पछि पनि समाजको माथिल्लो जातबाट दलितहरू शोषिएका, हेपिएका र दबिएको महशुस गरी दलित जात तथा जनजातिहरू आर्थिक तथा सामाजिक सुधारका लागि संगठनमा आबद्ध भएका छन् । आफ्नो आर्थिक तथा सामाजिक सुधारका लागि दलित सेवा संघ, दलित समाज संघ, उत्पीडित जातीय मुक्ति समाज, विपन्न समाज सेवा समिति, दलित सीप प्रबर्द्धन जनउत्थान प्रतिष्ठान, दलित महिला संघ जस्ता संस्थाहरूमा आबद्ध रहेका छन् । कामी जातिको बसोबास पहाडी भेगमा धेरै भएका कारणले उच्च जाति ब्राह्मण, क्षेत्रीहरूले यो जातिप्रति हेपाईको प्रवृत्ति पाइएको छ । धेरै कुराहरूमा आफ्नै मौलिकता हुँदाहुँदै पनि कामी जातिलाई अछुत जाति भनी सामाजिक विभेद गरेको पाइन्छ । यिनीहरूको हैसियत समाजमा ज्यादै तल छ । सामाजिक विभेदका कारण तल्लो जाति भनी हेय दृष्टिले हेरिन्छ । सामाजिक विभेद, छोइछिटो जस्ता कु-संस्कारबाट अझै कायमै भएकोले दलित कामी लगायत अन्य अछुत जातिले छुवाछुत, विभेद तथा उच्च जातिको दमन विरूद्ध पश्चिम नेपालका दलित अछुत भनिएकाहरूले जातीय आन्दोलन शुरूवात गरे । यस आन्दोलनको उद्गम स्थल

बाग्लुङ्ग जिल्लाको मूलपानी गाउँ विकास समिति रहेको थियो । यस आन्दोलनको सुरूवात पनि वाग्लुङ्ग जिल्लाबाटै सर्वजित विश्वकर्माले गरेका थिए ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ को उपधारा ४ मा छुवाछुतको वारेमा व्यवस्था गरेको छ "कुनै पनि व्यक्तिलाई जातपातको आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नवाट वञ्चित गरिने छैन । यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । यसरी यो संविधानले पनि छुवाछुत तथा जातीय विभेद विरूद्ध व्यवस्था गरेको पाइन्छ ।

त्यसैगरी नेपालको संविधान २०७२ ले अहिले सम्मका संविधानभन्दा बढी नै दलितलाई समावेशी र सिमान्तकृत समुदायलाई हक अधिकारलाई सम्बोधन गर्ने प्रयास गरिएको छ । दलित समुदायलाई हक दिलाउन नेपालको संविधानले प्रगतशिल भूमिका खेलेको छ । यस संविधानको प्रस्तावनामा सामन्ती निरंकुश केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मासाथ गरी विविधता बिचको एकता साामाजिक, सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको समानुपातिक सवमोशी र सहभागितामूलक सिद्धान्तका आधारमा समाजको निर्माण गर्ने कुरालाई उल्लेख गरिएको छ । त्यसैगरी भाग ३ को धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक र धारा ४० मा दलितको हक सम्बन्धी व्यवस्था गरिएको छ ।

यसका साथै नेपालमा विद्यमान (दलित आयोग) राष्ट्रिय दलित आयोगले पनि वर्तमान परिप्रेक्ष्यमा समाजका हरेक सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक क्षेत्रमा दलितलाई समानुपातिक हिसाबले समावेश गरी अन्य जाति सरह माथि उठ्न प्रयास गरेको देखिन्छ । यसरी यो आयोगमार्फत् दलित पनि देशको मूल प्रवाहमा अगाडि बढ्न लागेको आभास मिलेको छ ।

दलितको अवस्था सुधार गर्न नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रियरूपमा विभिन्न प्रयास गरेको देखिन्छ । त्यस सम्बन्धमा विभिन्न कानुनी र नीतिगत प्रयासहरू पनि गर्दै आएको छ ।

तर पनि हाम्रो समुदायमा दलित सम्बन्धी विभिन्न घटनाहरू प्रशस्त घटिरहेको देख्न तथा सुन्नमा आइरहेको हुन्छ । जस्तै : २०७३ सालमा धादिङ जिल्लामा भएको अन्तरजातीय विवाह (नवराज विक र सम्झना सुवेदीबीच) का कारण गाउँ निकालाको घटना, सिराहा जिल्लामा मुसहर समुदायले सार्वजनिक इनार प्रयोग गर्न मनाई गरिएको घटनाहरू हाम्रो समाजमा छर्लङ्गै देख्न सकिन्छ । यस्ता समस्यालाई निर्मुल गर्न राज्यलाई चुनौतिको रूपमा नै रहेको देखिन्छ ( राष्ट्रिय प्रतिवेदन दलित आयोग, २०७२/०७३)।


यसरी सरकारी स्तरबाट कानुनी रूपमा गरिएका प्रयासले पनि कामी जातिको अवस्थामा सुधार ल्याउन महत्व दिइएको पाइन्छ । जसले गर्दा विभेदरहित समाज निर्माण भई समाजमा बसने विभिन्न जातजाति तथ जनजातिले सामाजिक रूपमा अवसर र चुनौतिको सामना गरी विकासित र परिस्कृत समाजको निर्माण हुन सक्दछ । कामी समुदायलाई समान अवसर प्रदान गरी देश विकासको कार्यमा समाहित गराइएको खण्डमा कामी जातिको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थामा सुधार आउन सक्दछ । त्यसकारण परम्परागत रूढीवादी व्यवहारलाई हटाइएको खण्डमा दलित कामि जातिलाई देशको आर्थिक, सामाजिक स्थितिमा सुधार ल्याई यो जातिलाई पनि समान अवसर प्रदान गर्न सकिन्छ ।

यी माथिका विभिन्न शोधपत्रहरू, लेख, रचना, अध्यनय अनुसन्धान, दलित (कामी) जातिको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा केन्द्रित रहेको देखियो । अध्ययनलाई हेर्दा दलित जातिको अवस्था राज्यका समग्र जातिको स्तरमा आएको देखिदैन । अर्कातर्फ परम्परागत पेशा परिवर्तनगरी नयां नयां पेशा गर्ने लहर चलिरहेको देखिन्छ । तर वर्तमान कामी जातिले कुन कुन पेशा छनौट गरेका छन् वा परिवर्तन गरेका छन र ती पेशाले तिनीहरूको अवस्थामा कस्तो सुधार आएको छ ?किन परिबर्तन गर्ने लहर चलेको छ ? समाजमा उनीहरूको स्थान कहाँ पुगेको छ ? आम्दानी कति गरिरहेका छन् ? कहाँ लगानी गरिरहेका छन् ? अर्थात त्यसको प्रभाव केमा कस्तो परिरहेका छ भन्ने कुराको खोज अनुसन्धान गरिएको पाइएन त्यसैले यस शोधपत्रमा पाल्पा जिल्ला रैनादेवी छहरा गाउँपालिका ०७ बल्डेङगढीका कामी जातिका वर्तमान पेशागत अवस्थामा पेशा परिवर्तनले तिनीहरूको सामाीजक, आर्थिक, शैक्षिक जस्ता विषयमा कस्तो सुधारात्मक परिवर्तन देखिएको छ भन्ने विषयलाई समेटेर अध्ययन गरिएको छ । त्यसकारण उनीहरूले गरेको

अध्ययन र मैले गरेको अनुसन्धानमा केही भिन्नता पाउन सकिन्छ । यस बारेको छलफल तथ्यांकको विश्लेषण र व्याख्या भागमा गरिएको छ ।

## २.३ अवधारणागत ढाँचा

यस अध्ययनमा निम्न किसिमको अवधारणा प्रयोग गरिएको छ ।




मानिसको सभ्यता सुरु भएदेखिनै कुनै पनि जाति, समुदाय वा ब्यत्तिले आफ्नो जीवनयापन सञ्चालन गर्न कुनै न कुनै काम वा पेशामा संलग्न भएको पाइन्छ । त्यसैगरी

कामी जातिका समुदायले पनि विभिन्न पेशा गर्दै सुरु देखि अहिलेको अवस्थामा आइपुगेको छन् । कामी जातिको परम्परागत वा पुर्खौली पेशा भन्नाले मुख्यतया फलामका ज्वावलहरू बनाई विष्टका पुत्याउने र त्यसवापत बालिघरे प्रथाबाट अन्न उठाइ परिवार पाल्ने गर्दथे ।

बर्तमान समयमा ती जातिमा विज्ञान,प्रविधि, सञ्चार, ,आधुनिकरण,राजनैतिक चेतना आदिको प्रभाव स्वरूप तीनिहरूले विभिन्न पेशा छनौट गरेको देखिन्छ जुन पेशा नगदमा आधाति छन् । खासगरी यस क्षेत्रका कामी जातिले अहिले आधुनिक कृषि पेशा जस्तै बाख्रा पालन, कुखुरा पालन, सुन्तला खेती, अदुवा खेती गर्दै आएका छन् । कोही कामी जाति जागरि, व्यापार, विदेश (तेस्रो मुलुक) जस्ता कामहरू गर्न लागेको देखिन्छ । कामि जातिको पुरानो पेशाबाट राम्रो आम्दानी नहुने, खान नपुग्ने, सामाजिक शोषण हुने, जातिय विभेद हुने जस्ता कारणले नयां पेशामा प्रवेश गरेको देखिन्छ । यस क्षेत्रका कामी जातिहरू पुरानो पेशा छोडी नयाँ पेशा छनौट गर्नुका कारणहरू नगद आम्दानी गर्न, जातीय समानता कायम गर्न, सामाजिक प्रतिष्ठा कमाउन, शोषणबाट मुक्ति हुनु रहेका छन् । यसरी नयाँ पेशामा प्रवेश गर्दा उनीहरूको आर्थिक उन्नती भएको देखिन्छ । समाजमा पहिला भन्दा जातीय विभेदमा कमी भएको, राजनीतिक, सामाजिक सहभागिता र हैसियतमा पहुँचमा वृद्धि भएको साथै प्राप्त आम्दानी पनि धेरै हिस्सा मध्ये शिक्षामा पनि लगानी गर्न लागेको देखिन्छ । यसरी हेर्दा पेशा परिवर्तनले उनीहरूको जीवनमा सकारात्मक प्रभाव परेको छ भन्ने निष्कर्ष यो अध्ययनले निकालेको छ ।

# अध्याय-तीन

# अनुसन्धान विधि

अध्ययन तथा अनुसन्धानले कुनै पन विषयवस्तु वा समस्याको बारेमा विस्तृत जानकारी दिई निष्कर्षमा पुग्न मद्दत गर्दछ । अनुसन्धान कार्यबाट अपेक्षित उद्देश्य पुरा गर्न निश्चित विधि तथा तरिकाहरू अपनाउनुपर्दछ । अध्ययनको कार्य विधि कस्तो कस्तो थियो ? नमुना कसरी गरियो? तथ्याङ्क संकलनको स्रोध साधन प्रक्रिया के के अवलम्बन गरियो ? भन्ने प्रश्नहरूको जानकारी दिने प्रयास गरिएको छ । अर्थात अध्ययनको निर्धारित उद्देश्यहरू पुरा गर्न अपनाइएका विधि तथा प्रक्रियाहरूको सम्बन्धमा संक्षिप्त रूपमा चर्चा गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक दुवै ढाँचामा आधारित भइ गरिएकोको छ । अध्ययनको क्रममा संकलन गरिएका कामी जातीको पेसागत सम्बन्धी तथ्याङ्कलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरिने भएकाले वर्णनात्मक प्रकृतिको रहनेछ । यस ढांचाबाट कामि जातिले के पेसा गरिरहेका छन् ? किन पेसा परिवर्तन गर्नु पर्यो ? त्यस पेशाबाट के प्रभाव पर्‍यो भन्ने अन्वेषणात्मक तरिकाले अन्तवार्ताबाट आएका तथ्यलाई वर्णन गरिएको छ । त्यसैगरी प्राप्त तथ्याङ्कहरूको आधारमा कामी जातिको स्थितिका बारेमा खोज गर्ने अन्तरदृष्टिका मुद्धाहरू अन्वेषण र विश्लेषण गरी निष्कर्ष निकालिने भएकोले यस अध्ययन अन्वेषणात्मक ढाँचामा आधारित रहेको छ ।

## ३.२ जनसंख्या र नमुना छनोट

कुनै पनि अध्ययन संचालन गर्नका लागि अध्ययनको समस्या वा प्रकृति अनुरूप निश्चित जनसंख्याको छनोट गर्नुपर्दछ । यस अध्ययनमा कामी जातिको पेशा परिवर्तनको अवस्था परिबर्तन र त्यसको प्रभाव अध्ययन गर्नका लागि उद्देश्यमूलक नमुना छनोट विधिको माध्यमबाट पाल्पा जिल्ला रैनादेवी छहरा गाउँपालिका वडा नं. ७ मा बसोबास गर्ने जम्मा ६४ घर धुरीमध्ये ४२ घरधुरीका कामी जातिलाई जनसंख्याको रूपमा लिएको थियो । ४२ घरधुरी पछि उत्तरदातालाई अन्तर्वार्ता लिदै जाँदा प्रतिक्रियाहरू दोहोरिन लागे त्यसैले

जम्मा ४२ घरधुरी नमुनाको रूपमा लिइएको हो । जुन सङख्या जम्मा कामिहरूको घरधुरीको दुई तिहाइ पनि हो ।

जनसंख्याको क्षेत्र सानो भएकाले र अनुसन्धानकर्ता त्यस सम्बन्धमा वा त्यसका सबै एकाइसँग परिचित हुने भएकाले यसबाट निष्कर्षमा पुग्न सहज हुने देखिएकोले यो नमुना विधि यस अध्ययनमा छनोट गरिएको हो ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू

कुनै पनि विषयमा अनुसन्धान गर्नको लागि त्यससँग सम्बन्धित सामग्रीहरूको नितान्त आवश्यक पर्दछ । सामग्री विना अध्ययन कार्य अधुरो हुनुको साथै लक्ष्य प्राप्तिमा कठिनाई आउन सक्छ । त्यसैले यस अध्ययनमा प्राथमिक स्रोत र द्वितीय स्रोतबाट तथ्यहरू संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता, ब्यैत्तिक अध्ययन, प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ताको प्रयोगबाट अध्ययनको लागि चाहिने आवश्यक स्रोत तथा तथ्याङ्क संकलन गरिएकोछ । द्वितीय स्रोतको रूपमा केन्द्रीय तथ्याङ्क विभागको रेकर्ड, पुस्तक, पत्रपत्रिका तथा यस अघि खोज तथा अनुसन्धान भएका आवश्यक र उपयोगी लेख तथा सामग्रीहरूबाट पनि जानकारी लिइएको थियो ।

## ३.४ तथ्याङ्क संकलनका विधिहरू

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयम्ले स्थलगत अध्ययन गरी निम्न विधिहरूबाट तथ्याङ्क संकलन गरियो । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता, वैयक्तिक अध्ययन विधि , प्रमुख जानकार व्यक्तिको अन्तर्वार्ता विधि अपनाइएको थियो ।

### ३.४.१ अन्तर्वार्ता विधि

कामी जातिको बारेमा शोधकर्ताले अध्ययन गर्ने भएकोले छनौट गरिएका परिवारहरूबाट तथ्याङ्क संकलन गरिएको थियो । जसमा ४२ जना उत्तरदाताबाट अन्तर्वार्ता अनुसूची १ बमोजिम लिएको थियो । कामी जातिका वारेमा शोधकर्ताले अध्ययन गर्ने भएकोले उनीहरू बसेको ठाउँमा गई उनीहरूसँग प्रत्यक्ष रूपमा अन्तर्वार्ता लिई उनीहरूको तथ्याङ्क संकलन गरियो । कामी जातिको वर्तमान पेसागत अवस्था के कस्तो छ ? यसको

प्रभाव सामाजिक, आर्थिक, शैक्षिक पक्षमा कस्तो छ भन्ने जस्ता विषयमा आधारित भइ सुचना संकलन गरिएको थियो ।

### ३.४.२ वैयक्तिक अध्ययन विधि

यस अध्ययनमा कामी जातिको वर्तमान पेशाको अवस्था पहिचान गर्न २ जनाको व्यैयक्तिक अध्ययन अनुसूची २ बमोजिम गरिएको थियो । जसमा १ जना पुरानो पेशा गर्ने र १ जना नयां पेशा गर्ने छनौट गरिएका थियो । यस शन्दर्भमा कामी जातिले बर्तमान समय के-के पेसा गरिरहेका छन्? किन पुरानो पेसा छोडेका हुन् ? यसले पुरानो पेशा र नयाँ पेशा गर्ने व्यक्तिको सामाजिक, राजनीतिक जीवनयापन र विज्ञान र प्रविधिको प्रयोग के कस्तो छ ? जस्ता विषयमा गहन अध्ययन गरिएको थियो ।

### ३.४.३. प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता

प्रश्नहरूको सूचीका आधारमा अन्तरर्वार्ता लिदा कामीहरूको विविध पक्षलाई नसमेटिने हुँदा यसलाई वढी प्रभावकारी वनाउनको लागि जान्ने सुन्ने जातिबाट १ जना वडा अध्यक्ष र १ जना प्र.अ गरी २ जना र कामि जातिबाट १ जना वडा सदस्य र १ जना स्वास्थ्य चौकी व्यवस्थापन समितिका सदस्य २ जना गरी जम्मा ४ जनाबाट जानकारी लिइएको थियो । यस प्रकारको सूचनाबाट यस शोपधत्रमा विश्वसनियता कायम गर्न सहयोग मिलेको छ । साथै कामीहरूको पेसागत अबस्थाको वास्तविक र पूर्ण जानकारी प्राप्त गर्न सहयोग मिलेको थियो ।

## ३.५ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

प्राथमिक र द्वितीय स्रोतको माध्यमबाट प्राप्त गरिएका तथ्याङ्क र विवरणहरूलाई आवश्यकता अनुसार विभिन्नस्तर र प्राथमिकताको आधारमा विभिन्न श्रेणीमा विभाजन गरिएको थियो । साथै आवश्यकता अनुसार तालिका, तुलनात्मक र बोधगम्य बनाउन साङ्ख्यकीय विधिको प्रयोग गरी तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको थियो ।

## ३.६ नैतिकता

यो अध्ययनको क्रममा कामी जातिको पेशामा आएको परिवर्तनको अवस्था पहिचान गर्नका लािगि सम्बन्धित व्यक्तिहरूसँग अन्तर्वार्ता, प्रश्नावली र व्यैक्तिक अध्ययन गरिएको थियो । यससन्दर्भमा सूचना संकलन गर्दा तिनीहरूसं अनुमति लिइ प्रात सूचनालाइ गोप्य राख्ने सर्तमा सूचना तथा जानकारी संकलन गरिएको थियो । कामी जातीको मूल्य मान्यतामा खलल पार्ने,भाबनालाई चोट नपुग्ने, आँच आउने कुराहरू सार्वजनिक गरिएको छैन । उत्तरदाताको समयलाई प्राथमिकतामा राखी सूचना दिइएको थियो । साथै अध्ययनकर्ताले अध्ययन अनुसन्धान कार्यगर्दा अपनाउनु पर्ने कुरालाई आत्मसाथ गरी नैतिक पक्षलाई ध्यान दिइएको छ ।

## ३.७ अध्ययनको सीमा

कुनै पनि समुदायको सर्वेक्षण गर्नु भनेको त्यस स्थानमा बसोवास गर्ने जनसमूहको वास्तविक स्थिति थाहा पाउनु तथा उनीहरूसँग सम्वन्धित पक्षहरूको अध्ययन गर्नु हो । यस अनुसन्धान सिमित क्षेत्रमा केन्द्रित रहेको छ । आफ्नो कार्य क्षेत्र पाल्पा जिल्ला छहरा रैनादेबी गाउँपालिका ७ बल्ढेङगढी लाई मात्र वनाई कामी जातिको वर्तमान पेशागत अवस्थाको अध्ययन गरिएको छ । यसले सबै कामी जातिको पेशाको परिवर्तनको बारेमा प्राप्त भएका ज्ञानलाई समग्र कामी जातिको सन्दर्भमा सामान्यीकरण गर्न सकिदैन । यो अध्ययन अध्ययन आधुनिकीकरणको सिद्धान्तमा आधारित रहि गरिएको छ भने अध्यययन वर्णनात्मक र अन्वेषणात्मक विधिको मात्र प्रयोग गरि सूचना तथा तथ्याङकहरूलाई व्याख्या विश्लेषण गरिएको छ । यसैले यो निश्चित सिद्धान्तमा आधाीरत छ । फरक भौगोलिक एवं वाह्य सामाजिक, आर्थिक परिवेशका कारण यस अध्ययनबाट निस्कने निष्कर्षहरूले देशभरिका कामी जातिसँग ठ्याक्कै मेल नखान सक्छ । तसर्थ अन्यत्रका कामीसँग यस अध्ययनबाट प्राप्त तथ्यहरू सीमित रूपमा मात्र मिल्न सक्छन । यो अध्ययनमा गहन र विस्तृत कार्यक्षेत्र नगरी अन्तर्वार्ता अनुसूचीका माध्यमबाट सूचना संकलन गरिएको थियो ।

# परिच्छेद-चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययन "कामी जातिको पेशामा आएको परिवर्तनका कारण र प्रभाव " शीर्षकको बारेमा अध्ययन गर्न रैनादेवी छहरा गाउँपालिकाको वडा नं. ७ वल्डेङगढी का कामी जातिहरू छनौट गरिएको थियो । यस अध्ययनमा वर्तमान अवस्थामा त्यस क्षेत्रका कामीहरूले के के पेशा गरेका छन् ? तिमीहरूले पुर्खौली पेशा छाड्नुका कारणहरू के के हुन ? पेशा परिवर्तनले तिमीहरूको सामाजिक र आर्थिक पक्षमा के के परिवर्तन आएको छ ? भन्ने कुरा पहिचान गर्न छनौट गरिएका नमुना जनसंख्यासँग अन्तर्वार्ता, वैयक्तिक अध्ययन र जानकार व्यक्तिसँगको अन्तर्वार्ता जस्ता साधनहरू प्रयोग गरी आवश्यक सूचना तथा जानकारी संकलन गरिएको थियो । संकलित सूचना तथा तथ्यांकहरूलाई तलका शीर्षकहरूमा आधारित भई व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ जनसङ्ख्यात्मक अवस्था

नेपालका कूल जनसङ्ख्या अनुसार सातौँ ठूलो जातिको रूपमा रहेको कामी जाति पाल्पा जिल्लामा पनि यसको जनसंख्या उल्लेखनीय नै रहेको छ । पाल्पा जिल्लाको कूल जनसंख्या २,६६१,१८० मध्ये कामी जातिको जनसंख्या १६,५६२ अर्थात ६.२ प्रतिशत रहेको छ । जुन चौथो ठूलो जातिको रूपमा पर्दछन् । पाल्पा जिल्लाको पश्चिम भेगमा पर्ने रैनादेवी छहरा गाउँपालिकाको कुल जनसंख्या २६,४६९ छ भने त्यस गाउँपालिकाको वडा नं.७ मा पर्ने वल्डेङगढीको जनसंख्या २०४३ रहेको छ । जसमा महिलाको संख्या १०८२ र पुरुषको संख्या ९६१ रहेको छ ।

यस वडामा दलितको घरधुरी संख्या ६४ रहेको छ भने जनसंख्या जम्मा ३६१ जना रहेको छ । जसमा महिला १९६ र पुरुषको जनसंख्या १६५ रहेको देखिन्छ । यस अध्ययनमा यस वडाका दलित (कामी) मध्ये ४२ घरधुरी नमुनाको रूपमा लिइएको थियो । जसमध्ये उत्तः घरधुरीको जनसंख्या २१९ छ । २१९ जना मध्ये महिला ११५ जना र १०४ जना पुरुष रहेका छन् । यसरी हेर्दा पुरुषको संख्या महिला संख्या बढी के देखिन्छ । अर्थात् पुरुषको र महिलाको लैङ्गिक अनुपात ९०.४३ रहेको छ । जसले लैङ्गिक असमानतालाई संकेत गर्दछ । अध्ययन गरिएको जनसंख्यामा १९ परिवार संख्या संयुक्त परिवार र २३ घर संख्यामा एकल

परिवार रहेको थियो । यस जनसंख्यामा संयुक्त परिवारको आकार ५.६४ र एक परिवारको आकार ४.८६ रहेको छ । यसबाट के बुझ्न सकिन्छ भने कामी जातिमा एकल परिवारको संख्या बढ्दैछ । यस सन्दर्भमा ६ जना उत्तरदाताले परिवारमा जति सदस्य संख्या कम हुन्छ त्यति गुणस्तरीय परिवार निर्माण गर्न सहज हुँदो रहेछ । आवश्यकताहरू पूर्ति गर्न सहज हुँदो रहेछ भन्ने कुरा बताएका थिए । खासगरी यस अध्ययनमा जागिर, व्यवसाय, आधुनिक पेशा गर्न परिवारको पारिवारिक आकार कम भएको देखिन्छ ।

खासगरी यो अध्ययन कामी जातिको पेशा परिवर्तनसँग सम्बन्धित रहेको हुनाले उनीहरूको पुर्खौली वा परम्परागत पेशा के हो र अहिले कुन कुन पेशा गरेका छन् भन्ने कुरा अध्ययन गरिएको छ । उक्त अध्ययन गर्दा ४१ जनाले परम्परागत पेशा फलाम सम्बन्धी काम गर्ने र १ जनाले सुन सम्बन्धी काम पुर्खौली पेशाको रूपमा रहेको बताएका थिए । हाल ४२ जना मध्ये ३९ जनाले पेशा परिवर्तन गरेका र ३ जनाले पुरानै पेशालाई निरन्तरता दिएको उल्लेख गरेका छन् । पुरानो पेशा छोडी नयाँ पेशा अँगाल्ने व्यक्तिहरूले अधिकांशले कृषि २७ जना, रोजगारी ४ जना, विदेश ५ जना र ३ जनाले व्यापारको काम गरेको पाइयो ।

कुनै पनि मानिसको जीवनस्तरलाई प्रभाव पार्ने महत्वपूर्ण तलब मध्ये शिक्षा पनि एक हो । अध्ययनको क्रममा अध्ययनकर्ताको शैक्षिक अवस्था पनि के कस्तो छ भन्ने कुरा थाहा पाउन शिक्षाको स्तरको बारेमा प्रश्न गरिएको थियो । शिक्षाको क्षेत्रमा पहिले देखिनै ख्याति पाएको पाल्पा जिल्ला पश्चिम नेपालकै शैक्षिक केन्द्रको रूपमा चिनिन्छ । वि.स. २०१८ सालमा यस ठाउँमा विद्यालय स्थापना भएको देखिन्छ । सुरुमा सामान्य पाठशालाबाट स्थापना भएको विद्यालय हाल माध्यमिक तहसम्म (कक्षा १०) अध्यापन हुन्छ । पाल्पा जिल्लाको छाया परेको ठाउँ भनेर चिनिने यस ठाउँमा कामी जातिको यस पुस्तामा शिक्षामा पहुँच खासै परेको देखिदैन । वि.स. २०५२/५३ सालदेखि यस विद्यालयमा कामी जातिको समुदाय यस विद्यालयमा भर्ना भएको प्रमाण यस विद्यालयका प्रधानाध्यापकले जानकारी दिएका थिए ।

यस सन्दर्भमा उत्तरदाताहरूको योग्यता वा साक्षरता के कति रहेको छ भन्ने प्रश्न गरिएको थियो । यसक्रममा उत्तरदाताहरूमध्ये ५ जना एस.एल.सी. उत्तीर्ण ७ जना कक्षा ८ उत्तीर्ण, ९ जना कक्षा पाँच उत्तीर्ण र बाँकी २१ जना सामान्य साक्षर रहेका थिए । ती मध्ये

एस.एल.सी. उत्तीर्ण गरेका ५ जना उत्तरदाताहरू सरकारी जागिरमा रहको बताएका थिए । एस.एल.सी उत्तीर्ण एक उत्तरदाताको उमेर २५-३० वर्षको बिचमा रहेको छ । कामी जातिमा बाँकी उत्तरदाताहरू ३० वर्षभन्दा माथि रहेका थिए । यसलाई हेर्दा कामी जातिमा पुरानो पुस्ता भन्दा नयाँ पुस्तामा शिक्षाको महत्व बढेको देखिन्छ । पढ्ने विद्यालय जाने कार्य बढिरहेको देखिन्छ ।

## ४.२ वर्तमान समयमा कामी जातिको पेशाको अवस्था

कामी जातिको पेशा पेशागत अवस्थाको बारेमा जानकारी लिन उनीहरूसँग तपाईको पुर्खौली पेशा के हो ? हाल कुन पेशा गर्दै आउनु भएको छ ? किन यो पेशा गर्न लाग्नु भएको जस्ता प्रश्नहरू गरी अनुसूची १ बमोजिम अन्तरवार्ता गरिएको थियो । यस सन्दर्भमा जम्मा ४२ जना उत्तरदातामा गरिएको अधययन ४१ जनाले फलाम सम्बन्धीको कार्यलाई पुर्खौली पेशाको रूपमा बताए भने १ जनाले सुनको कामलाई पुर्खौली पेशाको रूपमा उल्लेख गरेका थिए ।

जम्मा उत्तरदाताहरू मध्ये वर्तमान समयमा ३ जनाले परम्परागत पेशा वा फलाम सम्बन्धी काम गर्ने र ३९ जनाले नयाँ पेशा वा पुर्खौली पशो छोडी नयाँ पेशा गर्ने कुरा बताएका थिए । यसरी हेर्दा अधिकांश कामीले पुर्खौली पेशा छोडी अन्य पेशामा प्रवेश गरेको देखियो । पुर्खौली पेशा गर्नेमध्ये १ जना ५० वर्ष उमेर भएको बताए भने २ जनाले ५५ भन्दा माथि भएको भएको बताएका थिए । तर पेशा परिवर्तन गनृ उत्तरदाताको समूहको उमेर भने ५० भन्दा कम थियो । पुर्खौली पेशा अगाल्दै आएका व्यक्तिहरूले यस पेशाबाट नगद आम्दानी नुहने सामान्य खाना मात्रै पुग्ने तर नगद चाहिने काम जस्तै कपडा औषधी, बालबच्चालाई पढाउन भने कठिन हुने कुरा बताएका थिए । उनीहले अहिलेको समयमा नगद रकमको महत्व बढेको छ । नगद विना कामहरू गर्न जीवन निर्वाह गर्न कठिन हुने कुरा उल्लेख गरेका थिए । यस क्रममा नयाँ पेशामा प्रवेश गरेका कामीले भने नगद आम्दानी भए पछि उक्त रकमलाई जहाँ जसरी पनि प्रयोग गर्न सकिने भएकोले पहिले भन्दा अहिले जीवनमा आवश्कयता पूर्ति गर्न सहज भएको कुरा उल्लेख गरेका थिए ।

### ४.२.१ कामी जातिको परिवर्तन पेशाको अवस्था

यस गाउँका कामीहरूले आफ्नो परम्परागत पेशालाई छोडी नयाँ नयाँ आम्दानीमूलक प्रतिष्ठित पेशा गर्न लागेको देखिन्छ । यी जातिहरू वर्तमान समयमा आधुनिक कृषि पेशा, व्यापा जागिर विदेश विभिन्न सीपमूलक रोजगारीमा प्रवेश भएको देखिन्छ । यो अध्ययनमा तपाईले अहिले कुन पेशा गर्दै आउनु भएको छ भन्ने प्रश्न गर्दा आएको प्रतिक्रियालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**परिवर्तिन पेशाको अवस्था**

| क.स. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २७ | ६९.२ |
| २ | व्यापार | ३ | ७.६९ |
| ३ | जागिर (सरकारी) | ४ | १०.२५ |
| ४ | विदेश (तेस्रो मूलुक) | ५ | १२.८२ |
| जम्मा | | ३९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अध्ययन गर्दा ६९.२ % कामीहरूले आफ्ना पुरानो पेशा छोडी कृषि पेशामा प्रवेश गरेको देखिन्छ । त्यसैगरी ७.६९ प्रतिशत व्यापार, १०.२५ प्रतिशत सरकारी जागिर र १२.८२ प्रतिशत विदेश तेस्रो मुलुक (मलेसिया, दुवै, कतार) गएको पाइयो । पुरानो पेशाबाट नगदमा आम्दानी नहुने, जहिले पनि विष्टहरू दिएको अन्नतबालीमा मात्र निर्भर हुनुपर्ने, उनीहरूको इच्छा, चाहना पुऱ्याएर खुसी पारेर मात्र आफ्नो काम बन्ने भएकोले आफ्नो जग्गा जमिनलाई उचित हुने आधुनिक कृषि पेशा गर्न लागेको कुरा कृषि पेशा अगाल्ने कामीहरूले बताएका थिए । उनीहरूसँग अन्य ठुला ठुला पेशा गर्न पर्याप्त नगद नभएको कारण आफ्नै भिरपाखामा उब्जाउ हुने नगदे बाली गर्न लागेको कुरा बताएका थिए ।

### ४.२.१.१ कृषि पेशा

कृषि पेशा वल्डेङगढी गाउँको एउटा प्रमुख पेशा हो । अधिकांश यहाँका मानिसहरूले आफ्नो जीवन निर्वाह कृषि पेशाबाट गर्दछन् । यहाँका कामीले पनि बढी कृषि पेशा नै गरेको पाइयो । ६९ प्रतिशत कामीहरू कृषि पेशा अँगालेको देखिन्छ । तिनीहरूलाई तपाईले कृषिमध्ये कुन पेशा गर्दै आउनुभएको छ भन्ने प्रश्नबाट आएको प्रतिक्रियालाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका नं २**

**बर्तमान कृषि पेशाको अवस्था**

| क्र.स. | कृषि पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बाखा पालन | ४ | १४.८१ |
| २ | परम्परागत कृषि | ४ | १४.८१ |
| ३ | कुखुरा पालन | २ | ७.४१ |
| ४ | अदुवा+अमरिसो | ६ | २२.२२ |
| ५ | सुनकाउली+अमरिसो | ६ | २२.२२ |
| ६ | अदुवा+सुनकाउली | ५ | १८.५३ |
| जम्मा | | २७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

यस तालिका नं २ लाई हेर्दा ८५.१९ प्रतिशत मानिसले परम्परागत पेशा छोडी आधुनिक नगद आम्दानीमूलक कृषि पेशा गर्न थालेको देखियो भने १४.८१ प्रतिशतले पुर्खौली पेशा फलाम सम्बन्धी काम छोडी परम्परागत रूपमा गर्दै आएको कृषि (मकै, धान, बाली) जस्ता जीविकापार्जन गर्ने किसिमका पेशा गरेको पाइयो । खासगरी उक्त ठाउँमा धान, मकै, कोदो राम्रो तरिकाले उब्जा नहुने हुँदा त्यहाँको बारीलाई उपयुक्त हुने माटो भएकाले अधिकांश मानिसहरू यस्तो नगदे बाली लगाउन थालेको देखियो । परम्परागत कृषि प्रणालीबाट जीवन निर्वाह कठिन हुने र जग्गा जमिन पनि कम भएकाले भिरपाखालाई अधिकतम रूपमा प्रयोग गरी यस्तो नगदेवालीमा आकर्षित भएको कुरा बताएका थिए । त्यसैगरी त्यहाँका मानिसहरू बाखापालन पनि नगदे आम्दानी हुने किसिमले व्यवसायिक

रूपमा पाल्न थालेको देखियो । ४ जना व्यक्ति बाखापालन र २ जनाले ब्रोइलर र कोइलर कुखुरा पालेको देखियो । यसबाट आम्दानी राम्रो हुने र बाल बच्चालाई राम्ररी पढाउन सकिने हुनाले यस्ता पेश ागन लागेको हो भन्ने कुरा उत्तरदाताले व्यक्त गरेका थिए ।

## ४.३ पेशा परिवर्तनका कारणहरू

रैनादेवी ७ वल्डेङगढीका अधिकांश कामीहरू आफ्नो पुर्खौली पेशा छोडी अन्य नयाँ नयाँ पेशामा प्रवेश गरेको वा गर्न लागेको देखिन्छ । यस अध्ययनमा पुर्खौली पेशा किन छोड्नुभयो, हालको पेशा छनौट गर्नका कारणहरू के के हुन् ? पहिले र अहिलेको पेशामा के भिन्नता पाउनु भएको छ ? भन्ने जस्ता प्रश्नहरू उत्तरदातालाई सोधिएको थियो । (अनुसूची १) यस सन्दर्भमा प्राप्त भएको सूचनालाई निम्नानुसार तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका नं ३**

**पेशा परिवर्तनका कारणहरू**

| क्र.स. | कारणहरू | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | नगद आम्दानी/आर्थिक प्रगति | २२ | ५२.३८ |
| २ | जातीय समानता | ७ | १६.६७ |
| ३ | सामाजिक प्रतिष्ठा | ४ | ९.५२ |
| ४ | शोषणबाट मुक्ति | ५ | १४.२९ |
| ५ | अन्य | ४ | ७.१४ |
| जम्मा | | ४२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

यस तालिका नं ८ लाई हेर्दा ५२.३८ प्रतिशत मानिसहरू आर्थिक आम्दानी गर्नका लागि नगद आम्दानी गर्नका लागि पुर्खौली पेशा छोडेका भन्ने कुरा उल्लेख गरेका थिए । पुर्खौली पेशा गर्दा पूर्ण रूपमा विष्टहरूसँग निर्भर हुनुपर्ने, आफ्नो जग्गाबाट उत्पादन हुने अन्नबालीले पनि नपुग्ने, पैसाको नाम सुन्न र देख्न नपाइने र आफ्नो भिरपाखामा अन्न नफल्ने भएको हुनाले यस्तो माटो र ठाउँ अनुसार नयाँ पेशा अगाल्न थालेको कुरा उल्लेख गरेका थिए ।

त्यसैगरी जातीय समानता कायम गर्न पुर्खौली पेशा छोडेको मानिसहरूको संख्या १६.६७ प्रतिशत रहेको छ । समाजमा धेरैनै दलित र गैरदलित बिच भिन्नता गर्ने भएकाले र पुरानो पेशाबाट जहिले पनि शोषित र दलित हुने पर्ने भएकाले उनीहरूको स्थानमा पुग्न जागिर, व्यवसाय र जागिर गर्न थालेको कुरा बताएका थिए ।

सामाजिक प्रतिष्ठा पाउनका लागि पुर्खौली पेशा छोडेको भन्नेको संख्या ९.५२ प्रतिशत रहेको छ । विदेश गई पैसा कमाए ल्याउँदा बन्न नेपाली सेना र प्रहरीमा भर्ना हुँदा समाजमा छुट्टै किसिमको इज्जत रहने भएकोले यो पेशातिर गएको हो भन्ने कुरा बताएका थिए । त्यसैगरी सामाजिक शोषणबाट मुक्ति पाउन पुर्खौली पेशा छोडेको हो भन्ने मानिसहरूको संख्या १४.२९ प्रतिशत रहेको छ भने अन्य प्रतिक्रिया मध्ये कोहिले पढेर, कोहिले तालिम लिएर, कोहिले अन्य जातिको प्रभावका काण जस्ता प्रतिक्रिया दिने ७.१४ प्रतिशत रहेको छ ।

उक्त जानकारीलाई विश्लेषण गर्दा समाजमा रहेको जातीय असमानता र विभेद एउटा समाजको कलङ्क हो । यसले समाजमा द्वन्द्व ल्याउँछ समाजमा कुसंस्कार र मानवीय अधिकारको हनन गर्दो रहेछ भन्ने भनाई उत्तरदाताले बताएका थिए ।

मानिस एउटा स्वतन्त्र र प्रगतिशिल प्राणी हो । जो विभेद र असमानता पचाउन सक्दैन र समाजमा प्रतिष्ठित र सम्मानित तरिकाले बाँच्न चाहन्छ । समाजमा भइरहेको सामाजिक कुकृति जातीय विभेदबाट उन्मुक्ति हुनका लागि कुनै जातिले संघर्ष गरिरहेको देखिन्छ । त्यसैगरी कामी जातिले पनि गैरदलित समुदायबाट शोषित नहुनका लागि फलाम सम्बन्धी काम वा बाली घरे आम्दानी हुने काम छोडी नगदे आम्दानी हुने किसिमका पेशा व्यवसाय सामाीजक समानता र प्रतिष्ठा हुने पेशा व्यवसाय गर्न लागेको देखिन्छ ।

यस सन्दर्भमा त्यस गाउँमा रहेको विद्यालयका प्र.अ./सचेतक/जानकारव्यक्तिसँग अन्तरवार्ता लिँदा उनले गरिब कामी र धनी कामी बिच अन्य जातिले हेर्ने दृष्टि फरक पाएको छ । जसले फलाम सम्बन्धी काम गर्छ वा विष्टहरूको काम गर्छ त्यसलाई समाजले हेर्ने दृष्टिकोण फरक छ । तिनीहरूलाई जातीय विभेद र असमानता बढी छ । तिनीहरू समाजमा शोषित छन् भने अलि फरक पेशा व्यवसाय गरेका आर्थिक उन्नती प्रगति गरेका कामीहरूलाई कसैले हेप्ने, चेप्ने, विभेद गर्ने कम गरेको, कुरा उल्लेख गरेका छन् । पुर्खौली

पेशा गर्न कामीको जीवनस्तर पनि फरक छ । फोहोर कपडा लगाउने, सभ्य नबोल्ने, सरसफाइमा ध्यान नदिने, लवाइ खवाइ पनि गुणस्तरीय भएको देखिदैन भने रोजगारी, व्यापार र अलि आर्थिक आम्दानी गरेको कामीहरू हामी भन्दा पनि स्तरीय भएर हिड्ने, सामाजिक कार्य गर्ने देखिएको छ । त्यसकारण आर्थिक स्थिति एउटा सामाजिक विभेद गर्न तल रहेछ भन्ने कुरा प्र.अ. उल्लेख गरेका थिए ।

यसरी हेर्दा कामी जातिमा आधुनिकीकरणको प्रभावका कारण परम्परागत पेशा छोडी नयाँ नयाँ पेशाहरूमा प्रवेश गरेको देखिन्छ । आर्थिक अवस्था र त्यसले ल्याएको शोषणपूर्ण विकृतिलाई हटाउन आधुनिक वाद कारणको प्रादुभाव भएको हो भन्ने कुरालाई यस प्रसंगमा जोड्न सकिन्छ । समाजमा हुने विभिन्न शोषण विभेद रहित क्रियाकलापबाट उन्मुक्ति पाउन कुनै समुदाय संघर्ष गरिरहेको हुन्छ । परिवर्तन चाहिरहको हुन्छ, त्यसैगरी यस ठाउँका कामी जातिको पेशा परिवर्तनको अवस्थालाई त्यसमा जोड्न सकिन्छ किनभने गैरदलित समुदायबाट हेपिदै, चेपिदै दलित आएको कामी जाति उनीसँग समान हैसियत कायम गर्न पेशा परिवर्तन गर्न आर्थिक उन्नति हुने किसिमका पेशा अगाल्न बाध्य भएको कुरा बुझ्न सकिन्छ ।

## ४.४ कामी जातिमा पेशागत परिवर्तनको प्रभाव

### ४.४.१ सामाजिक प्रभाव

यस अध्ययन क्षेत्रमा रहेका कामी जातिको पेशामा आएको परिवर्तनले सामाजिक पक्षमा के कस्तो परिवर्तन ल्याएको छ भन्ने कुरा अध्ययन गर्न तिनीहरूको पारिवारिक स्थिति, शिक्षा, स्वास्थ्य, सरसफाइ, लैङ्गिक विभेद, विवाह र अन्य जाति र कामी बिचको सम्बन्ध आदिको बारेमा जानकारी लिएको छ ।

#### ४.४.१.१ शिक्षा

शिक्षा कुनै पनि जाति, समुदाय तथा राष्ट्रको विकासका लागि नभई नहुने विकास निर्माणको पूवार्धारको रूपमा लिइन्छ । शिक्षा प्राप्तगर्न र पारिवारिक आर्थिक अवस्थाले पनि प्रभाव पार्ने गर्दछ । यस अध्ययनमा पेशा परिवर्तन पछि शिक्षामा कस्तो परिवर्तन भयो भन्ने

कुरा अध्ययन गर्न ती परिवारको सदस्यका शैक्षिक अवस्था अध्ययन गर्न त्यस क्षेत्रका विद्यालयमा भर्ना भएका दलित विद्यार्थीहरूको विद्यालयमा भर्नाको अवस्था हेरिएको थियो ।

**तालिका नं.४**

**श्री चिदीपानी बाल विकास विद्यालयमा अध्ययनरत दलित छात्रा छात्रको स्थिति**

| कक्षा | शैक्षिक सत्र २०७३ | | | | | | शैक्षिक सत्र २०७४ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | |
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| इ.सि.डी | ९ | ८ | १७ | ५ | ६ | ११ | १० | ९ | १९ | ७ | ६ | १३ |
| १ | ९ | ७ | १६ | ५ | ६ | ११ | ९ | ९ | १८ | ७ | ६ | १३ |

स्रोत: स्थलगत सर्वेक्षण, २०७४

यस तालिका नं. ४ मा चिदीपानी बालविकास विद्यालयमा अध्ययनरत दलित छात्रछात्रको स्थितिलाई अध्ययन गर्दा विद्यालय जाने उमेर पुगेका बालबालिकाहरू विद्यालयमा भर्ना भएको पाइन्छ । यस कक्षा इ.सी.डी. मा जति भर्ना भएका छन् कक्षा १ मा त्यति नै विद्यार्थी उत्तीर्ण भएको पाइयो । कक्षा छोडेको देखिएन भने यस गाउँका दलित अभिभावकले उमेर पुगेका बालबालिकालाई विद्यालय पठाएको देखियो । यस्तै गरी श्री गहते माध्यमिक विद्यालयका गहतेमा अध्ययन दलित छात्र छात्रा तथा अन्य जातिका विद्यार्थीहरूको विवरण यसप्रकार रहेको छ ।

## तालिका नं. ५

## गहते माध्यमिक विद्यालयमा दलित विद्यार्थीको स्थिति

| कक्षा | शैक्षिक सत्र २०७३ | | | शैक्षिक सत्र २०७४ | | |
|---|---|---|---|---|---|---|
| | दलित विद्यार्थी | | | दलित विद्यार्थी | | |
| | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा |
| १ | - | - | - | - | - | - |
| २ | ५ | ६ | ११ | ७ | ६ | १३ |
| ३ | ३ | ४ | ७ | ५ | ६ | ११ |
| ४ | ६ | ४ | १० | ३ | ३ | ६ |
| ५ | ७ | ६ | १३ | ६ | ४ | १० |
| ६ | ५ | ७ | १२ | ६ | ६ | १२ |
| ७ | ६ | ५ | ११ | ५ | ६ | ११ |
| ८ | ६ | ४ | १ | ६ | ५ | ११ |
| ९ | ५ | ५ | १० | ५ | ४ | ९ |
| १० | ३ | ४ | ७ | ५ | ५ | १० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका नं. ५ मा श्री गहते माध्यमिक विद्यालयमा गहतेमा अध्ययनरत सम्पूर्ण दलित छात्रछात्राहरूको शैक्षिक सत्र २०७३ र ०७४ को स्थिति बताएको छ । यस नमुना क्षेत्रभित्र परेका दलित कामी जातिमा विद्यालय पढ्ने जम्मा ८९ बालबालिका मध्ये सबै अधिकांश बालबालिका विद्यालय जाने गरेको पाइयो । यस कक्षा ८ देखि ९ मा जाँदा केही विद्यालय छोडेको देखियो । यस विद्यालयका प्र.अ. लाई सोध्दा यस दलित समुदायको बालबीलकाको शैक्षिक स्थिति कस्तो छ भनेर प्रश्न गर्दा वर्तमान समयमा दलित समुदायमा पढ्नुपर्छ, शिक्षा लिनुपर्छ भन्ने मानसिकतामा वृद्धि भएको छ । पहिला पहिला भर्ना गर भन्दै गाउँ गाउँ, टोल टोल जानु पर्दैन । पेशा परिवर्तन पछि ती जातिमा पढ्ने परिवारका बालबालिकाको संख्या बढी रहेको छ । खासगरी पुरानो पेशामा नगद आम्दानी नहुने, जहिले पनि धरमै बसी काम गर्नुपर्ने, घुमफिर गर्न नआउने जसले गर्दा नयाँ नयाँ कुरा जान्न सुन्न नपाउने गर्दा परम्परागत पेशागर्न कमीको शिक्षामा प्रगति हुन नसकेको कुरा जब

नगदेमूलक पेशा गर्न लागे त्यसपछि आम्दानी बढ्यो । जसले गर्दा उनीहरूका विभिन्न क्षेत्रमा पहुँच वृद्धि हुन पुग्यो र अहिले अधिकांश कामी जातिका बालबालिका विद्यालय भर्ना भई निरन्तर विद्यालय आएका छन् भन्ने कुरा र कोही परिवारले तराई बजार क्षेत्रतिर लगी बोडिङ्ग स्कुलमा पनि पढाएका छन् भन्ने कुरा बताएका थिए ।

यस क्षेत्रका कामी जातिमा पेशा परिवर्तन शिक्षामा प्रभावको देखिन्छ । परम्परागत पेशा गर्दा नगदे आम्दानी नहुने कारण शिक्षामा लगानी गर्न कठिन परेको तर अहिलेका नगदेमूलक पेशा गर्दा आम्दानी नगदमा हुने भएकाले बालबालिकाहरूलाई पढाउन सजिलो भएको कुरा पेशा परिवर्तन गर्ने कामी जातिले बताएका थिए । जसले गर्दा अहिले अधिकांश बालबालिका विद्यालय गएर निरन्तर कक्षा नछोडी अध्ययन गरेका थिए । यो एउटा पेशा परिवर्तनको प्रभावको रूपमा उल्लेख गर्न सकिन्छ ।

### ४.४.१.२ स्वास्थ्य

यस अध्ययनमा कामी जातिहरूको स्वास्थ्य स्थितिको बारेमा जानकारीको लागि निम्न अनुसारको स्वास्थ्य सूचकहरूको अध्ययन गरिएको थियो ।

### क) खानेपानी

स्वास्थ्य स्थितिको एउटा महत्वपूर्ण परिसूचक मानिसहरूले प्रयोग गर्ने खानेपानी हो । यस क्षेत्रका मानिसहरूले प्राय : सबै मानिसले धाराको पानी प्रयोग गरेको देखियो । जम्मा ४२ घरधुरीलाई सोधिएको प्रश्नमा तपाई खानेपानी कहाँको प्रयोग गर्नुहुनछ भन्ने प्रश्न गर्दा ३३ घरधुरीले धाराको पानी प्रयोग गर्ने र ९ घरधुरीले कुवाको पानी प्रयोग गर्ने बताएका थिए । ती ९ जना मध्ये ४ घरपरिवारले परम्परागत कृषि पेशा गर्ने, ३ जनाले परम्परागत आरन चलाउने र १ जना पेशा परिवर्तन गरेका थिए । यसबाट के थाहा हुन्छ भने धाराको पानी प्रयोग मानिसको संख्या बढी देखिन्छ । मानिसहरूलाई पानी सफा पिउनुपर्दछ, फोहोर पानीले गर्दा विभिन्न रोगहरू उत्पन्न हुन्छन भन्ने कुरा पनि अधिकांश मानिसहरूलाई थाहा भएको कुरा पाइयो । यस सन्दर्भमा ११ जना उत्तरदाताले पेशा परिवर्तन भएदेखि हाम्रो गाउँमा धाराको स्वच्छ पानी पिउनु पर्छ भन्ने कुरा सिकेको कुरा बताएका थिए ।

## ख) शौचालय र सरसफाई

शौचालयको उपयोगबाट अनेकौ सरुवा रोगहरूबाट बच्न सकिन्छ । चर्पी एउटा सभ्य विकसित समाजको ऐना हो । यस क्षेत्रका कामी जातिको घरमा १५ जना अ अर्थात् ३५.७१ प्रतिशत पक्की २१ जना अर्थात ५० प्रतिशत कच्ची, २८ जना अर्थात १४.२९ प्रतिशत घरमा चर्पी नभएको तत्कालै निर्माण गर्न लागेको पाइयो । उक्त गाउँपालिका खुला दिशामुक्त भइसकेकोले चर्पी सबै घरमा बनेको र खुल्ला दिशा नगरेको पाइयो । यसबाट कामी जातिमा धेरै चेतना र परिवर्तन भएको कुरा जानकारी पाउन सकिन्छ । त्यस गाउँका कामी जातिमध्ये जानकारीमा आए अनुसार समाजसेवी व्यक्ति हरि बहादुर विक (नाम परिवर्तन) ले पहिलेका कामी र अहिलेका कामीमा धेरै परिर्तन भएको बताएका छन् । सरसफाइमा धेरै ध्यान दिन थालेका छन् । मानिसहरू अहिले गरिरहेको पेशाबाट आर्थिक आम्दानी गर्न लागे देखि आफ्ना छोराछोरीलाई पढाउन थालेका छन् । यी छोराछोरीको दवावमा पनि घरमा चर्पी सबै घरमा बनाएका हुन् । साथै चर्पी बनाउन गाउँपालिकाले करिब ६० प्रतिशत आर्थिक सहयोग गरेको छ । ती उत्तरदाताका अनुसार चर्पीको समस्या त्यो गाउँमा छैन ।

## ग) औषधि उपचार

रैनादेवी छहरा ७ वल्डेङगढी बस्ने समुदायका मानिसहरूले प्रत्येक्ष उपभोग गर्न सक्ने उपस्वास्थ्य चौकी रहेको छ । उक्त स्वास्थ्य चौकी सबैको पायक पर्ने ठाउँमा नै छ । सामान्य रोगका लागि अधिकांश मानिसहरू त्यहाँ जाने गर्दछन् । यस सन्दर्भमा कामी समुदायका मानिसहरूलाई तपाईको परिवार विरामी हुदा के गर्नुहुन्छ ? औषधि उपचारका लागि कहाँ लैजानुहुन्छ ? भन्ने प्रश्न गर्दा प्राप्त प्रतिक्रियालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ६

## औषधि उपचार

| क.स. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सिधै अस्पताल | १२ | २८.५७ |
| २ | स्वास्थ्य चौकी | २५ | ५९.४३ |
| ३ | धामीझाक्री पछि स्वास्थ्य चौकी | ५ | १२.०० |
| ४ | धामीझाक्री मात्र | ० | ०.०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७४

तालिका नं ६ लाई हेर्दा अधिकांश ५९.४३ प्रतिशत व्यक्तिहरूले नजिकको स्वास्थ्य चौकीमा औषधि उपचार गर्न लैजाने, २८.५७ प्रतिशत सिधै अस्पताल लैजाने र १२ प्रतिशत मानिसहरूले पहिला झारफुक पछि स्वास्थ्य संस्थामा लैजाने बतएका थिए तर धामीझाक्रीका मात्रै लैजाने कोही पनि भेटिएनन् । यसबाट कामी जातिमा अन्धविश्वास जस्ता नराम्रा कुराहरू विस्तारै हटेको देखिन्छ ।

गहते उप स्वास्थ्य चौकीका संचालक समितिका १ जना दलित सदस्य भन्नुहुन्छ कामी जातिमा धेरै चेतना आएको छ । धेरै व्यक्ति स्वास्थ्य प्रति सचेत छन् । अन्धविश्वास जस्ता कुराहरू समाजबाट हट्न थालिसकेका छन् । अलि अलि पुरा पुस्तामा यस्तो देखिए पनि नयाँ नयाँ , शिक्षित पुस्तामा यस्तो क्रियाकलाप देखिएको पाइदैन । अहिले उहाँ भन्नुहुन्छ “अहिले यस क्षेत्रका कामीहरू नगदे आम्दानीमूलक कृषि पेशा सुरु गरेका छन् जसले गर्दा आर्थिक आम्दानी भएको छ । पहिला धेरै कामी जातिले लामा धामीका विश्वास गर्दथे । स्वास्थ्य उपचार गर्नुभन्दा पहिले लामा धामी कहाँ लैजान्थे ।” यसले पनि समाजमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

उहाँको भनाईलाई विश्लेषण गर्दा युवा पुस्ताहरूमा नयाँ विचार, सीप, क्षमता वृद्धि भएको छ । हामी पनि केही गर्न सक्छौ अन्य जाति सरह हुन सक्छौ र आर्थिक पक्ष सक्षम भए व्यक्तिको जीवन यापन सकारात्मक परिवर्तन देखा पर्ने रहेछ भन्ने कुरा बुझ्न सकिन्छ ।

### घ)    धुम्रपान र मद्यपानको प्रयोग

धुम्रपान र मद्यपान स्वास्थ्यका लागि हानिकारक हुन्छ । कामी जातिमा पहिला धेरै र यस्तो सेवन गर्ने मानिसहरू धेरै नै भेटिन्थ्ये । यस्तो सेवन गर्नमा बढी पुरानो पुस्ता बढी देखिन्छ । खासगरी विष्टहरूको काम गर्न कामी यस्तो बढी देखिएको छ । तपाईले धुम्रपान र मद्यपान सेवन गर्नुहुन्छ कि हुँदैन भन्ने प्रश्न गरिएको थियो । उक्त प्रश्न गर्दा प्राप्त भएको प्रतिक्रियालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**धुम्रपान र मद्यपानको अवस्था**

| पेशा | संख्या (जना) | धुम्रपान गर्ने संख्या | प्रतिशत | मद्यपान गर्ने संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि | २७ | १६ | ५९.२६ | १४ | ५१.८५ |
| व्यापार | ४ | ३ | १०० | १ | ३३.३३ |
| जागिर | ४ | ० | | ० | |
| विदेश | ५ | ० | | २ | |
| आरन | ३ | ३ | १००% | ३ | १००% |

स्रोत स्थलगत सर्वेक्षण, २०७४

तालिका नं ७ लाई हेर्दा पेशाले पनि मद्यपान प र धुम्रपान गर्ने अवस्थामा प्रभाव पारेको देखिन्छ । जागिर गर्नेमा धुम्रपान र मद्यपान कसैले नगर्ने बताए भने पुर्खौली पेशा गर्नेले मद्यपान धुम्रपान गर्ने बताएका थिए । समाजमा प्रतिष्ठित पेशाहरू गर्ने मानिसहरूले मद्यपान र धुम्रपान कम गरेको पाइयो भने पहिला जस्तो जहाँ पायो त्यही खाने पल्टिने, हल्ला गर्ने, कराउने जस्ता कुराहर समाजमा हराइसकेको भन्ने कुरा त्यहाँका दलितका वडा प्रतिनिधिले बताएका थिए । यसबाट पनि पेशा परिवर्तन हुँदा स्वास्थ्यमा पनि ख्याल गर्ने गर्दछन् भन्ने कुरा प्राप्त भयो ।

### ४.४.१.३ विवाह

विवाह संस्कार हिन्दु समाजमा महत्वपूर्ण संस्कार मानिन्छ । यस क्षेत्रका कामीहरू पूर्ण रुप्मा हिन्दुधर्म मान्ने गरेको पाइयो । विवाहको सम्बन्धमा के परिवर्तन आएको छ भन्ने कुरा थाहा पाउनका लागि कामी जातिलाई के तपाईको अन्तर जातीय विवाह र यस गाउँमा अन्तरजातीय विवाह भएको छ भन्ने प्रश्न गरिएको थियो । यस सन्दर्भमा ४ वटा परिवारमा अन्तरजातीय विवाह भएको पाइयो । त्यसमध्ये ४ वटै कामी पुरुषले अन्य जाति वा गैरदलित (मगर, कार्की, खड्का) केटीसँग विवाह गरेको पाइयो । यी विवाह गर्न केटाहरू २ वटा विदेश जने आउने गर्ने १ वटा जगिर (नेपाल प्रहरी) र १ वटा कुखुरा पालन गर्ने पेशा गर्ने केटाहरू थिए । यसरी हेर्दा अति धनी अर्थात कमाउने केटाहरूसँग ती केटीहरूले विवाह गरेको पाइयो । नयाँ पेशा गर्ने केटाहरूसँग केटीले विवाह गरेको पाइयो । यस सन्दर्भमा उनका श्रीमतिलाई पनि सँगै राखेर प्रश्न गरिएको थियो । श्रीमतिहरूले जातपात केही होइन केटो सज्जन, रक्सी नखाने, पैसा कमाउने भएपछि हुन्छ । विचार नराम्रो भएको तर ठूलो जातको केटाको भन्ने कुरा उल्लेख गरिएको थियो । उनीहरूका अनुसार पहिला जस्तो विष्टहरूको घरमा गएर मागेर खानुपर्ने अहिले छैन । अहिले त उनी बराबर हामी छौ त्यसैले यसमा कुनै दुःख छैन भन्ने कुरा उनका श्रीमतिहरूले गरेका थिए ।

यसै सन्दर्भमा अन्तरजातीय विवाह हुँदा गाउँमा कस्तो समस्या परेको छ भन्ने प्रश्न त्यस गाउँका कामी केटाहरूलाई सोधिएको थियो । उनका अनुसार यो जात नामाकण भनेको कामका आधारमा गरिएको हो । तर अहिलेका कामी पहिला जस्तो अरुको सेवा गरेर आफ्नो जीवन निर्वाह गर्नुपर्ने छैन । सबैको आआफ्ना पेशा, व्यवसाय, रोजगारमा छन् । अन्य जातका केटीहरू हाम्रो जातका केटाहरूसँग विवाह गरेका छन् । यसले के बुझाउँछ भने आर्थिक अवस्थामा परिवर्तन भएपछि जातभात पनि हराउछ भन्ने कुरा निष्कर्ष निकाल्न सकिन्छ ।

यी भनाईलाई विश्लेषण गर्दा कामी जातिले पहिला गर्ने काम नयाँ काम वा पेशामा आउँदा उनीहरूको आर्थिक पक्षमा सुधार देखिएकोले अन्य जातिले हेर्ने दृष्टिकोण पनि परिवर्तन भएको पाइयो ।

### ४.४.१.४ लैङ्गीक विभेद

वर्तमान समयमा नेपालमा विद्यमान सबै ऐन कानुनहरूले महिला र पुरुषहरूलाई समान अधिकार प्रदान गरेको पाइन्छ । यस अध्ययनमा पुरुषहरूको भन्दा महिलाको जनसंख्या हेर्दा बढी पाइयो । लैङ्गिक अनुपात ९०.४३ देखियो । यसले गर्दा छोराको महत्व बढी हुने र छोरा पाउनका लागि बढी छोरी जन्मिने देखिएको छ । अर्को तर्फ ८९ जना बालबालिका वा छोराछोरी मध्ये ४९ जना छोरी र ४० जना छोरा को संख्या भेटिएको छ । छोरा छोरीको संख्या हेर्दा लैङ्गिक समानता भने देखिएको छैन ।

विद्यालय पठाउने सन्दर्भमा छोरा र छोरी दुवैलाई सबैले विद्यालय पठाएको देखियो भने घरमा श्रीमतिलाई घर व्यवहार चलाउन दिए आफू जागिर गर्ने, विदेश जाने, व्यापार गर्ने काम लागेको पाइयो । महिलाले घरव्यवहार संचालन गर्ने पुरुष घर बाहिर बढी व्यस्त भएको पाइयो । यसरी हेर्दा केही मात्रा विभेदको कमी भएको देखिएता पनि कामी जातिमा लैङ्गिक विभेदको अन्त्य हुन नसकेको देखियो । तर आधुनिक पेश ।गर्ने क्षेत्री ब्राहमण जस्तो पेशा गर्ने परिवारमा भने छोरा र छोरीलाई हेर्ने दृष्टिकोण समान रहेको थियो । गहते मा.वि. का प्रधानाध्यापकलाई कामी जातिमा छोरा र छोरीलाई हेर्ने दृष्टिकोणमा के भिन्नता देख्नुहुन्छ भन्ने प्रश्न गरिएको थियो । यस सन्दर्भमा उहाँले पहिला जस्तो छोरीलाई नपढाउने, छोरालाई पढाउने जस्तो कार्य अहिले छैन सबै बालबालिका विद्यालयमा भर्ना भई अध्ययन गर्न पठाएका छन् । यो कुरा अन्त्यन्त सकारात्मक हो । पहिला अलि जान्ने बुझ्ने कामीले मात्र पढाउनु पर्छ भन्ने कुरा थियो तर अहिले कामी जाति धेरै सचेत भएका छन् । अधिकांश कामी जाति उत्पादनमलक काम वा व्यवसाय गर्न लागे देखि तिनीहरूको स्तर वृद्धि भएको छ । महिलाहरू पनि गाउँमा हुने सभा, मिटिङ तथा कार्यक्रममा उपस्थित हुन लागेका छन् । पुरानो पुस्तामा केही विभेद देखिए पनि अहिलेका बालबालिका तथा महिलामा विभेद देखिदैन भनी बताएका थिए ।

उनका विचारलाई हेर्दा कामी जातिमा विस्तारै लैङ्गिक विभेद हटेको देखिन्छ । छोरा र छोरीलाई गर्ने व्यवहार र प्रदान गर्ने सुविधामा समान गर्ने कार्यमा सुधार भएको देखियो ।

### ४.४.२ आर्थिक प्रभाव

कुनै पनि समाज र जातिको अध्ययन गर्दा त्यस समाजको आर्थिक स्थितिलाई अधययन गरिनुपर्दछ । अीर्थक अवस्था सवल भएको समाजमा मानिसहरू र अवल भएको समाजमा मानिसहरूको ठूलो भिन्नता रहेको पाइनछ । आर्थिक अवस्थाले कै समाजमा स्तर निर्धारण गर्ने भएकाले समाजमा बसेर आफ्ना सम्पूर्ण क्रियाकलाप पुरा गर्नका लागि अीर्थक तत्व नै आवश्यक पर्दछ । मानवीय आवश्यकता पुरा गर्नका लागि आर्थिक तत्व नै आवश्यक पर्दछ । आर्थिक तत्वलाई प्रभाव पार्ने तत्वहरू मध्ये पेशा पन एक हो । यस अध्ययनमा कामी जातिमा आएको पेशा परिवर्तनले तिनीहरूको आर्थिक अवस्थामा के के परिवर्तन र सुधार आएको छ भन्ने कुरा मुख्य केन्द्रविन्दु भएकोले आर्थिक पक्षका सूचकहरू पेशा, जग्गा, जमिन, सम्पत्ति आम्दानी शिक्षामा लगानी जस्ता कुरालाई आधार मानिएको थियो । आर्थिक पक्षको मूल्याङ्कन गरिएको छ । कामी जातिको परम्परागत पेशा फलाम सम्बन्धी औजारहरू कामहरू छोडी अन्य पेशामा प्रवेश गरेको देखियो ।

#### ४.४.२.१ आम्दानी

यस ठाउँमा अधिकांश मनिसहरू करिब ६५ प्रतिशत कृषि पेशामा निर्भर रहेका छन् बाँकी जागिर, व्यवसाय र विदश आउने जाने गरेको देखिन्छ । खासगरी कामी समुदायको पहिलाको सम्पत्ति तथा जग्गा कम हुने विष्टहरूको काम गरिदिने भन्ने केही छिमेकी मुलुक भारत जाने गर्दथे । सामान्य जनजीवन मात्रै निर्वाह गरेको देखिन्छ । वर्तमान समयमा ती कामी जातिले परम्परागत रूपमा गर्दै आएका पेशाहरूलाई आधुनिक शैलीमा बदल्ने देखि आम्दानीमा सुधार भएको देखिन्छ । ती मानिसहरूलाई अहिलेको तपाईको वार्षिक कमाइ कति हुन्छ भन्ने प्रश्न गर्दा प्राप्त भएको जानकारीलाई देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ

**तालिका नं ८**

**आम्दानीको अवस्था**

| पेशा | संख्या | वार्षिक (रु औषत) |
|---|---|---|
| कृषक | २७ | १,३२,०००/- |
| जागिर | ४ | ३,२५,०००/- |
| व्यवसाय | ३ | ४,१५,०००/- |
| विदेश | ५ | ४,३६,०००/- |
| आरन राख्ने | ३ | नगदमा हुँदैन |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

उक्त तालिकालाई हेर्दा सबैभन्दा बढी आम्दानी विदेश अर्थात तेस्रो मुलुक (कतार, साउदी, मलेसिया) जाने व्यक्तिहरूमा देखियो । त्यसपछि व्यवसाय बाखा र कुखुरा पाल्ने व्यक्तिको देखियो भने तेस्रोमा जागिर गर्ने, चौथोमा आधुनिक कृषि गर्नेको देखिन्छ । तर आरन काम गर्ने आरन गर्दा नगदमा आम्दानी नहुने कुरा बताए । खासगरी जीवन निर्वाह गर्न आफ्नो थोरै थोरै जग्गामा धान खेती हुने सबैले बताए । यसरी हेर्दा कामी जातिको नगदमा आधारित आम्दानी वृद्धि भएको देखिन्छ । उनीहका अनुसार पुर्खौली पेशाबाट यसरी नगदमा आम्दानी नहुने, सामान्य जीवन यापन गर्न पनि कठिन हुने हुँदा यस्ता पेशामा प्रवेश गरेदेखि जीवनयापनमा सहजता देखिएको कुरा उत्तरदाताले बताएका थिए ।

### ४.४.२.२ सम्पत्ति

कामी जातिको ऐतिहासिक पृष्ठभूमि हेर्दा अन्य जातिको भन्दा सम्पत्रि अर्थात जग्गा जमिन बासस्थानको अवस्था कमजोरिनै देखिन्छ । सामान्यतया कामी जातिले आफ्नो जीवन निर्वाह गर्न विष्टहरूको औजार अरजापने, तिनीहरूको खेतवारीमा हलिको काम गर्ने, कोही छिमेकी मुलुक भारतमा जाने गरेको पाइन्छ । वर्तमान अवस्थामा कामको स्थितिलाई धेरै परिवर्तन भएको देखियो । अधिकांश कामीहरूले त्यस्ता पुराना कामह छोडेर आधुनिक समाजमा गरिने अर्थात किसित जातिले गर्ने कामगहरू अगालेको यो अध्ययनले देखाएको छ । नमुना क्षेत्रभित्र परेका कामी जातिलाई यस पेशामा लागेदेखि के कति सम्पत्रि जोड्नु भयो भन्ने प्रश्न गर्दा निम्नानुसार प्रतिक्रिया दिएका थिए । जुन यसप्रकार रहेको छ ।

**तालिका नं. ९**

**नयाँ पेशामा प्रवेश पछि सम्पत्ति जोडेको**

| क्र.स. | सम्पत्ति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घर बनाउने | ३१ | ७३.८१ |
| २ | खेत किन्ने गाउँमा | ९ | २१.४३ |
| ३ | बारी/घरबारी | १७ | ४०.४८ |
| ४ | धान मिल | १ | २.३८ |
| ५ | जग्गा तराइमा | ६ | १४.२६ |
| ६ | गरगहना (तोलामा) | २१ | ५० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका नं. ९ लाई हेर्दा उक्त क्षेत्रका कामी जातिका घरहरू सानो झुप्रा र घर खरले छाएका थिए भने अहिले करिब ७३.८१ प्रतिशत व्यक्तिले नयाँ घर बनाएको बताएका थिए । उक्त घरहरू क्षेत्र ब्राहमणका जस्तै टिनले छाएका लिपपोत गरेका सफा देखिन्थे । त्यसैगरी २१.४३ प्रतिशत मानिसले उक्त काम लागे देखि खेत किनेका थिए । खासगरी उक्त गाउँमा क्षेत्रहरू तराइतिर झर्ने प्रवृत्ति बढेको देखिन्छ उनका सम्पत्तिहरू कामीले किनेका देखियो । त्यसैगरी उक्त पेशामा लागेदेखि ४०.४८ प्रतिशत बारी खरबारी, १४.२६ प्रतिशतले तराइमा जग्गा, ५० प्रतिशतले गरगहना पनि लगानी गरेको देखियो । यसरी हेर्दा कृषकहरू बारी र खरबारी किनेको बताएका थियो । त्यो ठाउँमा अदुवा अमरिसोलाई उपयुक्त हुने माटो भएकाले केही व्यक्तिहरू आफ्नो जग्गालाई उपयोग गरी नगद वालीमा आकर्षित भएको देखियो । त्यसैगरी सुनकाउली पनि त्यहाँको सम्भाव्य बोकेको नगदेवालीको रुप्मा देखिएको छ । अधिकांश मानिसले बारी तथा खरबारीमा यो लगाएका देखियो । यसबाट उत्पादन नभइसकेको कुरा उल्लेख गरेका थिए ।

त्यसैगरी विदेश जानेले पनि तराइतिर जग्गा किनेको देखियो । यसले गर्दा जब ती कामीहरूको आर्थिक अवस्था राम्रो हुन थाल्यो । तिनीहरूको सोच व्यवहारमा पनि परिवर्तन भएको देखिन्छ । यस सन्दर्भमा ९ जना उत्तरदाताले पुरानो पेशा गर्दा नगद आम्दानी नभएको र अहिलेको पेशामा लागेपछि केही न केही नगदमा आम्दानी हुने भएकोले सम्पत्ति जोड्न सकेको कुरा बताएका थिए ।

#### ४.४.२.३ शिक्षामा लगानी

शिक्षा परिवर्तन बाहक हो । यसले नागरिकको सीप क्षमता जस्ता कुराहरूको विकास गर्दा शिक्षाले नागरिकलाई आत्मनिर्भर बनाउन सहयोग गर्दछ । शिक्षाले सभ्य समाजको निर्माण गर्न टेवा दिन्छ । शिक्षा कुनै पनि जाति, समुदाय तथा राष्ट्रको विकासका लागि नभई नहुने विकसा निर्माणको पूर्वाधारको रूपमा लिइन्छ । कामी जातिहरू शिक्षँको पहुँचबाट टाढा हुँदा तिनीहरूको जीवनलाई स्तरीय बनाउन कठिन परेको देखिन्छ । पुरानो पुस्ताले पढ्न शिक्षा प्राप्त गर्ने वातावरण नभएको हुँदा अवका सन्तान छोराछोरीलाई पढाउनु पर्दछ भन्ने आवाज सबै कामी जातिमा सुनियो । वर्तमान समयमा प्राप्त आम्दानीको धेरै हिस्सा शिक्षामा लगानी गरेको कुरा अधिकांश व्यक्तिहरूले व्यक्त गरेका थिए । ५ जना व्यक्तिले छोराछोीलाई पढाउन तराई सहरमा संस्थागत विद्यालयमा लगेको कुरा उल्लेख गरे । १ जनाले २ वटा छोराछोरीलाई इन्जिनियर पढाएको बताए । २ जनाले अनमी र सिएम.ए पढाएको उल्लेख गरे । त्यसैगरी अरुले पनि सबै छोराछोरीलाई विद्यालय पढाएको र जसरी पनि छोराछोरीलाई राम्रो तरिकाले राम्रो विषय पढाइ अन्य जातिका छोराछोरी सरह बनाउने इच्छा व्यक्त गरेका थिए । त्यसैगरी पुर्खौली पेशा गर्दाको समयमा यस गाउँका दलित बालबालिकाहरू कम विद्यालय जाने, गए पनि विद्यालय छोड्ने गर्दथे । शिक्षामा लगानी कम हुन्थ्यो । यहाँ १० कक्षा सम्म मात्र विद्यालय भएकाले यति सम्म पढ्न त्यसपछि बाहिर लगेर पढाउन सक्ने क्षमता थिएन तर अहिले १० कक्षा पढिसकेपछि अन्यत्र लगेर पनि पढाउने कार्य बढेको छ भन्ने कुरा एक जना उत्तरदाताले बताएका थिए ।

यसबाट के बुझिन्छ भने आफ्नो पुस्ताले पढ्न नपाए पनि आफ्ना छोराछोरीलाई जसरी पनि पढाउने र त्यसका लागि यस्ता विकल्पका रूपमा यी विभिन्न पेशालाई प्रवेश गर्न लागेको कुरा बुझ्न सकिन्छ । समय परिस्थिति सँगसँगै आफूसँग भएको स्रोत र साधन उपयोग गरी आम्दानी गर्नुपर्छ भन्ने मान्यताका फलस्वरूप यस नगदे आम्दानी पेशा लागेको हो । भन्दछन् त्यस क्षेत्रका एक जना दलित कामी व्यक्ति ।

#### ४.४.२.४ खान पुग्ने अवधि

कामी जातिको आर्थिक अवस्थामा पेशा परिवर्तन पश्चात खान पुग्ने नपुग्ने के कति महिना खाना पुग्छ भनी प्रश्न गरिएको थियो । पहिला कामी जातिको जग्गा जमिन कमै

थियो । जग्गा जमिन केही भएका मध्ये पनि राम्रो उब्जाउ हुने थिएन । जसले गदा अत्यन्तै कम समय खान पुग्थ्यो भन्ने कुरा उनीहरूले बताएका थिए तर अहिले जग्गा जमिनमा प्रयोग गरेर त्यसमा सुनकाउली, अदुवा, अमरिसो केही बाखाप पालन, कुखुरा पालन गरेर राम्रै आम्दानी गरेका छन् । यस सम्बन्धमा उत्तरदाताले दिएको प्रतिक्रियाका आधारमा निम्न तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**खान पुग्ने अवधिको आधरामा घरपरिवार**

| क्र.स. | खान पुग्ने समय | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-३ महिना सम्म | ४ | ९.५२ |
| २ | ३ -६ महिना सम्म | ७ | १६.६७ |
| ३ | ६-९ महिना सम्म | १७ | ४०.४८ |
| ४ | ९- १२ महिना सम्म | १४ | ३३.३३ |
| जम्मा | | ४२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका नं १० लाई हेर्दा करिब ७४ प्रतिशत परिवारलाई ६ महिनाभन्दा बढी वर्तमन पेशाले पुगेको देखियो । खासगरी ती कामी पहिला पूर्ण रूपमा विष्टहरूसँग निर्भर हुनुपर्ने अरुको काम गरेर आफ्नो जीवन निर्वाह गरेको अवस्थामा यहाँ सम्मको अवस्थाका आउनु सबभन्दा ठूलो उपलब्धी हो । अधिकांश कामीहरू पेशा परिवर्तन गरका र उक्त पेशाबाट पूर्ण आम्दानी बाँकी नै रहेको कारणले यिनीहरूको भोलिका दिनहरूमा आर्थिक आम्दानी राम्रो हुने विश्वास गर्न सकिन्छ । किनभने अघिल्लो तालिकाबाट जागिर व्यवसाय गर्ने परिवारको संख्या ७, विदेशबाट आम्दानी गर्ने ५ जना र बाँकी नेपालमै उत्पादनमुलक कृषि काम गरेकोले तिनीहरूको आर्थिक अवस्थामा परिवर्तन आएको देखिन्छ । यसरी हेर्दा बाकी रहेका पुर्खौली पेशालाई पनि वैज्ञानिक तरिकाले संचलान गर्न सके तिनीहरूको कमाइ राम्रो हुने देखिन्छ । यस सन्दर्भमा १९ जना उत्तरदाताले पेशा परितर्वन गरेदेखि हाम्रो खाना पुग्ने अवधिमा वृद्धि भएको छ भन्ने कुरा उल्लेख गरेको थिए । जसले गर्दा यही आम्दानीले वर्षभरी खान पुग्न सक्छ । यस सन्दर्भमा यहाँ दलित जानकार व्यक्तिहरूले आधुनिक पेशामा

प्रवेश गर्दा सबैको नै कमाएको सम्पत्तिले खान पुग्ने अवधि वृद्धि भएको भन्ने कुरा बताएका थिए ।

### ४.४.२.५ आर्थिक पक्षका अन्य सूचकहरू

कुनै पनि समाजमा मानिसले के कति आम्दानी गर्दछ र त्यो आम्दानीलाई खर्च के कति शीर्षक अन्तर्गत गर्दछ भन्ने कुरा आर्थिक सूचक भित्र पर्ने कुरा हो । यस गाउँका कामी जातिको आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा विभिन्न वस्तुहरू जस्तो मोटर वाइक, टेलिभिजन, मोवाइल रेडियो, क्यासेट सोलार आदि कुराहरू पनि आर्थिक अवस्थाको सूचकको रूपमा लिएको थियो । यस क्रममा प्राप्त प्रतिक्रियालाई निम्नानुसार ताlलिकामा प्रस्तुत गरिएको छ ।

**तालिकानं ११**

**आर्थिक पक्षका अन्य सूचकहरू**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मोटरबाइक | ३ | ७.१४ |
| २ | टि.भी | ६ | १४.२८ |
| ३ | मोबाइल | ४१ | ९६.६२ |
| ४ | रेडियो | ३१ | ७३.८१ |
| ५ | क्यासेट | २४ | ६४.२९ |
| ६ | सोलार | ९ | २१.४३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका नं ११ लाई हेर्दा कामी जातिको अवस्थामा सुधार भएको देखिन्छ । कामी जातिको समुदायमा यसरी मोटरबाइक, टि.भी, सोलार हुनु भनेको अत्यन्तै स्तरीय समुदायको रूपमा बुझ्न सकिन्छ । मोबाइलको सन्दर्भमा कुरा गर्दा ९७.६२ प्रतिशत परिवारमा मोवाइल रहेको पाइयो । त्यसैगरी २१.४३ प्रतिशत परिवारमा सोलार बत्ती पनि राखेको पाइयो । त्यहाँको गाउँका एक जाकार व्यक्तिलाई यस सम्बन्धमा कामी जाति यो परिवर्तन ल्याउने प्रमुअ कुरा के होला भनेर सोध्दा उहाँले उनीहरूको आर्थिक उन्नती नै एक तत्व हो । उनका अनुसार अधिकांश कामीहरू नगदे वाली उत्पादन गर्दछन् । केही

नफल्ने बारीमा अहिले सुनकाउनली, अदुवा अमरिसो कफि खेती गरेर मनग्य आम्दानी गर्नु नै उनीहरूका लागि राम्रो कुरा हो । उनीहरूको घरमा पहिला यस्ता विलासीताका साग्री थिएनन । अहिले छ उनीहरूको समुदाय अत्यन्त माथि उठेको छ । उनीहरू हक अधिकारका कुराहरू आफै उठाउँछन् बहन गर्दछन यो राम्रो कुरा हो भनी बताएका थिए ।

यस विचारलाई हेर्दा जब कामीले आफ्ना पेशाहरू परिवर्तन गरी आर्थिक उन्नती गर्न लागे उनीहरूका आवश्यकताहरू परिवर्तन र वृद्धि हुन लागेको देखिन्छ । अहिलेका घटनालाई हेर्दा कामी जातिको पेशा परिवर्तनले आर्थिक प्रगतिको प्रमुख सूचकको रूपमा बुझ्न सकिन्छ ।

### ४.४.२.६ ऋण धन र सापटीको अवस्था

कामी जातिहरूको पहिलेको अवस्थालाई हेर्दा यस क्षेत्रका कामीहरूको अवस्था पूर्ण रूपमा विष्टहरूसँग निर्भर रहेको पाइन्छ । जीवननिर्वाह गर्न ऋण लिने सापटी लिने त्यस वापत उनीहरूको खेती पातिमा काम गरी तिर्ने गर्दथे । तर यस अध्ययमा कामी जातिहरू पहिलेको अवस्थामा नरहेको देखिन्छ । अहिलेका केही कामीहरूसँग त अन्य जातिका व्यक्ति ऋण लिन आउने कुरा पनि उल्लेख गरेका छन् । विदेश र जागिर गर्नेले ऋण नभएको कुरा बताएका थिए । यस सन्दर्भमा ६ जनाले त उनीहरूले अरु कसैसँग केही पैसा लिन छ भन्ने कुरा गरेका थिए । पैला जस्तो शिर झुकाएर अन्य जातिहरू माग्न पर्ने अवस्था अहिले छैन बरु हामी दाजुभाइ बिचमा लेनदेन हुन्छ तर खोलाइ तरेर अन्य जातिकहाँ जानुपर्दैन जस्ता कुराहरू ती समुदायको कामीहरूले बताएका थिए ।

यसरी उनीहरूको विचारलाई हेर्दा ती जातिमा केही आर्थिक परिवर्तन भएको छ । समाजबाट दबिएर बस्नु परेका कामी जाति पैसा कमाए पनि अन्य जातिले त्यसरी हेप्न नसकेको र दुख गरेपछि सुख पाइन्छ भन्ने कुरा निष्कर्ष निकाल्न सकिन्छ ।

समाजमा महत्वपूर्ण भूमिका रहेको शील्पकाटी क्षमतावान कामी जाति वर्तमान समयमा उनीहरूको अवस्थामा अर्थात उनीहरूको सामाीजक, आर्थिक, शैक्षिक पक्षँमा परिवर्तन भएको देखिन्छ । मुलकुमा राजनैतिक परिवर्तनसँग तिनीहरूमा आएको यस्तो परिवर्तन समाज विकासका लाीग अत्यन्तै राम्रो मानिन्छ । मानिस एउटा संघर्षशील, स्वतन्त्र, प्रगतिशील प्राणी भएकोले उ जहिले पनि स्वतन्त्र बाँच्न चाहन्छ । त्यस्तै कामी

जाति पनि सधैंभरी कति अन्य जातिको सेवा गरिरहनु समाजमा शोषित भइक्ररहनु भन्ने ि वचारको विरुद्धमा आफ्नो जीवनलाई निष्कर्षमय बनाएको देखिन्छ । फलस्वरूप यी कामी जातिको पेशामा परिवर्तन आएको देखिन्छ ।

समाज परिवर्तशील र परिवर्तन प्रकृतिको नियम हो । परिवर्तन गराउने धेरै तत्वहरू छन् । यीमध्ये आधुनिककरण पनि एक हो भने समाजशास्त्रीहरूको बाहुल्यता बढी नै देखिन्छ । विनर, रोष्टो जस्ता समाजशास्त्रीले आधुनिकीकरणलाई परिवर्तनको आधार मान्ने महान व्यक्ति हुन् ।

उनीहरूको विचारलाई हेर्दा अहिले यो घटनासँग जोड्न सकिन्छ उनीहरूका अनुसार समाजमा जब समाजमा पूजीबाद, अार्थिक व्यवस्थापन प्रतिव्यक्ति आयमा वृद्धि हुन्छ शोषण पूर्ण विकृति हुन्छ अनि त्यहाँ आधुनिकीवादको जन्म हुन्छ । जसले परिवर्तन ल्याउछ । समाजमा रहेको शोषणका कारण शोषणबाट मुक्ति पाउन उसले धेरै संघर्ष गरिहेको हुन्छ । त्यसैगरी यस क्षेत्रका कामी जाति पनि शोषणबाट मुक्ति हुन सामाजिक न्याय कायम गर्न विभेद अन्त्य गर्ने पुर्खौली पेशा छोडी विकसित जातिले गर्ने पेशामा प्रवेश गरेको देखिन्छ । यहाँ पेशा परिवर्तनले तिनीहरूको अार्थिक अवस्थामा सुधार आएको कुरा यस अध्ययनले स्पष्ट पार्दछ ।

कामी जातिको पेशा परिवर्तनले तिनीहरूको आर्थिक अवस्थामा परिवर्तन आएको छ के छैन भन्ने कुरा मापन गर्न यस अध्ययनमा प्रयोग गरिएका सूचकमा आम्दानी, सम्पत्ति शिक्षामा लगानी खान पुग्ने अवधि, अन्य विलासिताका सामग्रीहरू माथि अध्ययन गर्दा पहिलेको अवस्थामा भन्दा आम्दानी वृद्धि भएको सम्पत्ति जोडेको, अधिकांश लगानी शिक्षामा गरेको, खान पुग्ने अवधिमा वृद्धि भएको र तिनीहरूको जीवनयापनलाई सहज बनाउन अधिकतम विलासिताको सामग्री प्रयोग गरेको देखियो । जसले गर्दा आर्थिक पक्षमा परिवर्तन भएको छ भन्ने कुरा विश्वास गर्न सकिन्छ ।

## ४.४.३ राजनैतिक प्रभाव

वर्तमान समयमा वल्डेङगढी गाउँका कामी जातिमा राजनैतिक चेतना र सहभागिता वृद्धि भएको देखिन्छ । देशमा समय समयमा भएका विभिन्न राजनैतिक आन्दोलनको प्रभाव पनि यस जातिमा केही पेको देखिन्छ र यस सन्दर्भमा कामी जातिको अवस्थामा कहिले देखि

स्तर सुधार हुन लाग्यो हक अधिकार प्राप्त भएको महसुस भयो भन्ने प्रश्न गर्दा ९ जना उत्तरदाताले १० वर्षे जनयुद्ध र ६२/६३ को जनआन्दोलन पछि हक अधिकार सुनिश्चित हुन लागेको कुरा बताएका थिए । यसै सन्दर्भमा के पेशा परिवर्तनले तपाईको राजनैतिक पक्षमा के के सुधार आएको छ भन्न प्रश्न गरिएको थियो र ४२ जना उत्तरदाामध्ये २१ जना उत्तरदाताले राजनैतिक पक्षमा पहुँच वद्धि हुन आम्दनीको पनि वा आर्थिक अवस्थाले पनि प्रभाव पार्न कुरा बताएका थिए । जब हामीले नगद आम्दानी मूलक पेशागर्न लाग्यौ त्यसपछि हाम्रो आर्थिक अवस्थाम केही सुधार आउन लाग्यो । हामी घर बाहिर र अन्य पनि समुदायमा जाने पहुँच पुग्न लाग्यो अरु हेप्ने, चेप्ने काम गर्न सकेनन् अरुसँग माग्न जान परेन यसले गर्दा गाउँका विभिन्न समितिहरूमा समावेश गर्न पाएको कुरा बताएका थिए । संविधानले प्रदान गरेको हक अिधकारमा पनि चासो राख्न थाले स्थानीय निर्वाचमा त्यस गाउँबाट विभिन्न दलमा गरी ६ जनाको सहभागिता रहेको कुरा त्यस गाउँका जिल्ला दलित सदस्य ऋषिराम वि.क ले बताएका थिए । उनका अनुसार जब हामी पेशा परिवर्तन गरी आर्थिक अवस्थामा सुधार आयो त्यसले गर्दा हाम्रो राजनैतिक पहुँचमा वृद्धि भएको छ भन्ने कुरा व्यक्त गरेका थिए ।

समय समयमा भएका विभिन्न राजनैतिक परिवर्तनले दलित जातिको अवस्थामा सुधार ल्याउन विभिन्न प्रयास गरेको देखिन्छ तर पनि उनीहरूको अाीर्थक अवस्थामा सुधार नहुँदा राजनैतिक पहुँचको प्रत्यक्ष प्रभाव कम परेकाले देखियो । तर जब उनीहरूका पेशा परिवर्तनले आर्थिक तर सुधार हुन लाग्यो अनि तिनीहरूमा राजनैतिक चेतना र प्रभाव र सहभागितामा वृद्धि भएको कुरा त्यहाँका दलित जातिले बताएका थिए । ७ जना उत्तरदाताले पहिला पहिला गरिबीका कारणले आफ्नो सिद्धान्त र मान्यता विपरित जसले पैसा दिन्छ उही राजनैतिक दलतमा भोट हाल्ने गरिन्थो र अहिले यो कुरा हटेको बताएका थिए ।

## ४.५ वैयक्तिक अध्ययन

यो अध्ययनलाई विश्वसनीय बनाउका लागि उत्तरदातामध्ये पेशा परिवर्तन गरेका र पुरानै पेशा संचालन गरिरहेका व्यक्तिहरूमा वैयक्तिक अध्ययन गरिएको थियो । ती व्यक्तिहरूको पारिवारिक अवस्था, पेशागत अवस्था, आर्थिक अवस्था, दिनचर्या विज्ञान र प्रविधिको प्रयोग, सामाजिक, राजनीतिक अवस्था अाीद पक्षहरूमा आधारित भई वैयक्तिक अध्ययन गरिएको थियो ।

## क) ऋषि बहादुर वि.क (नाम परिवर्तन) को वैयक्तिक अध्ययन

ऋषि बहादुर वि.क ५३ वर्षीय एक पुरुष हुन । रैनादेवी छहरा गाउँपालिका वडा नं. ७ बर्तागङगठी टोल चिदीपानीमा बस्ने एक स्थानीय बासिन्दा हुन् । पुर्खौली पेशा बाउबाजे गरेको पेशा सुन सम्बन्धी काम बताउने उनी हाल आएर पूर्ण पमा आधुनिक कृषि पेशा गर्दछन् । उनको परिवारमा १० जना सदस्य रहेका छन् । संयुक्त परिवारमा बस्ने उनका १ छोर ४ छोरी छन् भने छोराले विवाह गरिसकेकाे बताउने उनका नाति ३ र नातिनी १ रहेका छन् ।

कामी समुदायमा हुकै पनि अलि आफ्नै विचार दर्शन बोकका ऋषि बहादुर कामी वा दलित परिवार भन्द फरक छन् । उनी कामी वा दलित समुदायका नेता पनि हुन् । उनले बताए अनुसार उनीहरूको बहिनीहरू पनि पहिले देखिनै अध्ययनशील थिए । उनका बहिनीले २०५२/५३ मा सिलाइ कटाइ सिकी गाउँमा कपडा सिलाउने काम गर्थे । हाल उनकी एउटी बहनी निजामति सेवामा काम गर्छिन भन्ने कुरा उनले बताए । तर उनी सामानय लेखपढ गर्न मात्र जानेका छन् ।

वर्तमान समयमा ऋीष पेश ागर्ने नगदेवादी सुनकाउली उनले बारी र खरबारी सबै गरी ७०० भन्दाब ढी विरुवा लगाएका बताए । भने साझ बिहानका लागि उनले एउटा किराना पसल पनि राखेका थिए । जीवमा धेरै संघर्ष गरेको बताउने उनले उनका २ छोरीलाई पाल्पाको सदरमुकाममा कम्प्युटर इन्जिनियर पढाउन पठाएका छन् । उनले भन्छन् छोराले खासै पढेनन उनसले पढेको भए मैले ऋण धन गरेर पढाउथे अब छोरीलाई उनले पढेजति पढाउने विचारमा रहेको बताए ।

पुर्खाहरूले गरेको काम किन छोड्नु भयो भन्ने प्रश्न गर्दा सीप पनि भएन, लगानी गर्ने पैसा पनि भएन त्यसैले दलित पेशा भयो त्यसैले त्यो पेशा अहिले कृषि पेशामा लागेको कुरा बताए । करिब ४/५ वर्ष मात्र सुनकाउनली व्यवसायमा लागेका उनी भन्छन अहिले मेरो बारीमा मकै कोदो एकदमै कम फल्छ त्यसैले त्यसको ठाउँमा सुनकाउली लगाउन थालेको हो । त्यसको बजार राम्रो र ठाउँअनुसार ठिकै भ एकोले बारी भरी सुनकाउली लगाएको कुरा बताए । उनले हाल गरिरहेको पेशाबाट करिब ३ लाख जति आम्दानी हुन्छ ।

घर खर्च सानो किराना पसलबाट चल्छ । शिक्षमा लगानी बढी भएकोले छोरीलाई पढाउन बढी खर्च लागेको बताए ।

तपाईले कति सम्पत्ति जोड्नुभयो भन्ने प्रश्न गर्दा ६० हजारमा एउटा खेत किनेको छु । त्यसमा करिब १० मुरी धान फल्छ । घरमा टिन लगाए, छोरा बुहारीको विवाह गर्दा ३ तोला जति सुन किने बाखा ५ वटा छन् । भैसी पनि छ । बुहारीले कपडा सिलाउछिन् । २ वटा मेसिन किनि दिएको छु भनेको थिए ।

व्यक्ति हेर्दा कार्ल माक्स जस्ता देखिने दारी पालेका चस्मा लगाएका व्यक्ति भद्र नै देखिन्थ्ये । नेपाली राजनीतिमा अत्यन्तै रुचि राख्ने ३७ सालको ४६ सालको आन्दोलमा सक्रिय सहभागी भएको उ नले भनेका थिए । तपाईको दिनचर्या बताइदिनुहोस भन्ने प्रश्न गदा उनले भने विहान ५ बजे उठ्ने गोबर सोत्तर गर्ने र ७ बजेरित चिया, रोटी चिउरा जे छ नास खाइ बारी गएर गोमेल गरिन्छ । सुनकाउलीका पातहरू टिप्ने बोक्रम निकाल्ने काम गरिन्छ भने करिब ११ बजेतिर विहानको खाना खाइन्छ । बिहान र दिउसो दुई पटक नास्ता र विहान र साझ खाना खाइन्छ । पहिला जस्तो खट्न पर्ने काम छैन । विस्तारै गर्दा हुन्छ । बाँदर, दुम्सी जस्ता कुराको समस्या छैन । कोदो मकै लगाउँदा त्यसको समस्या हुन्थ्यो तर अहिले त्यस्तो समस्या छैन जीवनयापन सहजनै छ ।

पहिलाको समय र अहिलेको समयमा के भिन्नता पाउनु भएको छ भन्ने प्रश्न गर्दा पहिले बढी दुख कम आम्दानी हुन्थ्यो सुविधा थिएन भने अहिले सुविधाहरू छन् अहिले कम परिश्रमले बढी आम्दानी हुन्छ । पानी झरी पर्दा काम नगरे पनि हुन्छ धेरै भिन्नता छ । घरमा सोलार देखिन्थ्यो, रेडियो बझिरहेको थियो भने हातमा मोवाइल राखेका ऋषि बहादुर घरमा जाँतो ढिकी पनि घरमा राखेका थिए ।

समुदायमा अहिले सक्रिय सहभागि रहेको छ विभिन्न सहकारी, बाटो, पानी विद्युत जस्ता समितिहरूमा हाम्रो सहभागिता रहेको छ । समाजमा हुने भोजभतेरमा पनि अन्य जातिको हो जाने र आउने चलन पनि बढी रहेको छ । जाँड रक्सी कुनै नखाने यी दलित सज्जन देखिन्छन् । घरको छेउमै धारा र अलि तल व्यवस्थित चर्पी पनि त्यहाँ देखिन्छ । सरसफाइको अवस्था पनि राम्रो छ

जातीय विभेदको स वालमा छलफल गर्दा ययस गाउँमा अन्य जाति पनि बस्छन् । तिनीहरूसँग व्यवहार राम्रै छ । हाम्रो घरमा आउने खाने गर्दछन भने तिनीहरूको घरमा गएर खाने बस्ने गरिन्छ भन्ने पाटीको गाउँमा अलि छुवाछुत बढी छ तर पहिले भन्दा त कम रहेको छ । हाम्रो गाउँमा गैरदलित केटीले हाम्रा जातका केटासँग विवाह गरेका छन् । यसले समाजमा रहेको जातीय विभेदको चुनौतिलाई चिरेको हो । जुन राम्रो पक्ष हो । यसले समाजमा नराम्रो प्रभाव छैन । हामी सबै एक हौ जातीय विभेद कुसस्कार र विकृति हो भन्ने कुरा उल्लेख गरेका थिए ।

यस गाउँका कामीहरू धेरै पहिलाकै पेशा छोडेका छन् । कोही विदेश कोही सरकारी जागिर, कोही व्यापार, कोहीले नगदेवाली गर्न लागेका छन् । यसले आर्थिक अवस्था सुधार भएको छ । आर्थिक अवस्था दरो भयो भने अरुले हेप्न सक्दोरहेछन भन्ने कुरा उनले बताएका थिए ।

### ख) भिम बहादुर वि.क. (नाम परिवर्तन) को वैयक्तिक अध्ययन

करिब १७ वर्षदेखि आरन काम गर्दै आएका भिम बहादुर हाल ५१ वर्ष भएको बताए । उनी सानो उमेर हुँदा बुवा वितेको कारण उनले बुवाको पिडो धामेका छन् । उनीसँग ७१ वर्षीय आमासँग उनी बस्छन् । उनका परिवारमा ७ जना सदस्यहरू रहेका छन् । श्रीमति २ छोरा, १ छोरी १ नाति रहेको र जेठी बुहारी कान्छो छोराको बल्ल विवाह भएको र छोरीको पनि विवाह भइसकेको कुरा बताए । बढी समय आरन चालउदै बित्ने उनको देनिकी देख्दा धुलेआउ देखिन्छन् । एउटा सटै र जागेको भेषमा उनी छन् । उनी भन्छन् अहिले एउटा छोटा घरमा कृषि काम गर्छ भन्ने एउटा इन्डिया जाने आउने गर्छ ।

तपाईको अहिले मुख्य पेशा वा काम गर्नुभएको छ भन्ने प्रश्न गर्दा उनले बताए मेरो मुख्य काम आरन चलाउने नै हो । विष्टहरूको इच्छा र आवश्यकताअनुसार हात हतियार बनाउने, अरजाप्ने गर्दछु । उक्त काम गरे वापत विष्टहरू धान, मकै, कोदो, जस्ता अन्नहरू दिन्छन् । कहिलेकाही उनीहरसँग पैसा पनि ऋण लिइन्छ । छोरा बुहारी काम गरेर त्यो लिएका रकमहरू तिर्छन ।

उनका आर्थिक अवस्था के कस्तो छ भन्ने विषयमा अध्ययन गर्दा आम्दानीको स्रोत आफ्नै छोरा बुहारी मेला पर्व गएर केही नगद पनि कमाउछन् । कान्छो छोरोले पनि दशै

दशैमा केही पैसा लिएर आउछ । आम्दानी खर्च बराबर हुन्छ । अब कमाएको नगद रकम कपडा नुन तेल नातिनीको पढाइमा खर्च हुनछ । विष्टहरूले दि एको अन्नले छ सात महिना मात्र खान पुग्छ । त्यसैगरी घर, खेत, बारी पुर्खौली सम्पत्ति के छन् किन्ने बेच्ने काम गर्न सकिएको छैन भन्ने कुरा बताएका थिए ।

त्यसैगरी तपाईको दिनचर्या कसरी बित्छ भन्ने प्रश्न गर्दा विहानै करिब ४/५ बजे तिर उठिन्छ विहानका कामहरू गोबर सोत्तर गर्ने गाई भैसीलाई पानी खुवाउने काम गर्दछन् । यो ठाउँमा काम कहिल्यै सकिदैन । केहि न केही काम हुन्छ । खासगरी महिलाहरू घरको काम, मेलाजाने काम गदछन् भने पुरुषहरू बाहिरका काम गर्छन दिन सामान्य तरिकाले वित्ने कुरा बताए ।

समाचार सुन्न रेडियो प्रयोग गर्ने अन्न कुट्न पिस्न घरको दलानमा जाँतो र गोठमा ढिकी राखेको देखिन्छ भने घरको छेउमा एउटा छाप्रोमा आरन मेसिन राखेको देखिन्छ जुन पुरानौ शैलीको छ ।

त्यसैगरी तपाईको सामाजिक तथा राजनैतिक सहभागिता के कति हुन्छ भन्ने विषयमा अध्ययन गर्दा समाज कुनै श्रमदान कार्यहरूमा सहभागी भइन्छ । सामाीजक कार्यमा पनि सह भागिता भइन्छ । खाने आफ्नै घरमा काम बढी पर्ने भएकाले अलि व्यवस्तता घरका काममै नै समय बित्छ । अब राजनैतिक क्षेत्रमा खासै सहभागिता नभएको कुरा बताए । चुनाव हुँदा भोट हाल्न चाही गइयो । तर त्यसपछि राजनैतिक कुरा के कस्तो छ जानकारी नभएको बताए । गाउँमा जातीय विभेद पनि बढी नै छ । विष्टहरू कहाँ जाँदा हामकी बहिर बसेर खान्छौ, खाएका भाडा आफै सफा गर्दछौँ भोजन भतेरमा पनि विष्टहरू बोलाउछन तर हामी छुट्टै बसेर खाना खान्छौ जातभात अझै पनि समाजमा नघटेको कुरा बताए । उनले भने करिब कामीलाई अलि विभेद गर्न र हुने खाने कामी टाढा वाठालाई भने कसैले केही नभन्ने गरेको देखिन्छ । उनलाई लामा धामी जस्ता अन्धविश्वासमा कतिको विश्वास लाग्छ भन्ने कुरा गर्दा यसमा विश्वास लाग्ने कुरा बताए । खासगरी उनी गाउँ घरमा हुने विभिन्न वैठक तालिममा खासै नजाने र उनलाई नबोलाउने भन्ने कुरा व्यक्त गरेका थिए ।

यसरी ऋषि बहादुर वि.क र भिमबहादुर विकको वैयक्तिक अध्ययन गर्दा उनीहरू बिचमा केही भिन्नता देखिएको छ । ऋषि बहादुरले हाल नयाँ तरिकाले कृषि पेशा गर्दै आएका छन् भने भिम बहादुर आफ्नो पुर्खौली पेशा अगाल्दै आएको देखिन्छ । यसरी हेर्दा ऋषि बहादुरको विचार, दृष्टिकोण अत्यन्त फरक छ । उनी आधुनिक पारका छन् । घर परिवार सरसफाइ पाहुनालाई सत्कार अत्यन्त राम्रो देखियो । उनले छोरा छोरीलाई विभेद नगरी छोरीलाई घरबाट टाढा लगेर प्राविधिक विषय पढएको देखियो । आफ्नो व्यापार र सुनकाउनली पेशालाई अझै विस्तार गर्ने व्यवस्थित गराउने सोचमा रहेको, देशकोसमाजमो बारेमा चिन्ता पनि देखाएका छन् । हेर्दा सफा कामी जस्तो नदेखिने यिनी घर परिवारको व्यवस्थापन अति राम्रो देखिन्थ्यो ।

तर पुर्खोली पेशा गर्दै आएको भिमबहादुरको अवस्था उनको भन्दा फरक छ । उनी देख्दा पनि सफा छैनन घर वरिपरि फोहोर कुखुराको, परेवाको सुली देखिन्थ्यो । सामान्य अवस्था रहेका यिनी केही नयाँ सोच बोकेर अगाडि बढे भने विचार नभएका देखिन्थ्ये । परिवारका सदस्यले पनि नपढेका, पूर्णरूपमा विष्टहरूमा निर्भर रहेको देखिन्थ्यो । सामाीजक र राजनैतिक पक्षमा वा आफ्नो हक धिकारको कुरा कुनै जानकारी नभएको अन्धविश्वासलाई पनि विश्वास गर्ने पाइयो ।

यसरी हेर्दा नयाँ नयाँ पेशाहर गर्दा व्यक्तिहरूलाई व्यक्तिगत, सामाजिक, राजनैकि कुराहरू बढी सिकन पाउन अवसरहरू प्राप्त हुने विचारमा परिवर्तन हुने आर्थिक अवस्थामा सुधार आउने देखिएकोले कामी जातिमा यस क्षेत्रमा पेशा परिवर्तन गर्दा उनको स्तर वा अवस्थामा सुधार आएको देखिन्छ । कुनै पनि समुदायको विकासका लागि आर्थिक पक्षले ठूलो प्रभाव पार्ने कुरा यस दुई व्यक्तिका वैयक्तिक अध्ययनबाट स्पष्ट हुन्छ । दलित भए पनि त्यसको आीर्थक अवस्था सुधार आएमा अन्य जातिले हेर्ने दृष्टिकोण फरक हुँदोरहेछ भन्ने कुरा यस अध्ययनबाट थाहा पाउन सकिन्छ ।

पेशा परिवर्तन गर्दा सिक्ने, देख्ने, घुम्ने अवसरहरू वृद्धि हुँदा व्यक्तिको विचारमा दृष्टिकोण सोचमा पनि आधुनिकता आउँदो रहेछ । हक हित र अधिकारका कुरा सिक्ने अवसरहरू प्रदान हुँदा मानिसको जीवनशैली पनि परिवर्तन देखा पर्ने कुरा यस अध्ययनबाट थाहा पाउन सकिन्छ ।

यसै सन्दर्भमा जानकार व्यक्तिहरूलाई के नयाँ नयाँ पेशागर्न र पुर्खौली पेश ागर्न कामी बीचमा कुनै भिन्नता छ भन्ने प्रश्न गरेको थिए । ती सबै जानकारी व्यक्ति भिन्नता रहेको बताएका थिए । नयाँ नयाँ आधुनिक पेशा गर्ने व्यक्तिको कमाइ नै फरक छ । तिनीहरू समय र परिस्थित अनुसार खान पिन लवाइ खवाइ गर्दछन् । धुम्रपान र मद्यपान गरी हल्ला गाली गलोच गरेको पाइदैन । यिनीहरू आफ्नो हक अधिकारको आवाज उठाउँछन् । दलितको जस्तो व्यवहार देखाउँदैनन तर आरमा बस्ने कामी फोहोरी हुने, फोहोर पानी पिउने, घर वरिपरि पनि सफा नगर्ने, ठाउँअनुसार भेषभूषा नलगाृउने, मागेर खाने शिक्षामा ध्यान नदिने परिवर्तनलाई स्वीकार गर्न नमान्ने गरेको देखिन्छ भन्ने कुरा सबै जानकार व्यक्तिले व्यक्त गरेका थिए ।

उनीहरूको विचारलाई विश्लेषण गर्दा पुर्खौली पेशा छोडी नया पेशा गर्न कामीमा आधुनिकीकरणको प्रभाव परेको देखियो र उनी नयाँ नयाँ सोच, विचार बोकेर हिडेको देखियो । तर आरनमा काम गर्ने व्यक्तिमा बाहिर जान पनि फुर्सद नहुने विष्टको काममा नै व्यस्त हुने हुनाले तिनीहरूका बाह्य वातावरणको प्रभाव परेको देखिएन । उनले जीवनयापनलाई पुरानै शैलीमा चलाएको देखियो ।

# अध्याय-पाँच

# प्राप्ति र निष्कर्ष

यो शोधकर्ताको मुख्य उद्देश्य कामी जातिको पेशामा आएको परिवर्तनका कारण र प्रभाव अध्ययन गर्नु हो । नेपालमा रहेका विभिन्न समुदाय जस्तै कामी समुदायमा पनि आफ्नै किसिमको मौलिक पहिचान रहेको छ । अध्ययन क्षेत्रमा २०७४ साल असोज महिनामा स्थलगत सर्वेक्षण गरी कामी जातिसँग सम्बन्धित विभिन्न तथ्यांक तथा सूचनाहरू संकलन गर्दा प्राथमिक साधन अन्तर्गत अन्तरवार्ता, वैयक्तिक अध्ययन र जानकार व्यक्तिसँगको अन्तरवार्ता र द्वितीय साधन अन्तर्गत गाउँपालका जिल्लामा रहेका अभिलेख, केन्द्रीय तथ्यांक विभागबातट प्रकाशित प्रतिवेदन र बुलेटिन प्रयोग गरिएको थियो । यस अधययनमा कामीजातिको वर्तमान पेशागत अवस्था, पेशा परिवर्तनका कारणाहरू र प्रभाव जस्ता विषयमा केन्द्रित भई अध्ययन गरिएको थियो । उक्त संकलित सूचनाहरूको विश्लेषण र व्याख्याको आधारमा प्राप्त प्राप्ति र निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस रैनादेवी छहरा ७ वल्डेङगढी गाउँमा रहेका कामीहरूमध्ये छनोट गरिएका ४२ घरधुरीको कुल जनसंख्या २१९ रहेको छ । जसमध्ये महिला ११५ र पुरुष १०४ छ भने लैङ्गिक अनुपात ९०.४३ रहेको पाइयो । उक्त ठाउँमा कामी जातिले गर्दै आएको पुर्खौली पेशा परिवर्तन गरी अन्य नयाँ नयाँ पेशामा प्रवेश गरेको देखियो । ९३ प्रतिशत मानिसले पुर्खौली पेशा छोडी अन्य पेशा गरेको पाइयो भने ७ प्रतिशत संख्याले पुर्खौली पेशालाई नै निरन्तरता दिएको देखियो । पेशा परिवर्तन गर्ने मध्ये ६५ प्रतिशतले आधुनिक कृषि, १२ प्रतिशतले विदेश आउने जाने, ९ प्रतिशतले जागिर खाएको र ७ प्रतिशतले व्यापार गरेको पाइयो । उक्त कुल संख्या मध्ये ८८ प्रतिशत मानिस सामान्य साक्षर भएको पाइयो भने १२ प्रतिशत मानिसले एस.एल.सी. उत्तीर्ण गरेको पाइयो ।

पेशा परिवर्तन गरेका मानिसहरूको रोजाइमा बढी कृषि नै देखिएको छ । जसमध्ये १४.८१ प्रतिशत बाखापालन, परम्परागत कृषि १४.८१ प्रतिशत, कुखुरा पालन ७.४१ प्रतिशत, अदुवा र अमरिसो २२.२२ प्रतिशत र सुनकाउली र अमरिसो २२.२२ प्रतिशत र १८.५३ प्रतिशत अदुवा र सुनकाउली कृषि पेशा गरेको पाइयो ।

यस अध्ययनको अर्को महत्वपूर्ण पक्ष हो पेशा परिवर्तनका कारणहर पहिचान गर्नु । यस सन्दर्भमा ५२.३८ प्रतिशत मानिसले नगद आम्दानी वा आर्थिक प्रगति उन्नति गर्न यो पेशा रोजेका बताए । १६.६७ प्रतिशत मानिसले सामाजिक समानता वृद्धि गर्न वा कायम गर्न बताएको पाइयो । त्यसैगरी ९.५२ प्रतिशत मानिसले सामाीजक प्रतिष्ठा कमाउनका लागि यो पेशा छनौट गरेको पाइयोभने शोषणबाट मुक्ति हुन १४.२९ प्रतिशत मानिस पाइयो भने अन्य कारणहरू दिने ७.१४ प्रतिशत मानिसको संख्या पाइयो ।

पेशा परिवर्तन पछि सामाीजक र आर्थिक पक्षमा यसको असर कस्तो रह्यो भन्ने पक्ष यो अध्ययनको अर्को महत्वपूर्ण सवाल रहेको थियो । यस सन्दर्भमा अध्ययन गर्दा एकल परिवारको संख्या ५४.७६ प्रतिशत र आकार ४.८६ प्रतिशत पाइयो भने संयुक्त परिवारको संख्या ४५.२४ प्रतिशत र पारिवारिक आकार ५.६३ रहेको पाइयो । औषत रूपमा पारिवारिक आकार ५.२१ पाइयो । जुन मुलुकको पारिवारिक आकारभन्दा बढी रहेको पाइयो ।

त्यसैगरी ८९ जना बालबालिकामध्ये शत प्रतिशत विद्यालय जाने पाइयो । स्वास्थ्यको स्थिति अध्ययन गर्दा ७८.५६ प्रतिशत मानिसले धाराको पानी २१.४३ प्रतिशत मानिसले कुवा वा खुल्ला पानी पिउने वा प्रयोग गरेको पाइयो । त्यसैगरी ३५.७१ प्रतिशत मानिसले पक्की शौचालय ५० प्रतिशतले कच्ची, र १४.२९ प्रतिशतले शौचालय नभएको तर निर्माण गर्न लागेको कुरा पाइयो । स्वास्थ्यको अर्को सूचक औषधि उपचार कहाँ गर्नुहुन्छ भन्ने थियो । यसमा २८.५७ प्रतिशले सिधै अस्पताल, ५९.४३ प्रतिशतले स्वास्थ्य चौकी, १२ प्रतिशतले धामीझाक्री पछि स्वास्थ्यचौकी, धामीझाक्री मात्र कसैले पनि नगर्ने कुरा प्राप्त भयो । त्यसैगरी आरनमा बस्ने १०० प्रतिशत मानिस धुम्रपान र मद्यपान गर्ने पाइयो भने जागिर गर्ने व्यक्तिले धुम्रपान मद्यपान नगर्ने गरेको पाइयो ।

यस अध्ययनमा ४ जोडी केटा र केटीले अन्तरजातीय विवाह गरेका पाइयो । छोराको संख्या छोरीको संख्याबढी देखिएको छ । विद्यालयमा जातीय विभेद धेरै कम भएको कुरा त्यस क्षेत्रको विद्यालयका प्र.अले भनेका थिए । यसबाट पनि जातीय विभेद कम हुदै गएको कुरा प्राप्त भयो ।

आर्थिक पक्षमा देखिएको परिवर्तनको कुरा गर्दा सबैभन्दा बढी विदेश जाने व्यक्तिको आम्दानी पाइयो । त्यसपछि क्रमश व्यवसाय, जागिर र कृषि गर्नेको पाइयो । मुख्य कुरा त

आरनमा काम गर्नेको नगद आम्दानी नहुने कुरा पाइयो । यो पेशा परिवर्तन पश्चात केही व्यक्तिहरूले सम्पत्ति पनि जोडेको देखियो ७३.८१ प्रतिशले घर बनाएको पाइयो । २१.४३ प्रतिशतले खेत किनेको, ४०.४८ प्रतिशतले बारी र खरबारी किनेको, तराइमा जग्गा १४.२६ प्रतिशतले किनेको गरगहना ५० प्रतिशतले किनेको पाइयो ।

त्यसैगरी ३३.३३ प्रतिशत मानिसलाई ९-१२ महिना खान पुग्ने पाइयो । ६-९ महिना पुग्ने ४०.४८ प्रतिशत, ३ महिना ६ महिना १६.६७ प्रतिशत र १-३ महिना सम्म ९.५२ प्रतिशत मानिसको संख्या रहेको पाइयो । पेशा परिवर्तन पश्चात आर्थिक उन्नति हुँदा विलासितामा सामानको आवश्यकता वृद्धि भएको वा प्रयोग गरेको पाइयो । ९७.६२ प्रतिशत मानिसमा मोवाइल भएको पाइयो । त्यसैगरी रेडियो ७३.८१ प्रतिशत, टि.भी. १४.२८ प्रतिशत, सोलार २१.४३ प्रतिशत प्रयोग गरेको पाइयो । परम्परागत पेशा गर्ने कामी र पेशा परिवर्तन गर्ने कामी बिचमा वैयक्तिक अध्ययन गर्दा भिन्नता पाइयो । परम्परागत पेशागर्ने कामीले स्वास्थ्य, सरसफाई, शिक्षामा लगानी नगरेको, आफ्नो हक अधिकाप्रति सचेत नरहेको सामाजिक तथा राजनीतिक कार्यमा कम सहभागी भएको, आर्थिक पक्षमा पनि सुधार नभएको पाइयो भने पेशा परिवर्तन गर्ने कामीमा स्वास्थ्य, शिक्षा, आम्दानी, हक अधिकार, सोच विचार जस्ता कुराहरूमा सकारात्मक परिवर्तन भएको पाइयो ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययन पाल्पा जिल्ला रैनादेवी छहरा गाउँपालिका ७ वल्डेङगढीका कामी जातिको पेशामा आएको परिवर्तनको कारण र प्रभाव विषयमा अध्ययन गरिएको थियो । उक्त गाउँका ६४ घरधुरी मध्ये ४२ वटा घरधुरीलाई छनौट गरी अध्ययन गरिएको थियो । यस अध्ययन तथा अनुसन्धानको क्रममा प्राप्त सूचनाहरूको विश्लेषण र व्याख्या पश्चात प्राप्त प्राप्तिहरूको आधारमा निम्नानुसार निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस क्षेत्रका कामी जाति पुर्खौली पेशाहरू छोडी नयाँ नयाँ पेशामा प्रवेश गरेको देखिन्छ । समाजमा रहेको गरिबी, जातीय विभेद, सामाजिक अन्याय, अशिक्षाबाट उन्मुक्ति हुन यिनले विभिन्न प्रयास र अभ्यास गरेपछि लामो समय पछि यिनीहरू पुरानो पेशा छोडी नयाँ नयाँ पेशमा आकर्षित भएको पाइयो । कामी जातिको उक्त पुस्ताहरू शिक्षा सम्पत्तिको जातीय विभेदले पछि परेको कुरा पाउन सकिन्छ । देखासिकी, तालिम, सहर जस्ता कुराले

उनीहरू नयाँ नयाँ पेशामा कामी जातिले पेशा परिवर्तन गर्नुका मुख्य कारणहर आर्थिक प्रगतित उन्नति गर्न, सामाजिक प्रतिष्ठा कमाउन जातीय विभेदबाट मुक्ति हुन, सामाजिक अन्यालाई हटाउन पेशा परिवर्तन गरेको पाइयो ।

परिवर्तन गरेको पेशामा कृषि नै पेशा बढी रोजाइको पेशा देखियो । परिवर्तन खासगरी विकास र उन्नति प्रगति गर्नका लागि गरिने भएकोले उनीहरूको वर्तमन पेशाले सामाजिक, शैक्षिक, आर्थिक मूल्यमान्यता जस्ता कुरामा व्यवस्थित र आधुनिक परिवर्तन ल्याएको देखियो । मानवीय विकास गर्न धेरै पक्षहरू मध्ये आर्थिक पक्ष महत्वपूर्ण रहेको देखियो । जब उनीहरूले आधुनिक नगदे आम्दानीमूलक पेशागर्न लाग्ने त्यसले आीर्थक उन्नति हुन थाल्यो । विलासिताका सामग्रीहरू प्रयोग गर्न थाले । स्वास्थ्य, सरसफाइ, हक अधिकार, कर्तव्य प्रति सचेत जस्ता कुरामा सकारात्मक परिवर्तन भएको देखियो ।

यस अध्ययन गर्दा प्रयोग गरिएको आधुनिककरणको सिद्धान्त मिल्न गएको छ । जब कामी जातिहरू अन्य जातिबाट शोषित पिडित भएर बस्नु पर्ने, बाच्नु पर्ने उनिहरूको इच्छा पुरा गरिदिए मात्र हात मुख जोर्नु पर्ने अवस्था थियो । त्यसबाट उम्मुक्ति पाउन कामी जातिले वैकल्पिक उपायको खोजीमा आफ्ना परम्परागत अव्यवस्थित पेशालाई परिवर्तन नयाँ आम्दानीमूलक आर्थिक उन्नती प्रगति हुने किसिमका पेशा छनोट गर्न लागे र आधुनिक समय अनुसार जीवनयापन गर्न लागे यो एउटा आधुनिक बाटो मर्म अनुरूप भएको देखिन्छ । समाजमा विज्ञान र प्रविधि, संचार यातायातका साधनको सुविधा वृद्धि भए सँगै उनीहरूको यस्ता पेशामा प्रवेश गर्न सहज भएको देखियो ।

यस सन्दर्भमा कामी जातिमा विभिन्न तरिकाले आधुनिकताको प्रभावले जीवनलाई सहज र स्तरीय तरिकाले संचालन गर्ने विभिन्न उपाय अपनाएको पाइन्छ । आफ्नो जग्गाको उर्वरा क्षमता अनुसार अन्य जातिको देखासिकी गरेर उनलाई पेशा परिवर्तन गरेका छन् । पेशा परिवर्तन गर्दा आर्थिक स्थितिमा सुधार भएको देखियो । पहिलाको पेशा छोडी अहिलेको पेशामा प्रवेश गर्दा उनीहरूको जीवनमा आमूल परिवर्तन त आएको छैन तर पहिलाको पुर्खौली अव्यवस्थित पेशाभन्दा नयाँ पेशा अँगाल्दा त्यसबाट प्राप्त हुने आम्दानीको वर्तमान स्थितिलाई हेर्दा र तिनीहरूको प्रगतिको दिशा हेर्दा र त्यसलाई निरन्तरता दिएमा भविष्यमा त्यो पेशाले उनीहरूको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक पक्षमा सुधार ल्याउने कुरामा विश्वास गर्न सकिन्छ । पेशा परिवर्तन पछि तिनीहरूको सोचाइ र व्यवहार परिवर्तन देख्दा उनीहरूको जीवन स्तरमा गुणस्तर वृद्धि हुने कुरा निष्कर्ष निकाल्न सकिन्छ ।

## सन्दर्भ सूची


आहुति (२०६७),*नेपालमा बर्ण व्यवस्था र बर्ग सङ्घर्ष* ,पुलचोक ललितपुर,समता फाउण्डेसन

कानुन किताव व्यवस्था समिति (२०२०), मुलुकी ऐन २०२०, काठमाडौँ,।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), राष्ट्रिय जनगणना २०६८, *जनगणना पकेटिङ्ग वुक,* काठमाडौँ ।

चौधौ योजना २०७३ ,सिहदरबार काठमाडौ, राष्ट्रिय योजना आयोग

जनसुविधा प्रकाशन (२०४७), नेपाल अधिराज्यको संविधान, २०४७, काठमाडौँ ।

पन्थी, टेकराज (२०६०), *अर्घाखाँची जिल्ला छत्रगन्ज गा.वि.स ७ र ८ का कामी जातिको आर्थिक,र सामाजिक पक्षको अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौँ ।

पराजुली,धिरेन्द्र*(१९९५), विश्वकर्मा जातिको सामाजिक सास्कृतिक परिवर्तनको एक अध्ययन,* अप्रकाशित शोधपत्र त्रि वि कीर्तिपुर, काठ्मान्डौ ।

पाण्डे, भिमार्जुन, *पाल्पा दर्पण, सम्पादन, जिल्ला विकास समिति, पाल्पा, चौमासिक विकास पत्रिका (वर्ष ९, अंक, २ पूर्णाङ्क, ७) २०७१ मंसिर ।*

बराल, बासु (२०४४), *हिन्दु सामाजिक संगठनको प्रारूप,* काठमाडौँः साभ्रा प्रकाशन ।

बिष्ट,डोरबहादुर (२०५५), *सबै जातको फूलबारी,* काठ्माण्डौ, साभ्रा प्रकाशन

बौद्धिक दर्पण (२०६५), नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौं ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०६९), नेपाली बृहत शब्दकोश ।

मिश्र, चैतन्य, *बदलिदो नेपाली समाज,* काठ्मान्डौ, फाइन प्रिन्ट ।

राष्ट्रिय दलित आयोग (२०७२), बार्षिक प्रतिवेदन (२०७२/७३), ललितपुर ।

राष्ट्रिय सूचना मञ्च (२०७२), नेपालको संविधान २०७२, काठमाडौं ।

AMECICAN PSYCHOLOGICAL ASSOCIATION (2009),Publication manual(6th.ed.),Washington DC:Auther.

Bista, D.B. *Sabbai Jaat Ko Fulbari*. 7th Ed. Kathmandu: Sajha Publication, 2055.

Caplan, L.(1970), *Land and social change in east nepal: a study of hindu tribal relations*, Kathmandu: Himal Books Center,

Central Bureau of Statistics (2011), *National population andhousing Census(Cast/Ethinicity & Language),*Kathmandu, Nepal

Deb, Bahadur, Chhetri (2010*), Changing occupational patterns among the bishowkaema: a case study of Hemja VDC;* HimalayanJournal of Sociology & Anthropology, vol.IV.

Eisenstadt, S.N.(1974), *'Studies of modernization and sociological theory,'history and theory*,13(3),pp.225-252.

Feminist Dalit Organization (2017), *SDGS and issues of dalit and dalit women* ,FEDO Publication.

Kiyosaki,Robert T (2011*), Rich dad poor dad*, Plata Publishing LLC ,USA.

Koirala, Bidya Nath (1996), *Schooling and the dalit of nepali: a case study of bungkot dalit community*,1996,Phd Thesis,Edmonton Alberta.

Kumar, Rangit (2014), *Rearch methodology*,New Dilhi,SAGE Publicaton ,India

Meghi, Usha Kiran (2008), *Gender discrimination in dalit community: a case study of sarki community ; Katunje VDC,Bhaktapur*, SIRF Secretariat, SNV Lalitpur Nepal.

National & District Profile of Nepal (2016/17),Mega publication & rearch centre, Kathmandu Nepal.

Portes,Alejandro (1973),'Modernity *and development: a critique; studies in comparative international development*, 8(3),pp.243-279.

Rostow, W. W. (1961). *The stage of economic growth (New York. 1961) : The emering nations : Their growth and United States policy.ed*. Donold Blackmer and Max Millikan, Bostan, 1961.

Sharma, Khagendra. "*A modest study of current socio-economic situation of lowest /status caste and tribal groups in nepal."* a report submitted to the save the children, USA, 1994.

Sharma, Prayag Raj (1982), *Nepali culture and society, a historical perspppectives*, CNAS.

Sharma,Prayag Raj,(1977),*Caste social mobility and sankritization:a study ofnepal's old legal code*,Kailash Magazine ,Vol.4,P278-299 .

Statistical Book Year Nepal(2015),Ramshahpath Kathmandu, Central Bureau of Statististics.

Village Development Committee & Demography;Profile of Nepal (2013), Mega Publication & Rearch Centre, Kathmandu Nepal.

www.academia.edu. *Poverty of dalit community of in nepal caused by caste based discrimination(analytical approach an eastern philosophy*),by Nanda Lal Darnal Teaching Assistant TU ,Jharana Campus ,Terhathum.

www.britannica.com. *Social cange in sociology*,written by Willam Form, Nico Wilterdink.

www.your Article library.com,by puja mondal, *essay on modernism: meaning theory and characterstics of modernization.*

# अनुसूची १

## अन्तरबार्ता

उत्तरदाताको नाम :　　　　　　　　　　　　लिङ्ग:

हालको पेशा :　　　　　　　　　　　　शिक्षाको स्तर :साक्षर/निरक्षर

धर्म:　　　　　　　　　　　　तह :

उमेर :

**(क)　जनसङख्यात्मक अबस्था**

| क.स. | परिवारको सदस्यको नाम | लिङग | उमेर | पेशा | बैबाहिक अबस्था | शैक्षिक अबस्था | कैफि. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

**(ख)　पेशागत अबस्था**

१.　तपाईले अहिले मुख्यरूपमा कुन पेशा/काम गर्दै आउनुभएको छ ?

(क) हतियार अरजाप्ने (ख) कृषि (ग) जागिर (घ) विदेश (ङ) अन्य

२.　यो भन्दा पहिले कुनै फरक पेशा गर्नुहुन्थ्यो ? के गर्नहुन्थ्यो ?

३.　तपाईको पुर्खौली पेशा कुनलाई मान्नुहुन्छ ?

(क) हतियार अरजाप्ने　　(ख) कृषि

(ग) जागिर　　(घ) विदेश　　(ङ) अन्य

४.　तपाइको अघिल्लो पुस्ताले के पेसा/काम गर्दथे ?

५. तपाईले पहिलाको पेशा/काम (परम्परागत) किन छोड्नु भयो ? छोड्नुका कारणहरू के के होलान ?

(क) नगद आम्दानी गर्न ख) सामाजिक प्रतिष्ठा

(ग) जातीय समानता (घ) शोषणबाट मुक्ति

ङ) अन्य

६. पेसा त अरु पनि छन् तर यहि ने किन रोज्नुभयो ?

(क) आम्दानी बढी हुने (ख) सम्मान पाइने

(ग) दुबै (घ) अन्य

७ सबैभन्दा पहिले यस्तो पेशा गर्नुपर्छ भन्ने कुरा कहांबाट सिक्नुभयो ?

(क) शहर (ख) छिमेकी गााउं (ग) तालिम (घ) बिदेश

८. तपाईहरूका परम्परागत पेशा र अहिले गरिएका पेशा बीचको आम्दानीमा के कस्तो फरक पाउनु भएको छ ?

९ यो पेशा गर्न विज्ञान प्रविधिले सहयोग गरेको छ, छैन ,कसरी ?

१० सबभन्दा पहिले यो पेशा गर्नु पर्छ भन्ने कुरा कहांबाट सिक्नुभयो ?

(क) शहर (ख) बिदेस (ग) अन्य

११ तपाईलाई यस्ता पेशाहरू गर्न (आम्दानीमूलक) कहाँबाट प्रोत्साहित वा प्रभावित हुनुभयो ?

(क) क्षेत्री बाहुनको देखेर (ख) बाध्यता

(ग) कुनै सस्थाको सहयोग (घ) अन्य

१२ . यो पेसा गर्नका लागी पहिला कुनै तालिम लिनुभएको छ , कहाबाट लिनुभएको छ ?

(क) छ (ख) छैन (ग) छ भने कस्तो कति दिने

(१–५ ६-१० ११–१५ १५ भन्दा माथि)

१३. तपाइले उत्पादन गरेका बस्तु, सामान बिक्रि गर्नुहुन्छ ? के के र कहां लगेर गर्नहुन्छ?

१४. तपाईको यस गाउँमा तपाईको जातिले बढी रूपमा कुन पेशा गर्दै आएका छन् ?

१५. पहिलाको र अहिलेको पेशा गर्दा कुनमा बढी सम्मान पाउनु भएको छ ?

**(ग) पेशा परिवर्तन पछि आर्थिक अबस्था**

१. तपाईले अहिले गरेको काम वा पेशाले आर्थिक पक्षमा कतिको सहयोग भएको छ ?

२. तपाईले हाल गरिरहेको पेसाले मात्र कति महिना खान पुग्छ ?

(क) तीन (ख) छ (ग) नौं (घ) बाह्र (ङ) अन्य

३. तपाईको यो पेशा बाहेक अन्य आम्दानीका स्रोतहरू के के छन् ?

४. तपाइको परीवारका कुनै सदस्य विदेश गएका छन् ?

(क) छन् ,कहां (ख) छैनन

५. तपाईको नगद आम्दानीलाई बचत गर्नु भएको छ ,केमा ?

(क) बैंक (ख) शहकारी

६. यो पेशाको आम्दानी अन्य कुन कुन ठांउमा लगानी गर्नु भएको छ ?

७. यो पेशा अँगाल्दा तपाईलाई अन्य जातिका (बाहुन, क्षेत्री) वा गैरदलित समुदायका जातिले के कस्तो व्यवहार देखाउँछन् ?

८. तपाईको हालको पेशा गर्दा शिक्षामा कतिको लगानी गर्नुभएको छ, यस पेशाले कस्तो सहयोग गरेको छ ?

१०. यो पेशा गर्न लागेदेखी तपाइले के के सम्पति जोड्नु भयो ?

(क) घर (ख) खेत (ग) बारी (घ) जग्गा (ङ) गरगहना

११. तपाईको घरमा अन्य बिलासिताका सामानहरू के के छन् ?

(क) मोटरबाइक ( ख) रेडियो/क्यासेट (ग) टीभी (घ) मोबाइल (ङ) अन्य

१२. अन्य जातिहरू तपाइसंग ऋण माग्न आउछन ?

१३. यो पेशाले तपाइको आर्थिक अबस्था सुधार भएको हो ,कसरी ?

**(घ) पेशा परिवर्तन पछि सामाजिक अबस्था**

१. तपाईलाई जातीय विभेद भएको कतिको अनुभव गर्नुभएको छ , कसरी ?

२. जातीय विभेद सम्बन्धमा तपाईलाई कस्तो लाग्छ ?

३ अहिलेको कामी र पहिलेको कामीहरूबीच के कस्तो भिन्नता देख्नुहुन्छ ?

४. तपाई बाहुन क्षेत्रीसँगसगै बस्ने खाने गर्नुहुन्छ ? कस्तो अनुभब हुन्छ ?

५. गाउँका गैरदलितका होटेलमा नास्ता खाना खादा कस्तो व्यवहार पाउनुहुन्छ ? (होटेल भित्र जानुहुन्छ , आफ्ना खाएका भाडा माझ्नुहुन्छ)

६. तपाई मन्दिरमा जादा मन्दिर भित्र गएर पुजा गर्न पाउनुहुन्छ ? यस अवस्थामा अन्य जातिले केही त भन्दैनन् ?

७. अन्तरजातीय विवाह तपाईको गाउँमा भएको छ ? यस्तो कार्यलाई तपाई कस्तो रूपमा लिनुहुन्छ ?

८. अन्तरजातीय विवाह कार्यगर्दा तपाईको गाउमा के कस्तो अप्ठेरो भएको पाउनु भएको छ ?

९. भनिन्छ, विगतको दश वर्षे जनयुद्ध र २०६२/०६३ को जनआन्दोलनले जातीय विभेदलाई कम गरेको र यो भनाई तपाईलाई कस्तो लाग्छ ? यो भनाइ प्रति तपाईलाई कस्तो महसुस भएको छ ?

(क) छ (ख) छैन (ग) छ भने कस्तो ?

१०. तपाइका बालबच्चा विद्यालय जादांअन्य जातिले कामि दलित भनि हेपेको गुनासो सुनाउछन् ?

(क) छ (ख) छैन (ग) छ भने कस्तो ?

११. तपाइको परिवारमा कुनै सदस्य विरामि हुदा सबैभन्दा पहिले कहां लैजानछन् ?

(क) लामा/धामि (ख) स्वास्थ्य चौकी (ग) अस्पताल

१२. तपाईको घरमा चर्पी छ ? कस्तो छ ?

(क) पक्की (ख) कच्ची

१३. तपाई धुम्रपान मद्यपान सेवन गर्नेबानि छ ?

क) छ ख) छैन

१४ तपाईले पिउने पानी कहांको प्रयोग गर्नुहुन्छ ?

(क) धारा (ख) कुवा (ग) खोला

१५ तपाईको समुदायका महिला र पुरुष बीचमा के कस्तो विभेद रहेको छ ? समान छ ? समान छ भने कुन कुन कुरामा, छैन भने के मा छैन ?

१६. तपाईको जातिको यस स्थानीय तहको चुनावमा गाउँपालिकामा कति राजनैतिक सहभागिता भएको छ ? पहिला भन्दा के फरक छ ? पेशा परितर्वन पछि के भिन्नता रहेको छ ?

१७. तपाईलाई तपाईको व्यक्तिगत/ परिवारको विकास गर्न कुन कुन पक्षबाट बाधा पुगेको महसुस गर्नुभएको छ ?

१८ तपाईको यस पेशालाई अझै विकास गर्न के के गर्नु पर्ला ?

१९. तपाईको जातिलाई कुन कुन निकायले सहयोग गरे बढी विकास हुन्छ ?

२०. तपाईलाई संविधान, नीति, नियम, कानुनले दिएको हक, अधिकार सबै प्राप्त गरेको महसुस गर्नु भएको छ ? कसरी ?

२१ अन्त्यमा तपाइले यो पेसा गर्न लागेदेखि के के कुरामा सकारात्मक प्रभाव परेका छ? निचोडमा बताइदिनुन ।

## अनुसूची २

## वैयत्तिक अध्ययन

नाम : लिङग :

ठेगाना : धर्म :

पेशा : उमेर :

**वैयत्तिक अध्ययनका सूचकहरू/आधारहरू**

| क.स. | प्रमुखसूचकहरू/आधारहरू | सहायक सूचकहरू : | कैफिं |
|---|---|---|---|
| १ | पारिवारिक अवस्था | परिवारका सदस्यहरूको – नाम,लिङग,उमेर,शैक्षिकयोग्यता,पेशाै,वैवाहिक अबस्था | |
| २ | पेशागत अवस्था | पहिलेको /पुर्खौली पेसा, अहिलेको मुख्य पेसा, पेसा परिवर्तनका कारणहरू, पहिलेको र अहिलेको पेसामा फरक, | |
| ३ | आर्थिक अवस्था | आम्दानीको स्रोत, कति आम्दानी, कति खर्च, बचत, कुन कुन क्षेत्रमा लगानी, कमाइले खान पुगछकी, पुग्दैन, खाद्यन्न के के किन्नुहुन्छ,, सम्पत्ति ( जग्गा, गरगहना, बस्तुभाउ, घर/गोठ, सवारी साधन, मेसिनरी सामान )। | |
| ४ | दिनचर्या | बिहान उठ्ने समय, योग /ब्यायम, दिनमा कुनकुन काम कुन समयमा, खाना नास्ताको समय, काम कति बजेदेखि कति बजे सठज्ञ मगर्नहुन्छ ?, खाना पकाउदा प्रयोग गरिने इनधन, सुत्ने समय, पुरुष र महिलामा कामको भूमिका, पहिलेको र अहिलेको पेसा गर्दा दिनचर्यामा फरक। | |
| ५ | विज्ञान र प्रविधिको प्रयोग | समाचारको रूपमा कुनकुन साधनको प्रयोग, अन्न कुट्ने पिस्ने केले गर्नहुन्छ ?, आारन छ, छैन् ?,सञ्चारको साधनको रूपमा, | |

| | | | |
|---|---|---|---|
| ६ | सामाजिक, राजनैतिक अवस्था | सामाजिक सहभागिता, राजनैतिक सहभागिता, जातीय बिभेद, लैङगीक विभेद, गैरदलितसंग सम्बन्ध, मेला पर्बमा अन्य जातिलाई निम्तो दिने /पाउने, बिरामि उपचार विधि (लामा धामि, अस्पताल | |

## अनुसूची ३

# जानाकार ब्यक्तिसंग अन्तरवार्ता

नाम : पेशा :

पद/संलग्नता : उमेर :

(क) **पेशागत अबस्था**

१. तपाईको विचारमा पेशा भनेको के होला ?

२. तपाईको गाउंमा कामी जातिले पहिलेको वा परम्परागत पेशा छोडी अहिले अन्य विभिन्न नगदे पेशा गरेको देखिन्छ, यस विषयमा तपाइलाई के लाग्छ ?

३. पुरानो पेशा कामीले किन छोडेका होलान् ?

४ कामी जातिले अहिले कुन पेशा बढी गरेको देखिन्छ ?

५ परम्परागत पेशागर्ने कामी र नयां नयां पेशागर्ने कामी जातिमा के के भिन्नता पाउनुभएको छ ?

६. तपाईले /यस ठांउका मानिसहरूले हतियार वा फलामका ज्वावलहरू अरजापन कहां लैजान्छन ? तिनिहरूले सामाग्री अरजापे बापत के लिन्छन्?

७. कामिहरू कुन समयदेखि यस्ता पेशामा लाग्ने लहर चल्यो, थाहा छ ?

८. केको प्रभावले कामिहरू नयां पेशाहरू गर्न प्रभावित भए जस्तो लाग्छ ?

९. यसरी कामि जातिले पुर्खौली काम छोड्दा अन्य जातिलाई के के समस्या परेको देख्नुहुन्छ ?

१०. अहिले कामि समुदायको घरघरमा चर्पी छ त ?

११. तिनिहरूको सरसफाइको अवस्था अहिले कस्तो ? सुधार छ, कसरी ?

**सामाजिक आर्थिक अबस्था/प्रभाब सम्बन्धि**

१२. पेशा परिवर्तन गरेका कामीको आर्थिक अवस्था कस्तो छ, के पहिलेको भन्दा सुध्रिएका छ ?

१३. पहिलाको भन्दा अहिलेको कामीहरूको शैक्षिक अवस्थामा के के सुधार आएको छ ?

१४. समाजमा कामीहरू प्रति गरिने जातीय विभेद के कस्तो छ ? यसमा परिवर्तन आएकोछ ?

१५. अहिले सामाजिक हैसियत वृद्धि भएको छ ? क्षेत्री बाहुनहरूको ब्यवहार तिनीहरूप्रति कस्तो देखिन्छ ?

१६. तपाई कामी/अन्य जातिसंग बस्ने खाने, भोजभतेरमा सहभागी हुनुभएको छ ? यसो गर्दा कस्तो अनुभव हुन्छ ?

१७. के कामी जातिको पेशा परिवर्तनले सामाजिक पक्षमा परिवर्तन आएकोछ ? कसरी

१८. कामी जातिको पेशा परिवर्तनल आर्थिक पक्षमा के के परिवर्तन आएको देख्नुहुन्छ ?

१९. के तिनिहरूको आर्थिक विकास भएर राजनैतिक क्षेत्रमा परिवर्तन आएको हो , कसरी ? वर्तमान समयमा उनीहरूको सामाजिक, राजनीतिक पहुँचमा वृद्धि भएको छ ? कसरी ?

२०. जातीय विभेदका शन्दर्भमा तपाइलाई कस्तो लाग्छ ? यसमा तपाइको विचार यो ठीक छ ?

२१. कामि समुदायमा पुरुष र महिलाको विचमा गरिने ब्यबहारमा के कस्तो समानता र असमानता देख्नुहुन्छ ?

२२. अन्तरजातीय विबाह यस गांउमा भएको छ ? यसलाई समाजले कसरी लिएकोछ ?

२३. यस गांउमा कुनै जातीय विभेद सम्बन्धि कुनै घटनाहरू भएका छन् ? छन भने के के भएका छन् ?

२४. जातीय विभेदलाई हटाउन के के गर्नुपर्ला ?

२५. विगतका एतिहासिक राजनैतिक आन्दोलन र परिवर्तनले यिनिहरूको अबस्थामा सुधार आएको छ ? छ भने के केमा आएको छ ?

२६. राजनैतिक क्षेत्रमा यस जातिको सहभागिता के कसरी भएको छ ?

२७. यिनिहरूको अबस्था सुधार गर्न यस क्षेत्रमा के कस्ता कार्यक्रम सञ्चालनमा छन् ?

२८. यो समुदायलाई अझै विकास र परिर्वतन गर्न के के कार्यक्रम गर्नु पर्ला ?

२९. कामि जातिको पेशा परिवर्तनले तीनिहरूको जीवन स्तरमा सुधार आएको हो ?

३०. अन्त्यमा यो जातिको पेशा पविर्तनले समाजमा के कस्तो प्रभाव परेको छ ?